# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

## दशौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने

# राजनीतिक प्रतिवेदन

प्रिय कमरेडहरू,

हामीले विद्रोह गरेर नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण अभियान सञ्चालन गरिरहेका छौँ । उक्त अभियान अन्तर्गत नै अहिले हामी देशका विभिन्न भाग र प्रबासबाट समेत यस राष्ट्रिय महाधिवेशनमा उपस्थित भएका छौं । हाम्रा विगतका काम र अनुभवहरूको समीक्षा एवम् वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै पार्टीले लिनुपर्ने दिशा र नीतिहरूका सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल्ने उद्देश्यले हामी यहाँ उपस्थित भएका छौं । यस अवसरमा म सर्वप्रथम पार्टी केन्द्रीय कमिटीको तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत अभिवादन गर्दछु । साथै, समस्त ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, मुलुकका प्रथम कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी, जननेता कमरेड मदन भण्डारीलगायत सबै अग्रज नेताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । हामीले सञ्चालन गरेको पार्टी पुनर्गठन एवम् रूपान्तरण अभियानमा सक्रिय रूपमा सहभागी भई योगदान गर्नुहुने पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्ता र समर्थक शुभेच्छुकहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

### १. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति

वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति जटिल र तनावपूर्ण बन्दै गइरहेको छ । तथापि समाजवादी तथा स्वाधिन राष्ट्रहरूले आफ्नो आर्थिक एवं सुरक्षा हैसियत क्रमिक रूपमा बढाउँदै लगेका छन् । विश्व शक्ति सन्तुलनमा परिवर्तन आउन थालेको छ । विश्व बहुध्रुवीय दिशातर्फ अगाडि बढ्दैछ । केही पश्चिमी शक्ति राष्ट्रहरू र उनीहरूको गठबन्धनमा रहेका मुलुकहरूको आर्थिक तथा सामरिक प्रभुत्व धर्मराउन थालेको छ । उनीहरू गुम्न लागेको वर्चस्व र प्रभुत्वलाई जोगाउन नयाँ रणनीतिका साथ अघिबढ्ने प्रयत्न गर्दैछन् र आर्थिक, सामरिक, सुरक्षा र कूटनीतिक प्रयास जारी राखेका छन् । सैन्य गठबन्धन र रणनीतिक साझेदारीको नीतिलाई उच्च महत्वका साथ अगाडि बढाइरहेका छन् । समाजवादी र स्वाधिन राष्ट्रहरू आफ्नो प्रभाव बढाउन भूमण्डलीकरण र नवउदारवादको नीति कठोरताका साथ अवलम्बन गरिरहेका छन् । विश्व अर्थ व्यवस्थामा वित्तीय पूँजीवादको प्रभुत्व बढाउन खोजिरहेका छन् । उत्पादन र वितरण प्रणालीमा पूँजीपति बर्गको एकाधिकार कायम राख्न प्रयत्नशील छन् । विश्वको प्राकृतिक स्रोत र मानवीय श्रममाथि निर्ममतापूर्वक शोषण गरिरहेका छन् । विकसित विज्ञान प्रविधिलाई समेत आफु अनुकुल प्रयोग गर्न लागिपरेका छन् । विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, युरोपियन इन्भेस्टमेन्ट बैंक आदि अन्तराष्ट्रिय वित्तीय संस्थाहरूले वित्तीय पूँजीवाद तथा नव उदारवादी रणनीतिलाई सहयोग पुऱ्याएका छन् । विश्व व्यापार सङ्गठनलाई पनि भूमण्डलीय उदारवादको नीति अनुरूप लैजान प्रयत्नशील छ । तसर्थ साम्राज्यवादी मुलुकसँग समाजवादी तथा स्वाधिन राष्ट्रहरूको अन्तर्विरोध तीव्र बन्दै गइरहेको छ । साथै एकाधिकार पूँजीपति वर्गसँगको श्रमजीवी जनताको अन्तर्विरोध पनि अत्यन्त गहिरो बन्दै गएको छ ।

पूँजीपति वर्गको चर्को शोषणले गर्दा विश्वभरकै श्रमजीवी जनता आक्रान्त छन् । गरिबी, भोकमरी र बेरोजगारीको समस्या विकराल छ । शिक्षा, स्वास्थ्य, आवासजस्ता न्यूनतम मानवीय आवश्यकताबाट ठुलो सङ्ख्यामा मानव समुदाय वञ्चित छ । OXFAM Report 2021 अनुसार हरेक मिनेट ११ जना भोकमरीबाट मृत्युको मुखमा पुगिरहेका छन् । UNICEF का अनुसार विश्वका ८१ करोड बालबालिका कुपोषणबाट ग्रसित छन् । विश्वको २ अर्ब ३७ करोड मानिसले आवश्यक मात्रामा आहार प्राप्त गर्न सकेका छैनन् । अति विपन्न वर्गको जनसंख्या विश्वमा ७४ करोड छ । ५.६ प्रतिशत श्रमशक्ति विश्वव्यापी रूपमा बेरोजगार छन् । world inequality report 2022 का अनुसार १० प्रतिशत धनी व्यक्तिसँग ७६ प्रतिशत सम्पत्ति थुप्रिएको छ । ५० प्रतिशत तल्ला तहको जनसंख्यासँग केवल २ प्रतिशत सम्पति रहेको छ ।

श्रमजीवी बर्गमाथि पूँजीपति वर्गबाट भइरहेको शोषण, प्रतिकृयावादी सत्ताले गरेका दमन, आर्थिक सामाजिक विभेद, गरिबी र बेरोजगारी आदिले गर्दा पूँजीवादी मुलुकहरूमा ठूला ठूला आन्दोलन र सङ्घर्षहरू भैरहेका छन् । अमेरिका, फ्रान्स, बेलायत, जर्मनी, पोल्याण्ड, इटाली, ग्रिस, बेल्जियम आदि मुलुकमा लाखौ जनताले एकाधिकार पूँजीपति बर्ग र

उनीहरूको संरक्षण गर्ने सरकार विरुद्ध सत्ता नै हल्लाउने गरी ठूला ठूला सङ्घर्षहरूको आयोजना गरिरहेका छन् । हालै भारतमा भएको किसान आन्दोलनले नयाँ इतिहास रचेको छ । देशव्यापी रूपमा करोडौँको सङ्ख्यामा आन्दोलनमा उत्रिएका किसानहरूले मोदी सरकारको विरुद्धमा धावा बोलेका छन् । यस्तै प्रकारका सङ्घर्षहरू बंगलादेश, श्रीलंका र पाकिस्तानमा पनि भएका छन् । दक्षिण कोरिया, इन्डोनेसिया, फिलिपिन्स लगायत एशियाली, अफ्रिकी र ल्याटिन अमेरिकी मुलुकमा पनि गत वर्षहरूमा श्रमजीवी जनताले आफ्नो हक अधिकारको लागि सङ्घर्षको आँधीहुरी सिर्जना गरेका छन् ।

आज मानिसले व्यहोरिरहेका भोक, रोग, गरिबी, अशिक्षा, विस्थापन, युद्ध, विभेद, महामारीजस्ता समस्याहरूको एउटै कारण जसरी पनि नाफा कमाउने र पूँजी जम्मा गर्ने होड हो, पूँजीवादी व्यवस्था हो, साम्राज्यवाद हो । साम्राज्यवाद कहिल्यै पनि सङ्कट मुक्त थिएन र छैन । साम्राज्यवादले शोषण र युद्धलाई जति फैलाउँछ त्यति नै बढि प्रतिरोध पनि उत्पन्न गर्छ/गर्दैछ । यसरी एकातिर साम्राज्यवाद र अर्कोतिर संसारभरिका श्रमजीवी तथा न्याय, समानता र शान्तिकामी जनता रहेको व्यवस्था आजको विश्व व्यवस्था हो । न्याय, समानता र शान्तिको प्रत्याभूति समाजवाद हो । त्यसैले विश्व समाजको एउटा अङ्गका रूपमा रहेको नेपाल राष्ट्र अर्थात् नेपालको श्रमजीवी वर्ग तथा न्याय, समानता र शान्तिका पक्षधर सबै नेपालीहरूको भविष्य पनि समाजवाद हो ।

आर्थिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा समाजवादी चीनले गरेको योजनाबद्ध विकास र अन्तर्राष्ट्रिय सहयोगले विश्वका कैयौँ मुलुकहरूका लागि नयाँ सम्भावनाका ढोका खुल्दै गएका छन् । एक शक्ति राष्ट्रका रूपमा चीनको उदयले पश्चिमी मुलुकहरूको प्रभुत्व कमजोर हुन थालेको छ र साम्राज्यवाद हडबडाएको छ । चीनको थप विकासलाई रोक्न त्यसले इण्डो-प्यासिफिक रणनीति IPS, QUAD, UKAS जस्ता गठबन्धन बनाएको छ । एमसीसीजस्ता संयन्त्रहरूलाई समेत पुनः परिभाषित गर्दैछ । ताइवानमा तनाव बढाउँदै छ । भारतलगायत यस क्षेत्रका अन्य देशहरूलाई नजिक्याउँदै छ र जसरी हुन्छ चीनको विकासलाई रोक्ने प्रयास गर्दैछ । केहि समय अघि अमेरिकाको क्याम्प डेविडमा अमेरिका, जापान र दक्षिण कोरियाबिच त्रिपक्षीय रणनीतिक साझेदारीको घोषणा गरिएको छ । यसले गर्दा एशिया विश्वव्यापी तनावको मुख्य क्षेत्र बन्दै गएको छ । यसबाट यस क्षेत्रका मुलुक र जनतामा गहिरो हलचल र ध्रुविकरणका सम्भावना बढेर गएका छन् ।

सोभियत सङ्घको विघटनपछि केही पश्चिमी मुलुकहरूले रुसलाई अपमानित गर्दै र घेर्दै युक्रेन र रुसलाई युद्धमा धकेलेका छन् । NATO का सदस्य राष्ट्रको संख्या र प्रभाव विस्तार गर्दै सामरिक क्षमता बढाउने ध्याउन्नमा उनीहरूले युक्रेनलाई मोहोरा बनाएर युद्धमा धकेले । रुसलाई घेर्ने र कमजोर बनाउने उद्देश्यले युक्रेनलाई NATO को सदस्य बन्न दबाब दिइरहेका छन् । युक्रेनको सार्वभौम सत्ताको बहानामा अत्याधुनिक शस्त्रास्त्र युक्रेन पठाएर युद्धलाई अझ लम्ब्याउने प्रयास गरिरहेका छन् । यसबाट युरोपमा मात्रै होइन विश्वभरि नै युद्धजनित प्रभाव पर्दै गएको छ । विश्वशान्ति र आर्थिक विकासमा बाधा पुग्ने, खाद्यान्नको अभाव, महंगी, विश्व व्यापारमा गिरावट, इन्धनको मुल्यमा वृद्धि, रोजगारीमा गिरावट मात्रै होइन विश्वव्यापी आर्थिक मन्दीको सङ्कट आउने सम्भावना बढ्दै छ । युद्ध लम्बिदै जादा आणविक युद्धको खतरा बढ्दै गएको छ ।

यसबिच रुसी सेनामा केही नेपालीहरू भर्ती भएको खबर प्राप्त भएका छन् । रोजगारीका नाममा अन्तर्राष्ट्रिय मानव तस्करको चङ्गुलमा पारेर बिना तालिम भाडाका सिपाहीसरह अवैध बाटोबाट युद्धमा पठाउने गरिएको छ । स्थल सेनाको मोहरामा पठाइने यस्ता जवानहरू अत्यधिक रूपमा मारिने र अङ्गभङ्ग हुने गरेका छन् । नेपालबाट गएका कैयन होनहार युवाहरूको मृत्यु भएको छ भने कैयन घाइते एवं बेपत्ता भएका छन् । नेपाली युवालाई रुसी सेनामा भर्ती गर्ने कार्य रोकिनु पर्दछ । रुसी सेनामा नेपाली युवाको भर्ती रोक्न, मानव तस्करी गरी नेपाली युवालाई रुसी सेनामा भर्ती गर्न लैजाने दलालहरूलाई कार्बाही गर्न, रुसी सेनामा गएका युवालाई उद्धार गरी सकुशल स्वदेश फिर्ता गर्न र मृतक एवं घाइतेलाई क्षतिपूर्ति दिलाउन सरकारबाट प्रभावकारी कुटनीतिक पहल हुनु जरुरी छ ।

केही पश्चिमी आर्थिक र सामरिक रूपले शक्ति सम्पन्न मुलुकहरूकै आडमा इजरायले बारम्बार गरिरहने अतिक्रमणले गर्दा मध्यपूर्वको प्यालेस्तिनी भूमि लामो समयदेखि तनावग्रस्त छ । केही समय अघि इजरायलले प्यालेस्टिनी भूभाग गाजामा बर्बरतापूर्वक हमला गरेको गियो । हमासको प्रतिकार गर्ने बहानामा गरिएको उक्त आक्रमणमा परी ३५ हजारभन्दा बढी मानिस मारिएका छन् भने विसौं हजार मानिस बेपत्ता भएका छन् । कैयन मानव बस्ती, अस्पताल, शैक्षिक संस्था र आध्यात्मिक स्थानहरू समेत प्रहारको निसानामा परेका छन् । लाखौं व्यक्ति घरबारविहिन भएका छन् । लाखौं व्यक्ति थातथलो छाडेर विस्थापित हुन वाध्य भएका छन् । मानवीय आवश्यकताका वस्तुहरूको अभाव र

स्वास्थ्य उपचारमा सङ्कट पैदा भएको छ । पश्चिमा शक्तिहरू तमासा हेरिरहेका छन् । संयुक्त राष्ट्र सङ्घले पारित प्रस्तावहरू लागुगर्न सकिरहेको छैन । मानवीय सहायताहरूको ढुवानी र वितरणमा अवरोध भइरहेको छ । अर्कोतर्फ इजरायली अतिक्रमण, नाकाबन्दी र हस्तक्षेपका विरुद्ध प्यालेस्टिनी जनताले विभिन्न समयमा प्रतिकार र प्रत्याक्रमण गर्दै आएका छन् । हमासले केही समय अघि इजरायलका विरुद्ध गरेको आक्रमणमा परी सयौँ इजरायली मारिएका थिए भने केहीलाई बन्दी बनाइएको थियो । उक्त घटनामा परी दशजना नेपाली विद्यार्थीको पनि ज्यान गएको थियो र एकजना विपिन जोशीलाई बन्धक बनाइएको थियो ।

सन् २०२२ को तथ्याङ्क अनुसार विश्वको सैनिक खर्चमध्ये उत्तरी भूमण्डल (Global North) का मुलुकहरूले ७४.३ प्रतिशत रकम खर्च गर्छन् । ५३.६ प्रतिशत खर्च त अमेरिका एक्लैले गर्दछ । उत्तरी भूमण्डलका मुलुकहरूले अहिले विश्वव्यपी रूपमा प्राकृतिक स्रोत-साधन, मानव श्रम, विज्ञान-प्रविधि, सूचनाका स्रोत, वित्तीय प्रवाह र शैन्य एवं सामरिक शक्तिमाथि आफ्नो  नियन्त्रण स्थपित गर्ने प्रयास गरिरहेका छन् । तर, यी मुलुकहरूभित्र निरन्तर रूपमा आर्थिक सङ्कट देखापर्न थालेको छ । त्यसैले केही पश्चिमा पूँजीवादी राष्ट्रले उत्तरी भूमण्डलभित्र चुलिदै गएको आर्थिक सङ्कटलाई व्यवस्थापन गर्न G7 राष्ट्रको आपसी सम्बन्धलाई अझ खदिलो बनाउदै लगेका छन् । अर्कोतिर दक्षिणी भूमण्डल (Global South) का राष्ट्रहरूले पनि उत्तरी भूमण्डलको आर्थिक प्रभूत्वलाई कम्जोर पार्ने उद्देश्यले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने प्रयत्न गरिरहेका छन् । BRICS जस्ता सहयोग सङ्गठन विस्तार गर्ने उद्देश्यले त्यसको सदस्य सङ्ख्या बढाउन थालेका छन् । अफ्रिकामा अफ्रिकी सङ्घ जस्तो निकायको परिकल्पना गरिएको छ । विश्वको वित्तीय र मौद्रिक क्षेत्रमा एकछत्र प्रभाव राख्ने अमेरिकी डलरको प्रभावलाई समेत चुनौति दिदै अन्तर्राष्ट्रिय बजारमा वैकल्पिक मुद्रा स्थापित गर्ने प्रयत्न समेत हुनथालेको छ ।

वित्तीय एकाधिकार पूँजीवाद र यसका विश्वव्यापी संयन्त्रहरूले श्रमजीवी जनतामाथिको शोषण र दमनलाई झन्झन् विस्तार गर्दैछन् । स्वयं विकसित पूँजीवादी मुलुकहरूमा पूँजीको केन्द्रीकरण बढ्दै छ, जसबाट ती मुलुकहरूभित्रै बेरोजगारी बढ्दैछ । केही पूँजीपतिको नाफा कमाउने होडमा नयाँ नयाँ प्रविधिको दुरूपयोग भइरहेको छ । त्यसले जनताको असन्तुष्टी बढाउँदै छ । कैयन् मुलुकहरूमा कम्युनिष्ट तथा अन्य प्रगतिशील शक्तिहरूले विभिन्न खालका विरोध प्रदर्शन र अभियानहरू सञ्चालन गरेका छन् । पूँजीवादी प्रणालीका सहउत्पादनका रूपमा अन्तर्राष्ट्रिय स्तरमा मुद्रा अपचलन तथा गैरबैङ्किङ प्रणालीमा मुद्रा कारोवार र विप्रेषण गर्ने गिरोहहरू, तस्कर, लागु औषध कारोवार गर्ने अपराधीहरू, मानव बेचविखन गर्ने दलालहरूका सञ्जालहरू फैलिएका छन् । हामी र हामीजस्तै कमजोर मुलुकहरूको अर्थतन्त्र र राजनीतिमा ती सञ्जालहरूले प्रभाव पार्ने गरेका छन् । तिनका विरुद्ध पनि विभिन्न आन्दोलनहरू भएका छन् ।

सूचना प्रविधिका महाउद्योगहरूमार्फत पूँजी संकेन्द्रणको प्रयत्न जारी छ । गुगल, एमाजोन, मेटा र एप्पलजस्ता टेक-जोइन्ट कम्पनीहरूले प्रविधिमाथि एकाधिकार कायम गरी नयाँ ढङ्गको साम्राज्य स्थापना गरिरहेका छन् । यिनीहरूलाई साम्राज्यवादको पक्षमा र विभिन्न देशहरूमाथि निगरानी बढाउन प्रयोग गर्ने काम भएको छ । यसबाट रोजगारीको क्षेत्रमा, राजनीतिक विचाधारको क्षेत्रमा र लोकतन्त्रको क्षेत्रमा असर पर्नथालेको छ ।

साम्राज्यवादी तथा पूँजीवादी शक्ति राष्ट्रको हस्तक्षेपकारी कार्यका बाबजुद चीनले समाजवाद निर्माणको कार्यदिशालाई अनवरत रूपमा अगाडि बढाइरहेको छ । राष्ट्रपति सी.जिन पिङको नेतृत्वमा चीनले अर्थव्यवस्थालाई अझ बढी उत्पादक तथा जनमुखी बनाउन प्रयन्त गरिरहेको छ । विकासशील राष्ट्रहरूसँग बहुपक्षीय र दुई पक्षीय सहयोग अभिवृद्धि गर्दै चीनले विश्व शक्ति सन्तुलनमा नयाँ गति दिन प्रयत्न गरिरहेको छ । Belt and Road Initiative (BRI), Asia Infrastructure Investment Bank (AIIB), Shanghai Forum, Global Development Initiative (GDI), Global Civilization Initiative (GCI) जस्ता अन्तर्राष्ट्रिय आर्थिक सहयोग र समझदारीको कार्यक्रमलाई अघि बढाएको छ । चीनको विकासको असर अमेरिकी अर्थतन्त्रमा पर्न थालेको छ । अमेरिकी बजारमा चीनिया वस्तुको आपूर्ति बढ्दै जादा चीन अमेरिका व्यापारमा अमेरिकाले ठूलो व्यापार घाटा व्यहोर्नु परेको छ । वित्तीय क्षेत्रमा समेत चीनको प्रभाव बढ्न थालेको छ । त्यसले गर्दा अमेरिकाले चीनमाथि विभिन्न प्रकारका प्रतिबन्ध लगाउन र अवरोध खडागर्न थालेको छ । चीनको आधुनिकीकरण र शैन्य तथा सामरिक क्षेत्रमा भएको विकासले गर्दा अमेरिका र चीनबिचको सम्बन्ध चिसिदै छ । अमेरिकाले चीनसँगको सम्बन्धलाई शीत युद्धतर्फ धकेल्न थालेको छ ।

साम्राज्यवादले सयौँ वर्षदेखि युद्ध, सैन्य विद्रोह र अनेकौँ षड्यन्त्रद्वारा आफ्नो प्रभाव कायम राखेको ल्याटिन अमेरिकीमा फेरि समाजवादी तथा वामपन्थी लहर आएको छ । नवउदारवाद र वित्तीय पूँजीवादको शोषण र दमनका विरुद्ध

ल्याटिन अमेरिकी मुलुकका जनताले एकपछि अर्को मुलुकमा वामपन्थी पार्टीहरूलाई निर्वाचित गरेका छन् । त्यसले समाजवादको भविष्यप्रति विश्वव्यापी रूपमा नयाँ आशा र प्रेरणा जगाएको छ । साम्राज्यवादका सैन्य विप्लव, उक्साहट र अन्तरध्वंशका विरुद्ध जनता उठेका छन्, लड्दै छन् । साम्राज्यवादका विरुद्ध सात दशकसम्म क्युवाको लडाइँ त्यस क्षेत्रका जनताको निरन्तर प्रतिरोधको अनुपम प्रेरणा बनेर रहेको छ । शताब्दीयौँदेखि उपनिवेशवादी तथा साम्राज्यवादी हस्तक्षेपले सिर्जना गरेको राजनीतिक तथा आर्थिक अस्थिरताको चपेटामा परेका अफ्रिकी मुलुकहरूले क्रमशः साम्राज्यवादी प्रभुत्वको विकल्प खोज्दै छन् । तेल र ग्याँसमाथि नियन्त्रणका लागि साम्राज्यवादले अनेकौँ युद्ध थोपरेको अरबका मुलुकहरूले बहुपक्षीय साझेदारी खोज्न थालेपछि विश्व साम्राज्यवाद त्यहाँ पनि सङ्कट मुक्त छैन । विश्वव्यापी रूपमा विस्तार भएका मानव अधिकार, लैङ्गिक समानता, जातीय समानता, जलवायु परिवर्तन, आप्रवासन र आप्रवासी श्रमजीवीको हक अधिकार, ऐक्यबद्धताले न्याय, समानता र समाजवादका पक्षमा वातावरण बनाउँदै गएका छन् । यसरी आजको विश्व साम्राज्यवादको एकलौटी प्रभावबाट विस्तारै बाहिर जादैछ र मानव जातिको भविष्यमा आधारित नयाँ विश्व व्यवस्थाको सम्भावना बढ्दैछ । अर्थात् न्याय, समानता र शान्तिका लागि हामीले लडिरहेको लडाई संसारभरिका क्रान्तिकारीहरूले लडिरहेको लडाइँकै एउटा अङ्गको रूपमा रहेको छ ।

## २. राष्ट्रिय परिस्थिति

राष्ट्रिय परिस्थिति अन्तर्गत मुलुकको भूराजनीतिक अवस्था, समाजको आम चरित्र, वर्गीय संरचना र अन्तर्विरोध, आर्थिक-सामाजिक अवस्था, तात्कालिक राजनीतिक परिस्थिति र राजनीतिक शक्ति सन्तुलनलगायतका विषयहरू प्रस्तुत गरिन्छ ।

### २.१. विशिष्ट भूराजनीतिक अवस्था

भूराजनीतिक अवस्था राष्ट्रिय परिस्थिति निर्माण गर्ने एक महत्वपूर्ण कारक तत्व हो । त्यसैले यो राष्ट्रिय परिस्थितिको एउटा महत्वपूर्ण पक्ष हो । मुलुकको भौगोलिक अवस्थितिले भूराजनीतिक अवस्थाको निर्धारण गर्दछ । नेपाल भूभाग, जनसङ्ख्या र अर्थतन्त्रका हिसाबले विश्वकै दुई ठूला राष्ट्र चीन र भारतका बिचमा अवस्थित छ र यी दुवै मुलुकसँग आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सबै हिसावले जोडिएको छ । दुवै मुलुकसँग हाम्रो प्राचीन कालदेखि नै सम्बन्ध रहिआएको छ । सम्बन्धका सकारात्मक र नकारात्मक दुवै पक्ष छन् । यो नै हाम्रो विशिष्ट भूराजनीतिक अवस्था हो ।

भारत र चीन दुवै प्राचीन सभ्यता भएका एशियाली मुलुक हुन् । अहिले तिनका आकाङ्क्षा आकासीदै गएका छन् । चीन एउटा विश्व शक्ति भैसकेको छ र केही वर्षमा संसारकै ठूलो आर्थिक शक्ति बन्दैछ । भारत पनि प्राकृतिक स्रोतको प्रचुरता, सस्तो श्रम र आर्थिक विकासको दर आदि कारणले भविष्यको एउटा मुख्य आर्थिक शक्ति बन्दैछ । यी दुई देशमा हुने आर्थिक विकास अनुरूपका सामाजिक परिवर्तन र राजनीतिक परिचालनले विश्वकै अर्थतन्त्र र राजनीतिलाई प्रभावित गर्नेछ । चीन र भारतबिच हुने सहकार्य र प्रतिस्पर्धाका राम्रा तथा नराम्रा प्रभाव नेपालमाथि पनि पर्नेछन् । दुई ठूला राष्ट्रबिच अवस्थित एउटा स्वतन्त्र राष्ट्रका रूपमा समृद्धि र समाजवादतर्फ अगाडि बढ्न हामीसँग चुनौती र सम्भावना दुवै छन् र भइरहने छन् ।

नेपाल चीनको तिब्बत प्रान्तसँग जोडिएको मुलुक हो, जुन तिब्बतलाई पश्चिमाहरूले चीनको कमजोर कडिका रूपमा प्रयोग गर्न चाहन्छन् । तसर्थ पूँजीवाद र समाजवादको विश्वव्यापी अन्तर्विरोध र त्यसले ल्याउने उथलपुथलको प्रभाव हामीमाथि पनि परिरहने छ । एउटा कम्युनिष्ट पार्टीको रूपमा ती उथलपुथलबाट आफुलाई बचाउँदै नेपालमा समाजवादको निर्माण गर्नु हाम्रो लागि अर्को चुनौती हुनेछ ।

आवतजावत, लेनदेन र भाषिक-सांस्कृतिक आदान-प्रदानका हिसाबले भारत र नेपालबिच घनिष्ठ सम्बन्ध रहिआएको छ । तथापि यस सम्बन्धको अर्को पाटो पनि छ । भारतमा बेलायती साम्राज्य विस्तार हुँदैगर्दा नेपाल स्वतन्त्र राष्ट्रको रूपमा रहेको थियो । त्यस क्रममा नेपाल र बेलायतबिच युद्ध भयो । नेपालको भूभाग खुम्चियो तर एउटा स्वतन्त्र राष्ट्रका रूपमा नेपालले आफुलाई बचाइराख्यो । यद्यपि बेलायतले नेपाललाई आफ्नो छत्रछायाँमा राख्ने प्रयास गरिनै रह्यो । भारतले स्वतन्त्र भएपछि पनि बेलायती नीति कायम नै राख्यो । यस क्रममा नेपाली शासकहरू कहिले झुके भने कहिले प्रतिरोध गरे । नेपालले आफ्नो स्वतन्त्रता तथा सार्वभौमिकताको रक्षा गर्दै आयो । भारतले उसका स्वार्थसँग हाम्रा शासक वा नेताहरू झुकेको इतिहास मात्रै नेपाल-भारत सम्बन्धको मुख्य प्रवृत्ति हो भन्ने स्थापित गर्न चाहन्छ र हामीलाई आफ्नो विशेष सम्बन्धको सीमाभित्र राख्न चाहन्छ, जबकि हाम्रा अग्रजहरूले स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकको निर्माणका लागि गरेको योगदानलाई हामीले नेपाल-भारत सम्बन्धको मुख्य प्रवृत्ति ठान्दछौँ । इतिहासको यो

समझदारी नै अन्तर्विरोधपूर्ण छ, त्यसैले नेपाल भारतको सम्बन्ध पनि अन्तर्विरोधपूर्ण छ । हामीले भविष्यमा पनि यो अन्तर्विरोध व्यहोरिरहनु पर्नेछ, चुनौतीको सामना गरिरहनु पर्नेछ । त्यसका साथै वर्तमान अवस्थामा भारतीय शासक बर्गले अनुसरण गरेको हिन्दु राष्ट्रवादी विचार र रणनीतिले हाम्रो राजनीतिक तथा सामाजिक क्षेत्रमा पनि प्रभाव पार्न सक्ने स्थितिलाई हामीले गम्भीरतापुर्वक ध्यान दिनु पर्ने छ ।

भारतसँग हम्रो सम्बन्ध राम्रो बनाउने र चीनका विरुद्ध उकास्ने काम पश्चिमा शक्तिले गर्दैछ । प्राचीनतम् सभ्यता र सांस्कृतिक परम्परा भएका दुवै एशियाली मुलुक कुनै दिन एक ठाउँमा उभिन सक्छन् भन्ने चिन्ताले पश्चिमाहरूको रणनीति प्रभावित भैरहने छ । आधुनिक भारत र चीनको जन्मदेखि नै यस पक्षलाई ध्यान दिएको पश्चिमले ती दुवै मुलुकमाथि निगरानी राख्नका लागि नेपाललाई विभिन्न रूपमा प्रयोग गरिरहेको छ/गरिरहने छ । त्यसका लागि हाम्रो राजनीति र अर्थतन्त्रमा पश्चिमाहरूले विभिन्न बहानामा दबाब दिइरहने छन् । त्यस दबाबलाई पनि थेग्दै नेपाली विशेषताको समाजवाद निर्माणको दिशामा अगाडि बढ्नु हाम्रो लागि अर्को ठूलो चुनौती हुनेछ ।

## २.२. वर्तमान नेपाली समाजको चरित्र

२०६२/६३ को जनक्रान्तिद्वारा सामन्ती राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना भएसँगै नेपाली समाज ऐतिहासिक विकासक्रमको हिसावले पूँजीवादी चरणमा प्रवेश गरेको छ । यहाँ सदिऔंदेखि जरा गाडेर रहेको सामन्तवादका अवशेषहरू केही मात्रामा अझै पनि बाँकी छन् तापनि वर्तमान नेपाली समाजको मूल चरित्र पूँजीवादी हो किनभने यहाँको उत्पादन प्रणाली, वर्गीय संरचना, आर्थिक-सामाजिक व्यवहार र राजनीतिक प्रणालीको आधारभूत चरित्र पूँजीवादी छ ।

**आर्थिक अवस्था :** लामो सङ्घर्षपछि मुलुकमा जुन राजनीतिक परिवर्तन आएको छ तदनुरूप आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण हुन सकेको छैन । राष्ट्रिय उद्योग धन्दा र औद्योगिक पूँजीको विकास हुन सकेको छैन । केही समय यता वित्तीय पूँजी र व्यापारिक पूँजीको विकास व्यापक रूपमा भइरहेको भएता पनि राष्ट्रिय पूँजीको विकास कमजोर अवस्थामा छ । राष्ट्रिय जनगणना २०७८ ले निकालेको तथ्याङ्क अनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्याको केवल ३.८ प्रतिशत हिस्सा मात्रै औद्योगिक उत्पादनमा संलग्न छ । १२.५ प्रतिशत हिस्सा थोक तथा खुद्रा व्यापारमा, ८.१ प्रतिशत हिस्सा निर्माण व्यवसायमा **र ३.९** प्रतिशत हिस्सा विभिन्न प्रकारका सेवामा संलग्न छ भने सबैभन्दा बढी ५७.३ प्रतिशत हिस्सा कृषि, वन र माछा पालनमा संलग्न छ । औद्योगिक क्षेत्रमा मात्र होइन हाम्रो अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्रमा समेत राम्रो विकास हुन सकेको छैन । सिँचाइ प्रणालीको कमी, उन्नत बिउ र मलको कमी, आधुनिक प्रविधि र औजार प्रयोगको न्युनता, जमिनको खण्डिकरण, बजारको अभाव र कृषि उपजको प्रशोधन एवं पुनर्उत्पादन गर्ने उद्योगको अभाव जस्ता कारणले कृषि क्षेत्रमा प्रगति हुन सकेको छैन । यस क्षेत्रमा अझै पनि ठुलो मात्रामा परम्परागत निर्वाहमुखी उत्पादन पद्धति विद्यमान छ । लाखौंको संख्यामा भूमिहिन तथा गरिब किसानहरू छन् । क्रान्तिकारी भूमिसुधार अहिलेसम्म हुन सकेको छैन । वैज्ञानिक एकीकृत भूसूचना प्रणाली स्थापित हुन सकेको छैन । दर्ता नभएको तर बसोबास गर्दै आएको जमिन ठुलो मात्रामा रहेको छ । जमिनमाथिको स्वामित्व र वितरणको खाडल कायमै छ । अर्थतन्त्रमा वित्तीय तथा दलाल-नोकरशाही पूँजीवाद हाबी रहेको छ । समाजमा आर्थिक असमानता, गरिबी र बेरोजगारी व्याप्त छ । जनसङ्ख्याको २० प्रतिशतभन्दा बढी हिस्सा गरिबीको रेखामुनि छ र ६.९५ प्रतिशत हिस्सा बेरोजगार छ । ७.८ प्रतिशत परिवारमा विजुली बत्ती पुगेको छैन । ४.५ प्रतिशत परिवारको घरमा शौचालय छैन । ५०.६ प्रतिशत परिवारको घरमा टेलिभिजन सुविधा छैन । ६२.२ प्रतिशत परिवारमा इन्टरनेट सेवा पुगेको छैन ।

कोरोना महामारीदेखि सङ्कटग्रस्त बनेको अर्थतन्त्र अझै लयमा फर्कन सकेको छैन । वाह्य क्षेत्रमा केही सुधार भएको भएता पनि सङ्कट टरिसकेको छैन । सबैजसो आर्थिक सूचकाङ्कहरू नकारात्मक छन् । उद्योग व्यवसायमा समस्या थपिएका छन् । बैंक तथा वित्तीय संस्थाहरूको गलत नीतिले गर्दा उद्योग, व्यापार र सर्वसाधारण जनता मारमा परेका छन् । उत्पादन र उपभोग दुवै घटेको छ । व्यापार घाटा थपिदै गएको छ । मूल्यवृद्धि र मुद्रास्फिति बढिरहेको छ । राजस्वले चालु खर्च नै धान्न नसक्ने अवस्था छ । पूँजीगत खर्च लक्ष्यभन्दा ज्यादै न्यून हुने गरेको छ । रोजगारी सिर्जना गर्ने काम हुन सकेको छैन । देशभित्र गुणस्तरीय शिक्षा र रोजगारीको अवसर नपाएर युवा जनशक्ति विदेश पलायन भइरहेको छ ।

आयातमुखी र उपभोक्तावादी प्रवृत्तिले आर्थिक-सामाजिक जीवन सङ्कटग्रस्त बन्दै गएको छ । आर्थिक वर्ष २०८०/८१ का अघिल्ला दश महिनामा कुल आयात १३ खर्ब ३ अर्ब ३५ करोड ७० लाख ३९ हजारको भएको छ भने

निर्यात १ खर्ब २६ अर्ब १७ करोड ३५ लाख ४८ हजारको मात्र भएको छ । व्यापार घाटा ११ खर्ब ७७ अर्ब १८ करोड ३४ लाख ९१ हजार पुगेको छ ।[1] महँगी आकासिदै गएको छ र त्यसबाट सर्वसाधारण जनता आक्रान्त छन् । राष्ट्रिय महत्त्वका आयोजनालगायत अधिकांश आयोजनाहरू समयमा सम्पन्न हुन सकिरहेका छैनन् । निजी क्षेत्रको लगानी पनि वृद्धि हुन सकेको छैन ।

**सामाजिक-सांस्कृतिक अवस्था :** वर्तमान नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक चरित्रको समाज हो । यो समाज वर्गीय, जातीय भाषिक, धार्मिक सांस्कृतिक र भौगोलिक विविधता भएको समाज हो । यहाँ विभिन्न प्रकारका वर्ग छन् । १४२ जात/जाति छन् । १ प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका जात/जाति नै १८ छन् भने १० हजारभन्दा कम जनसङ्ख्या भएका जात/जाति २९ र १ हजारभन्दा कम जनसङ्ख्या भएका जात/जाति ११ छन् । १२४ प्रकारका भाषा बोलिन्छन् । १० प्रकारका धर्म छन् । जति धर्म छन् त्यसै अनुसारका विभिन्न संस्कृति छन् । यहाँ आर्थिक विभेद मात्र होइन सामाजिक र सांस्कृतिक विभेद पनि छ । यहाँ वर्गीय विभेद मात्र होइन जातीय विभेद पनि छ । यहाँ वर्गभित्र जात र जातभित्र वर्ग रहेको अवस्था छ । एउटै वर्गभित्र जातीय विभेद छ भने जातभित्र वर्गीय विभेद छ । यहाँ लैङ्गिक, भाषिक र धार्मिक विभेद समेत रहेको छ । एकै वाक्यमा भन्नुपर्दा समाज विकासको हिसावले पूँजीवादी चरणमा प्रवेश गरेको भएता पनि वर्तमान नेपाली समाजमा पूँजीवादी शोषण उत्पीडन मात्र होइन त्यस पूँजीवादी शोषण उत्पीडनको जालोभित्र सामन्ती शोषण उत्पीडनका अवशेषहरू समेत गुजुल्टिएर रहेका छन् ।

**वर्गीय अवस्था र प्रधान अन्तर्विरोध :** समाजको मूल चरित्र अनुरूप त्यहाँको वर्गीय अवस्था कायम हुने गर्दछ । वर्तमान नेपाली समाजको मूल चरित्र पूँजीवादी भएको हुनाले यसको वर्गीय अवस्था पनि सोही अनुरूप नै छ । अहिले हाम्रो समाजभित्र शहरमा दलाल-नोकरशाही पूँजीपति वर्ग, राष्ट्रिय पूँजीपति वर्ग, मध्यम तथा निम्नमध्यम पूँजीपति वर्ग, शहरिया गरिब वर्ग र श्रमजीवी मजदुर वर्गहरू छन् भने ग्रामीण क्षेत्रमा धनी किसान, मध्यम तथा निम्नमध्यम किसान र गरिब किसान तथा भूमीहिन किसान एवम् ज्यालादारी श्रमजीवी वर्ग रहेका छन् । ग्रामीण क्षेत्रमा मिटरब्याजी लगायतका सूतघोरहरू पनि रहेका छन् । उपर्युक्त वर्गहरूका बिचमा विभिन्न प्रकारका सम्बन्ध र अन्तर्विरोधहरू रहेका छन् । दलाल-नोकरशाही पूँजीपति वर्ग र श्रमजीवी वर्गबिच, दलाल-नोकरशाही पूँजीपति वर्ग र राष्ट्रिय पूँजीपति वर्गबिच, धनी किसान वर्ग र भूमिहिन गरिब किसान तथा ज्यालादारी श्रमजीवी वर्गहरूबिच, धनी किसान वर्ग र मध्यम किसान वर्गबिच वर्गीय अन्तर्विरोधहरू व्याप्त छन् । यी सबै अन्तर्विरोधहरूमध्ये दलाल-नोकरशाही पूँजीपति वर्ग र आम नेपाली श्रमिजीवी जनताबिचको अन्तर्विरोध वर्तमान नेपाली समाजको एउटा आधारभूत अन्तर्विरोध हो ।

नेपाल एक स्वतन्त्र एवम् सार्वभौमसत्ता सम्पन्न मुलुक हुनुका साथै विश्व समाजको एक अभिन्न अङ्ग पनि हो । यो वाह्य जगतसँग समेत जोडिएको छ र यसका वाह्य शक्तिहरूसँगका सम्बन्ध पनि छन् । यहाँ वाह्य एवम् वैदेशिक सहयोग र लगानी समेत छ । हाम्रा वाह्य सम्बन्ध र अन्तर्विरोधहरू मित्रतापूर्ण मात्र होइन शत्रुतापूर्ण पनि छन् । विश्व साम्राज्यवाद र प्रभुत्ववाद नेपाली समाजको स्वतन्त्र विकास र समाजवादी क्रान्तिको वाधक भएको हुनाले साम्राज्यवाद र प्रभुत्ववादसँग नेपाल राष्ट्रको अन्तर्विरोध अर्को एक आधारभूत अन्तर्विरोध हो ।

उपर्युक्त आधारभूत अन्तर्विरोधमध्ये दलाल-नोकरशाही पूँजीपति वर्ग र आम नेपाली श्रमजीवी वर्गबिचको अन्तर्विरोध आन्तरिक आधारभूत अन्तर्विरोध हो भने साम्राज्यवाद र प्रभूत्ववादसँगको अन्तर्विरोध वाह्य आधारभूत अन्तर्विरोध हो । यी दुई आधारभूत अन्तर्विरोधमध्ये वाह्य अन्तर्विरोध अहिले हाम्रो समाजको प्रधान अन्तर्विरोधका रूपमा रहेको छैन । यतिबेला नेपाली समाजमा व्याप्त शोषण उत्पीडनको मूल रूप वित्तीय पूँजीवादी तथा दलाल-नोकरशाही पूँजीवादी शोषण उत्पीडन भएको हुनाले आन्तरिक आधारभूत अन्तर्विरोध अर्थात **दलाल-नोकरशाही पूँजीपति वर्ग र आम नेपाली श्रमजीवी जनताबिचको अन्तर्विरोध नै वर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध हो ।**

जहाँसम्म राजनीतिक रूपमा प्रधान अन्तविरोध कोसँग छ भन्ने सवाल छ यसमा के प्रष्ट हुनु पर्दछ भने दलाल-नोकरशाही पूँजीपति वर्गको हितमा काम गर्ने पात्र कुनै एउटा राजनीतिक दलमा मात्र नभएर विभिन्न दल र सङ्गठनमा हुन सक्छन् । त्यसैले कुनै एउटा राजनीतिक दललाई मात्र दलाल-नोकरशाही पूँजीपति वर्गको राजनीतिक प्रतिनिधि घोषणा गर्नु र उक्त राजनीतिक दलसँग रहेको आम नेपाली जनताको अन्तर्विरोधलाई वर्तमान नेपाली समाजको प्रधान राजनीतिक अन्तर्विरोध हो भन्नु उपयुक्त हुँदैन ।

---

[1] स्रोत : भन्सार विभाग

प्रधान अन्तर्विरोधको सवाल क्रान्तिको तात्कालिक मुख्य कार्यभारसँग पनि सम्बन्धित सवाल हो । आजको मुख्य कार्यभार संविधानको रक्षा र विकास गर्दै समाजवादी रूपान्तरणको आधार तयार गर्नु हो । यस कार्यभारको अवधिभर दलाल-नोकरशाही पुँजीपति वर्गसँग आम नेपाली श्रमजीवी जनताको अन्तर्विरोध प्रधान रहन्छ । राजनीतिक रूपमा दलाल पुँजीवाद विभिन्न राजनीतिक पार्टी, समूह वा प्रवृत्तिका पुनरुत्थानवादी र दक्षिणपन्थी यथास्थितिवादी नीति र प्रवृत्तिमा प्रकट हुन्छ ।

प्रधान अन्तर्विरोधको सवाल क्रान्तिको चालु अवस्थामा प्रहारको निशानासँग सम्बन्धित सवाल भएकाले यो रणनीतिक सवाल मात्र नभएर कार्यनीतिक सवाल समेत हो । हाम्रो अहिलेको कार्यनीति जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै शान्तिपूर्ण सङ्घर्ष र लोकतान्त्रिक विधिबाट मुलुकको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणसहित राष्ट्रिय पूँजीको विकास गरेर समाजवादको आधार निर्माण गर्ने हो । यस कार्यमा बाधक बन्ने तत्व नै यतिबेला प्रहारको प्रमुख निशाना हो । यतिवेला एकातिर नेपाली समाजलाई अग्रगमन तथा प्रगतिशील दिशामा अघि बढाउन प्रयत्न भईरहेको छ भने अर्कोतिर पश्चगमन तथा प्रतिगमनतर्फ धकेल्न खोज्ने प्रवृत्तिले शीर उठाउने खतरा पनि छ । त्यसैले अहिले जनता, राष्ट्र, लोकतन्त्र र समाजवाद विरोधी नीति र कामहरू जनताको सङ्घर्षका प्रमुख निशाना हुन् । वर्तमान नेपाली समाजलाई समाजवादतर्फ अगाडि बढाउन चाहने आम नेपाली जनता र समाजवादका विरोधी राजनीतिक तत्व एवम् शक्तिबिचको अन्तर्विरोध वर्तमान नेपाली समाजको प्रधान राजनीतिक अन्तर्विरोध हो ।

**राजनीतिक शक्ति सन्तुलन :** २०७९ को निर्वाचनबाट मुलुकमा २०७४ को निर्वाचनले कायम गरेको राजनीतिक शक्ति सन्तुलनमा परिवर्तन भई नयाँ शक्ति सन्तुलन कायम भएको छ । २०७४ को निर्वाचन परिणामले प्रतिनिधि सभामा कम्युनिष्टहरूको बर्चस्व कायम गरेको थियो र तदनुरूप सबैतिर शक्ति सन्तुलन निर्माण भएको थियो । सोही प्रतिनिधि सभाबाट निर्वाचित तत्कालीन प्रधानमन्त्रीद्वारा स्वेच्छाचारी ढङ्गले उक्त प्रतिनिधि सभा विघटन गरिएपछि खल्बलिएको शक्ति सन्तुलन फेरि कायम हुन सकेन । पछिल्लो निर्वाचनबाट पुराना स्थापित राजनीतिक दलहरूको जनमत आम रूपमा घटेको छ । २०७४ को निर्वाचनमा मुलुकको पहिलो दल बनेको नेकपा (एमाले) अहिले दोस्रो स्थानमा ओर्लिएको छ भने त्यसबेला दोस्रो स्थानमा रहेको नेपाली काँग्रेस अहिले पहिलो बन्न पुगेको छ यद्यपि त्यसको लोकप्रिय मत भने घटेको छ । तेस्रो स्थानमा रहेको माओवादी केन्द्र तेस्रो स्थानमै रहेता पनि त्यसको पनि लोकप्रिय मत घटेको छ । मधेश केन्द्रित दलहरू पनि पछि परेका छन् । हाम्रो पार्टी पनि अपेक्षा गरिएभन्दा पछाडि नै परेको छ । राजतन्त्र पुनःस्थापना गर्न चाहने राप्रपाको जनमत केही बढेको छ । स्पष्ट सिद्धान्त, विचार र कार्यदिशा नभएको केवल पुराना पार्टी र नेतालाई गाली गरेर उदाएको रास्वपा, विगतमा पृथकतावादी गतिविधि चलाएको जनमत पार्टी र थारु पहिचानको माग उठाएको नागरिक उन्मुक्ति पार्टी नयाँ शक्तिको रूपमा अस्तित्वमा आएका छन् ।

प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनपश्चात् मुलुकमा जुन स्थिरता कायम होला भन्ने अपेक्षा गरिएको थियो त्यस्तो हुन सकेन । प्रतिनिधि सभा र प्रदेश सभामा कहिं पनि कुनै एक दलको बहुमत आउन सकेन । त्यसले गर्दा सबैतिर गठबन्धन सरकार बनाउनु पर्ने अवस्था रह्यो । निर्वाचन सम्पन्न भएबाट संविधानको कार्यान्वयन र लोकतन्त्रको अभ्यासमा सकारात्मक योगदान त भयो तर प्रतिनिधि सभा र प्रदेश सभाहरू सबै त्रिशङ्कु बनेको हुँदा मुलुक अस्थिरतातर्फ धकेलिन सक्ने खतरा उत्पन्न भएको छ ।

प्रतिनिधि सभामा विभिन्न विचार,दर्शन र दृष्टिकोण अँगालेका राजनीतिक शक्तिहरू उपस्थित छन् । त्यहाँ परिवर्तनका पक्षधर र विरोधी, गणतन्त्रका पक्षधर र विरोधी, सङ्घीयताका पक्षधर र विरोधी, अग्रगामी र पुनरुत्थानवादी एवं यथास्थितिवादी, धर्म निरपेक्षतावादी र धर्मसापेक्षतावादी आदि विभिन्न चरित्रका राजनीतिक शक्तिहरू छन् । ठूलो संख्या परिवर्तन र गणतन्त्रका पक्षधरहरूकै छ तापनि तिनीहरू विभिन्न दलमा विभाजित छन् । परिवर्तन र गणतन्त्रका विरोधीहरू अल्प संख्यामा भएता पनि तिनीहरूले चर्का कुरा गरेर जनतामा अनेक प्रकारले भ्रम फिजाइरहेका छन् । उपर्युक्त शक्तिहरूका बिच अनेक प्रकारले द्वन्द्व चलिरहेको छ ।

**कृयाशील राजनीतिक दल :** निर्वाचन आयोगमा विभिन्न वर्ग चरित्र भएका र विभिन्न दर्शन, सिद्धान्त, विचार एवम् दृष्टिकोण अँगालेका ११८ राजनीतिक दल दर्ता छन् । दर्ता भएका सबै दल सकृय छैनन् । गत निर्वाचनमा ५२ दलले भाग लिएका थिए र तीमध्ये केवल १२ दलले मात्र सङ्घीय संसदमा स्थान प्राप्त गर्न सकेका छन् । अहिले मुलुकको राजनीतिक रङ्गमञ्चमा संसदमा रहेका १२ राजनीतिक दल र निर्वाचनमा भाग नलिएका केही दल क्रियाशील देखिन्छन् । हाल क्रियाशील राजनीतिक दलहरूको संक्षिप्त विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) :** हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) २००६ बैसाख १० मा स्थापित नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रूप हो । हाल प्रतिनिधि सभामा १० र राष्ट्रिय सभामा ८ सिटका साथ रहेको यो पार्टी नेपाली श्रमजीवी वर्गको सच्चा क्रान्तिकारी प्रतिनिधि हो । यो पार्टी आजसम्मका सबै जनसङ्घर्ष, जनआन्दोलन र जनक्रान्तिबाट प्राप्त उपलब्धिहरूको रक्षा एवम् विकास गर्दै राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्याय सुदृढ गरी आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणमार्फत समाजवादी व्यवस्था निर्माणको दिशामा अग्रसर हुन र नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापना कालदेखि नै अगाडि सार्दै आएको वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् लक्ष्य हासिल गर्न दृढसङ्कल्पित छ । यस पार्टीको अबको रणनीतिक लक्ष्य नेपाली समाजमा रहेका सबैखाले शोषण, दमन र उत्पीडनको अन्त्य गरी मुलुकमा वैज्ञानिक समाजवाद स्थापना गर्नु हो ।

**नेपाली काँग्रेस :** अहिले प्रतिनिधि सभामा ८८ सिटसहित सबैभन्दा ठुलो दलका रूपमा रहेको नेपाली काँग्रेस पूँजीवादी चरित्रको पार्टी हो । नव उदारवादको पक्षपोषण गर्ने यस पार्टीले दलाल-नोकरशाही पूँजीपति वर्गको समेत हित प्रतिनिधित्व गर्दछ । प्रजातान्त्रिक समाजवादको वकालत गर्ने र लोकतन्त्र एवं गणतन्त्र प्राप्तिको सङ्घर्षमा सकारात्मक भूमिका निर्वाह गरेको यो पार्टी याथास्थितिमा रमाउने गरेको छ ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले) :** प्रतिनिधि सभामा ७८ सिट भएको नेकपा (एमाले) दक्षिणपन्थी अवसरवादी प्रवृत्ति बोकेको कम्युनिष्ट पार्टी हो । मुलुकमा जनवादी क्रान्ति सम्पन्न भइसकेको अवस्थतमा समाजवादी कार्यक्रम र कार्यदिशा अँगाल्नु पर्नेमा त्यसो गर्न नसकेको हुनाले यस पार्टीको विचार र व्यवहार दुवै दक्षिणपन्थी भएको स्पष्ट हुन्छ । संविधानको मूल मर्म र भावनामाथि प्रहारगर्न पछि नपरेको यो पार्टी नीति प्रधान नभएर नेता प्रधान हुँदै गएको छ ।

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) :** प्रतिनिधि सभामा ३२ सिटसहित रहेको नेकपा (माओवादी केन्द्र) सशस्त्र द्वन्द्वको सञ्चालनदेखि शान्तिप्रक्रिया हुँदै आहिलेसम्म आउँदा रूपान्तरणको प्रक्रियाबाट गुज्रिएको छ । नेकपाको विभाजनपछि फेरि माओवाद अँगालेको हुँदा यो पार्टी स्वयं सैद्धान्तिक अन्यौलमा फसेको छ । जनवादी क्रान्तिका उपलब्धीहरूको रक्षा गर्न प्रतिवद्ध देखिन्छ । समाजवादी मोर्चामा हामी सँगै छौं ।

**राष्ट्रिय स्वतन्त्र पार्टी :** प्रतिनिधि सभामा २१ सिटका साथ रहेको राष्ट्रिय स्वतन्त्र पार्टी पूँजीवादी चरित्रको पार्टी हो । यसको दर्शन, सिद्धान्त, विचार र कार्यदिशा केही पनि स्पष्ट छैन । संविधान, गणतन्त्र र सङ्घीयताप्रति यसको दृष्टिकोण के हो भन्ने पनि स्पष्ट छैन । नवउदारवादको वकालत गर्ने यस पार्टीले आफुलाई मध्य दक्षिणपन्थी (Right to the Center) को रूपमा प्रस्तुत गर्ने गरेको छ । त्यसैबाट स्पष्ट हुन्छ कि यस पार्टीले दक्षिणपन्थी दृष्टिकोण राख्दछ । यसले दलाल पूँजीपति वर्गको समेत हितप्रतिनिधित्व गर्दछ । यो पार्टी प्रतिनिधि सभाको विघटन र नेकपाको विभाजनले उत्पन्न गरेको राजनीतिक अन्योल र सामाजिक निराशाको परिस्थितिमा सस्तो लोकप्रिय नारा दिएर उदाएको पार्टी हो । सस्तो लोकप्रियतावादले सर्वसाधारण जनतामा भ्रम दिएर प्रतिक्रियावादको सेवा गर्ने गर्दछ । यस पार्टीले पनि त्यही भूमिका निर्वाह गर्दै आएको छ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी :** प्रतिनिधि सभामा १४ सिटका साथ रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी सामन्ती तथा दलाल-नोकरशाही पूँजीवादी चरित्रको पार्टी हो । यस पार्टीले समाजमा अवशेषको रूपमा रहेको सामन्ती पछौटे एवम् पश्चगमनकारी चिन्तनको प्रतिनिधित्व गर्दछ । यो पार्टी संविधान, गणतन्त्र र सङ्घीयता विरोधी पार्टी हो । यसले जनताको क्रान्तिकारी आन्दोलनले उखेलेर फ्याँकेको सामन्ती राजतन्त्रलाई पुन:स्थापना गर्न चाहन्छ र राज्यलाई धर्मसँग जोडेर मुलुकलाई हिन्दू राष्ट्रमा परिणत गर्न चाहन्छ ।

**जनता समाजवादी पार्टी :** प्रतिनिधि सभामा १२ सिटका साथ रहेको जनता समाजवादी पार्टीसमाजवादी कार्यदिशा अँगालेको पार्टी हो । मुख्यत: मधेश प्रदेशमा प्रभाव राख्ने यस पार्टीले मधेशको मध्यम वर्गीय तप्काको प्रतिनिधित्व गर्दछ र कैयन् प्रगतिशील एजेण्डाप्रति सकारात्मक धारणा राख्दछ । गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध देखिने यो पार्टी हामीसहितको समाजवादी मोर्चामा सामेल छ ।

**जनमत पार्टी :** प्रतिनिधि सभामा ६ सिटका साथ रहेको जनमत पार्टी विगतमा मधेशलाई नेपाली आन्तरिक उपनिवेशबाट मुक्त गरी स्वतन्त्र राज्य बनाउनु पर्दछ भन्ने पृथकतावादी सोंच अँगालेर आफ्नो राजनीतिक यात्रा प्रारम्भ गरेको पार्टी हो । अहिले संविधान मान्ने र त्यस अन्तर्गत रहेर राजनीति गर्ने गरी अगाडि बढेको छ । यो पार्टी गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध देखिन्छ । यस पार्टीमा अझै पनि विगतको धङ्धडी झल्किन्छ ।

**लोकतान्त्रिक समाजवादी पार्टी :** प्रतिनिधि सभामा ४ सिटका साथ रहेको लोकतान्त्रिक समाजवादी पार्टी पूँजीवादी चरित्रको पार्टी हो । मुख्य गरी मधेश प्रदेशमा केन्द्रित रहेको र मधेशका मुद्दामा नै बढी चासो राख्ने यो पार्टीले पनि मधेशको मध्यम वर्गीय तप्काको प्रतिनिधित्व गर्दछ । यो पार्टी गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध देखिन्छ ।

**नागरिक उन्मुक्ति पार्टी :** प्रतिनिधि सभामा ४ सिटका साथ रहेको नागरिक उन्मुक्ति पार्टी जातीय पहिचान र अधिकारमा जोड दिने पार्टी हो । यो पार्टी थारु जातिको पहिचान र अधिकारलाई मुख्य विषय बनाएर सङ्गठित एवम् क्रियाशील छ । यसको वर्ग चरित्र स्पष्ट छैन । गणतन्त्र र सङ्घीयताप्रति भने प्रतिवद्ध नै देखिन्छ ।

**नेपाल मजदुर किसान पार्टी :** प्रतिनिधि सभामा १ सिटका साथ रहेको नेपाल मजदुर किसान पार्टी जडसूत्रवादी एवम् सङ्कीर्ण चरित्रको कम्युनिष्ट पार्टी हो । यो पार्टी मूलतः श्रमजीवी वर्गको पक्षमा उभिन्छ तर नेतृत्वमा रहेको निम्नमध्यम वर्गीय चरित्र, सैद्धान्तिक जडता र सङ्कीर्णताले गर्दा निरन्तर खुम्चिदै गएको छ । भक्तपुर जिल्लामा सीमित यो पार्टी संविधान र गणतन्त्रप्रति प्रतिबद्ध नै देखिन्छ ।

**राष्ट्रिय जनमोर्चा :** प्रतिनिधि सभामा १ सिटका साथ रहेको राष्ट्रिय जनमोर्चा नेकपा (मसाल) को खुला राजनीतिक सङ्गठन हो । वामपन्थी चरित्रको यो पार्टी संविधान र गणतन्त्रप्रति प्रतिबद्ध तर सङ्घीयताप्रति भने नकारात्मक धारणा राख्दछ ।

नेपाल कम्युनिष्ट पार्टी : यो नेकपा (माओवादी) बाट विभाजित भएर बनेको पार्टी हो । वर्तमान संविधान अस्वीकार गरी विद्रोहको नीति लिएको र चुनाव बहिष्कार गरेको यो पार्टी अहिले संविधान मानेर शान्तिपूर्ण राजनीति गर्ने बाटोमा आएको छ र हाम्रो पार्टी समेत सामेल रहेको समाजवादी मोर्चामा पनि रहेको छ । यो पार्टी गणतन्त्र, सङ्घीयता र समाजवादप्रति प्रतिबद्ध रहेको छ ।

**अन्य पार्टीहरू :** माथि चर्चा गरिएकाबाहेक नेपाल क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), नेपाल कम्युनिष्ट पार्टी एकता राष्ट्रिय अभियान, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त), नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी), नेपाल समाजवादी पार्टी, आम जनता पार्टी, विवेकशील साझा पार्टीलगायतका साना पार्टीहरू पनि केही गतिविधिका साथ अस्तित्वमा छन् ।

उपर्युक्त सबै पार्टीहरूसँग हाम्रो सम्बन्ध वित्तीय तथा दलाल-नोकरशाही पुँजीवादबारे उनीहरूको दृष्टिकोणमा भरपर्छ । कतिपयले मुलुकको समाजवादी रूपान्तरणको कुरा गर्छन् तर जनक्रान्तिका उपलब्धीको रक्षा र विकासप्रति उनीहरूको दृष्टिकोण गलत छ भने कतिपयले संविधानको रक्षा र विकासको पक्षमा आफुलाई उभ्याएका त छन् तर मुलुकको समाजवादी रूपान्तरणप्रति नकारात्मक दृष्टिकोण राख्दछन् । त्यसैगरी कतिपय ती दुवै विषयमा नकारात्मक वा अस्पष्ट छन् । नेकपा (एकीकृत समाजवादी) ले जनक्रान्तिका उपलब्धीको रक्षा र विकास तथा समाजवादी रूपान्तरणका मुद्दाहरूमा ती राजनीतिक दलहरूको दृष्टिकोण र व्यवहार अनुसार उनीहरूसँग मित्रवत् वा सहकार्य र सङ्घर्षको सम्बन्ध राख्दछ ।

### ३. तात्कालिक राजनीतिक परिस्थिति

२०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनबाट निर्माण भएको शक्ति सन्तुलनका आधारमा आज जे जस्ता राजनीतिक कार्यहरू भैरहेका छन् यो नै आजको तात्कालिक राजनीतिक परिस्थिति हो । निर्वाचनबाट प्रतिनिधि सभा र प्रदेश सभा कहिं पनि कुनै एक राजनीतिक दलको बहुमत नआएको हुनाले सङ्घ र प्रदेश सबैमा गठबन्धन सरकार बनाउनु पर्ने बाध्यात्मक अवस्था छ । त्यसले गर्दा गठबन्धन बन्ने र भत्कने क्रम चलेको छ । निर्वाचनको लगत्तै २०७९ पुस १० मा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), रास्वपा, राप्रपा र जनमत पार्टी सम्मिलित गठबन्धन बनेको थियो र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा सरकार गठन भएको थियो । त्यो गठबन्धन र सरकार धेरैदिन टिक्न सकेन । २०७९ फागुन २५ मा हुने राष्ट्रपतिको चुनाव अगावै उक्त गठबन्धन भत्कियो र हाम्रो पार्टी, नेकपा (माओवादी केन्द्र), जसपा, नेपाली कांग्रेस, जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टी सम्मिलित सात दलीय गठबन्धन निर्माण भई पुष्पकमल दाहाल 'प्रचण्ड'कै नेतृत्वमा संयुक्त सरकार बन्यो । त्यो गठबन्धन पनि करिव एक वर्षभन्दा बढी टिक्न सकेन । २०८० फागुन २१ मा उक्त गठबन्धन भत्किएर हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी), नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), रास्वपा र जसपा सम्मिलित पाँच दलीय गठबन्धन बनेको छ र पुष्पकमल दाहाल 'प्रचण्ड'कै नेतृत्वमा सरकार बनेको छ ।

प्रतिनिधि सभा र प्रदेश सभा सबै त्रिसङ्कु भएको र सबैतिर गठबन्धन सरकार बनाउनु पर्ने अवस्था भएकाले सरकारको स्थिरतामा प्रश्न उठिरहने अवस्था छ ।

वर्तमान पाँच दलीय गठबन्धनमा रहेका राजनीतिक दलहरूको वर्गाधार, वर्ग चरित्र र दृष्टिकोण फरक फरक भएता पनि संविधानको पूर्ण कार्यान्वयन, लोकतन्त्रको रक्षा र मुलुकमा राजनीतिक स्थिरता कायम गर्दै मुलुकलाई संविधानले निर्देश गरेको समाजवाद उन्मुख दिशामा अगाडि बढाउने सवालमा सहमत भएर गठबन्धनमा रही सहकार्य गरिरहेका छन् । साझा सहमतिका आधारमा सरकार निर्माण गरी सञ्चालन गरिरहेका छन् । सरकार सञ्चालनमा मार्गदर्शन गर्नका निम्ति **न्युनतम नीतिगत प्राथमिकता र साझा संकल्प** तयार गरिएको छ । त्यस न्युनतम नीतिगत प्राथमिकता र साझा संकल्पले वर्तमान सरकारलाई निश्चित् दायित्व सुम्पेको छ । संविधानको रक्षा र पूर्ण कार्यान्वयन गर्ने; सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने; देशको अर्थतन्त्र सुदृढ गर्न नीतिगत एवम् संरचनागत सुधार गर्ने; उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने; आपुर्ति व्यवस्थामा सुधार गर्ने; राष्ट्रिय उत्पादनमा वृद्धि गर्ने; रोजगारी सिर्जना गर्ने; आम जनतालाई गुणस्तरीय सेवा प्रदान गर्ने, भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिने; विस्तृत शान्ति सम्झौताका बाँकी काम सम्पादन गर्ने; विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने; समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक, लैङ्गिकलगायत सबै प्रकारका विभेदहरूको अन्त्य गर्न निरन्तर प्रयास गर्ने; जलवायु परिवर्तनका कारणले उत्पन्न जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्न पहल गर्ने; राष्ट्रिय हितको रक्षा र स्वतन्त्र एवम् सन्तुलित परराष्ट्र नीति अबलम्बन गर्ने । उपर्युक्त कार्यहरू वर्तमान सरकारका मुख्य दायित्व हुन् । यी दायित्वहरू पूरागर्न सरकार दत्तचित्त भएर लाग्नु पर्दछ ।

२०७४ सालको निर्वाचनपछि मुलुकमा जुन असाधारण सम्भावना देखापरेको थियो, त्यस सम्भावनाको दिशामा मुलुकलाई अगाडि बढाइएन । पार्टीको करिव दुइतिहाइ सङ्ख्या भएको प्रतिनिधि सभा  विघटन गर्ने उल्टो बाटो हिडियो । जनताको आशामाथि तुषारापात भयो । फलस्वरूप जनतामा उत्पन्न निराशाको प्रतिक्रियाका रूपमा समाजमा एक खालको नकारात्मक मनोविज्ञान विकसित भइरहेको छ र त्यसले मुलुकको बौद्धिक जगतलाई समेत प्रभावित गरेको छ । यही परिस्थितिमा भएको २०७९ सालको निर्वाचन परिणामले मुलुकमा अस्थिरता सिर्जना गरेर धमिलो पानीमा माछा मार्न चाहनेहरूका लागि थप अनुकुलता प्रदान गरेको छ । कतिपय पुनरुत्थानवादीहरूले लोकतान्त्रिक गणतन्त्रकै विकल्पको दिवास्वप्न देख्न थालेका छन् । राजनीतिलाई इतिहास र सिद्धान्तभन्दा अलग केवल सस्तो लोकप्रियताको रूपमा बुझ्ने केही मध्यम वर्गीय उत्तेजकहरूको आवेगले मुलुकको युवा जनमतलाई प्रभावित गर्दैछ । सस्तो निन्दा भर्त्सना र अराजक अभिव्यक्तिले सामाजिक सम्वादको रूप लिँदैछ । यस प्रकारका गलत कृयाकलापको चिरफार गर्दै समाजमा नयाँ सन्देश प्रवाह गर्नुपर्ने आवश्यकता छ । नयाँ भविष्यको स्पष्ट मार्गचित्रका साथ एउटा सङ्गठित शक्ति अगाडि बढेर नेतृत्व गरेको खण्डमा समाजमा क्रान्तिकारी एवम् प्रगतिशील रूपान्तरणको प्रवल सम्भावना पनि छ । हाम्रो पार्टी उक्त क्रान्तिकारी एवम् प्रगतिशील रूपान्तरणको सम्वाहक शक्ति बन्नु पर्दछ ।

## ४. नेपाली कम्युनिष्ट आन्दोलनको गौरवपूर्ण इतिहास संक्षेपमा

नेपालमा कम्युनिस्ट आन्दोलन प्रारम्भ भएको ७५ वर्ष हुँदैछ । यस ७५ वर्षको अवधिमा अनेकौं आरोह अवरोह पार गरेको यो आन्दोलन अहिले एउटा विशिष्ट अवस्थामा रहेको छ । २००६ साल बैसाख १० (२२ अप्रिल १९४९) मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्दा मुख्य दुई उद्देश्य राखिएको थियो : १. नेपाली राष्ट्रियता, जनवाद र जनजीवीकाको निम्ति सङ्घर्ष गर्ने र २. नेपाली समाजलाई सामन्ती तथा पूँजीवादी शोषण-दमनबाट मुक्त गरी समाजवाद र साम्यवादतर्फ डोऱ्याउने । यी दुई बुँदाबाट स्पष्ट हुन्छ कि नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपाली समाजमा व्याप्त सामन्ती तथा साम्राज्यवादी शोषण, दमन र उत्पीडनको अन्त्य गरी जनवादी क्रान्ति सम्पन्न गर्ने र जनवादी व्यवस्थाको सुदृढीकरणमार्फत राष्ट्रिय पूँजीको विकास गरेर त्यसको आधारमा वैज्ञानिक समाजवाद हुदै साम्यवाद स्थापना गर्ने महान् उद्देश्य राखेर गरिएको थियो । आम नेपाली श्रमजीवी जनतालाई व्यापक रूपमा गोलबन्द गरी सङ्गठित शक्तिको वलमा वर्तमान समाजमा रहेका वर्गीय, जातीय, लैंगिक, सामाजिक, सांस्कृतिक र भौगोलिक विभेदहरूको अन्त्य गरेर सामाजिक न्यायसहितको स्वतन्त्रता र आमजनता सुखी एवं समृद्ध भएको समतामूलक समाज स्थापना गर्ने लक्ष्य उद्देश्य राखिएको थियो ।

नेकपाले उपर्युक्त दुवै उद्देश्य प्राप्तिका निम्ति निरन्तर सङ्घर्ष गर्दै आएको छ । यसले सङ्घर्षका विभिन्न रूपहरू अवलम्बन गर्दै आफ्ना लक्ष्य उद्देश्य प्राप्त गर्ने ध्येयमा निरन्तर अगाडि बढ्दै आएको छ र राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका आम मुद्दाहरूमा नेतृत्व गर्दै परिवर्तनकारी आन्दोलनको अगुवाको रूपमा समेत स्थापित भएको छ ।

त्यस क्रममा २००७ सालको क्रान्तिमा यसले सहयोगी भूमिका निभाएको थियो र क्रान्तिलाई धोखापूर्ण दिल्ली सम्झौतामा लगेर तुहाइएपछि त्यसका विरुद्ध उभिएको थियो । उक्त धोखापूर्ण दिल्ली सम्झौताको विरोध गरेकै कारण नेकपामाथि २००८ माघ १० मा प्रतिवन्ध लगाइएको थियो । प्रतिबन्धित रहेको अवधि २००८-१२ सालमा यसले सामन्ती शोषण र उत्पीडनका विरुद्ध ठूला-ठूला किसान आन्दोलनहरू सञ्चालन गरेको थियो । आन्दोलनको दबाबमा २०१३ बैसाख ६ मा प्रतिबन्ध फुकुवा भएपछि २०१४ सालमा संविधानसभाको निर्वाचन गराउन माग गर्दै भद्र अवज्ञा आन्दोलन गरेको थियो । २०१५ सालको संसदीय निर्वाचनको बेला १०९ निर्वाचन क्षेत्रमध्ये ४७ क्षेत्रमा उम्मेदवारी दिई सहभागी भएको थियो र ४ क्षेत्रमा विजय प्राप्त गरेर संसदमा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गरेको थियो । २०१७ सालको पुषमा राजा महेन्द्रले जननिर्वाचित संसद र सरकार दुवै भङ्ग गरी सम्पूर्ण शक्ति आफ्नो हातमा लिएर निरङ्कुश शासन लादेपछि पार्टी नेतृत्वको महत्वपूर्ण हिस्सा र मातहतको सिङ्गो पङ्क्ति त्यस प्रतिगामी कदमका विरुद्ध उभिएको थियो । यद्यपि तत्कालिन महासचिव केशरजङ रायमाझी लगायत केही नेताले उक्त प्रतिगामी कदमको समर्थन गरेका थिए र पार्टीमा गम्भीर विवाद उत्पन्न भई पार्टी विभाजनको स्थितिमा पुगेको थियो ।

२०१९ सालमा सम्पन्न तेस्रो महाधिवेशनपश्चात् विभिन्न समूहमा विभाजित नेकपाका रायमाझी समूहबाहेक सबै समूहले पञ्चायती तानाशाही व्यवस्थाका विरुद्ध निरन्तर सङ्घर्ष गरेका थिए । त्यसक्रममा २०२५ सालमा पुष्पलालको नेतृत्वमा आयोजना गरिएको पार्टीको तेस्रो सम्मेलनबाट नयाँ जनवादी कार्यक्रम अगाडि सारिएपछि मुलुकमा एक प्रकारको क्रान्तिकारी तरङ्ग उत्पन्न भएको थियो । तर, २०२८ सालको मार्गमा मनमोहन अधिकारी, मोहनविक्रम सिंह, निर्मल लामा, शंभुराम श्रेष्ठलगायतको सक्रियतामा केन्द्रीय न्युक्लियसको गठन, २०३१ सालमा मोहनविक्रम सिंह र निर्मल लामाको नेतृत्वमा चौथो महाधिवेशनको आयोजना र २०३२ सालमा कोअर्डिनेशन केन्द्रको गठनपश्चात् एकातर्फ क्रान्तिकारीहरूमा विभाजन भएता पनि अर्कोतर्फ निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध विभिन्न प्रकारका क्रान्तिकारी सङ्घर्षहरूको उठान पनि भएको थियो । २०३५/३६ सालको आन्दोलनमा वामपन्थी युवा विद्यार्थी, शिक्षक, बुद्धिजीवी र मजदुरहरूको निर्णायक भूमिका रहेको थियो भने त्यस आन्दोलनको दबाबमा घोषणा गरिएको जनमत सङ्ग्रह कालको राजनीतिक गतिविधिमा कम्युनिष्ट पार्टीहरू अग्रस्थानमा थिए । २०४६ सालको संयुक्त जन आन्दोलनमा वाममोर्चाले निर्णायक भूमिका निर्वाह गरेको थियो। २०५९/६० सालको प्रतिगमन विरोधी सङ्घर्ष र २०६२/२०६३ सालको शान्तिपूर्ण जनक्रान्तिमा पनि विभिन्न कम्युनिष्ट समूहहरूले निर्णायक भूमिका निर्वाह गरेका थिए । यसरी समाजमा क्रान्तिकारी परिवर्तनको अगुवाइ गर्ने एउटा गौरवपूर्ण इतिहास नेपालको कम्युनिष्ट आन्दोलनले रचेको छ ।

उपर्युक्त गौरवपूर्ण इतिहास निर्माण गर्ने क्रममा नेपाली कम्युनिष्ट आन्दोलनमा वर्गीय शत्रुका विरुद्ध मात्र होइन आफैभित्रका गलत प्रवृतिका विरुद्ध समेत सङ्घर्ष भएको छ । ती गलत प्रवृति थिए : दक्षिणपन्थी अवसरवाद र उग्रवामपन्थी भड्काउ । २०१४ सालमा आयोजित पार्टीको दोस्रो महाधिवेशनका वेला केशरजङ्ग रायमाझीलगायतले 'पार्टी कार्यक्रममा परिवर्तन किन ?' भन्ने दस्तावेजमार्फत पार्टी कार्यक्रममा रहेको सामन्तवाद विरोधी पक्षलाई हटाउने विचार ल्याएपछि पार्टीभित्र दक्षिणपन्थी अवसरवाद प्रष्ट रूपमा प्रकट भएको थियो । महाधिवेशनबाट उक्त विचार अस्वीकृत भएता पनि पार्टीको नेतृत्व उक्त दक्षिणपन्थी विचारकै प्रवक्ताको हातमा गएको हुनाले पार्टीमा दक्षिणपन्थी भडकाउ वढेर गयो । देशव्यापी रूपमा उठिरहेका सशक्त किसान आन्दोलनहरू नेतृत्वद्वारा रोकिए । २०१५ सालको निर्वाचनमा पार्टीले राम्रो परिणाम ल्याउन सकेन ।

२०१७ सालमा केशरजङ्ग रायमाझीलगायतका नेताहरूले राजाको प्रतिगामी कदमलाई समर्थन गरेर दक्षिणपन्थी अवसरवादको चरम नमुना प्रस्तुत गरे । त्यसवेला पुष्पलाल, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मोहनविक्रम सिंहलगायतका नेताहरूले राजाको प्रतिगमनकारी कदमका विरुद्ध दृढतापूर्वक उभिनुका साथै पार्टीभित्र प्रकट भएको दक्षिणपन्थी अवसरवादका विरुद्ध तीखो सङ्घर्ष सञ्चालन गर्नुभयो । केन्द्रीय कमिटीले पार्टी महाधिवेशनको आयोजना नगरेपछि अन्तर जोन सामञ्जस्य समिति निर्माण गरी त्यसै मार्फत पार्टीको तेस्रो महाधिवेशन आयोजना गरेर दक्षिणपन्थी अवसरवादीहरूलाई पार्टीबाट निस्काशन गर्ने, पार्टीको नयाँ कार्यक्रम तय गर्ने र नयाँ नेतृत्व चयन गर्नेलगायतका कामहरू गरियो तर फेरि पनि पार्टीभित्र विभिन्न खाले समस्या उत्पन्न भए । एकातर्फ रायमाझीहरूले अलग समुह वनाएर हिडे भने अर्कोतर्फ पुष्पलाल र तुलसीलालबिचको विवाद चर्किएर गयो । त्यसैवेला स्तालिनको निधनपछि सोभियत सङघको कम्युनिष्ट पार्टीको महासचिव बनेका खुस्चोवले "सबै जनताको पार्टी, सबै जनताको राज्य, शान्तिपूर्ण संक्रमण, अमेरिकासँग शान्ति र मित्रता, विकासको गैर पूँजीवादी बाटो र २० वर्षमा साम्यवादको प्राप्ति" भन्ने जस्ता विचार अगाडि सारेपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा विवाद चर्कियो र त्यसको असर

नेपालको कम्युनिष्ट आन्दोलनमा पनि पऱ्यो । अर्कोतर्फ चीनको साँस्कृतिक क्रान्ति र त्यसबाट प्रभावित भएर सञ्चालित भारतको नक्सलवाडी आन्दोलनमा रहेका उग्रवामपन्थी सौचहरूको असर समेत नेपाली कम्युनिष्ट आन्दोलनमा पर्नगयो ।

सात दशकभन्दा लामो इतिहास बोकेको नेपाल कम्युनिष्ट पार्टीले आफ्ना लक्ष्य अनुरूप अगाडि बढ्दै गर्दा आन्तरिक जीवनमा अनेक प्रकारका मतभेद तथा विवादहरू उत्पन्न भएका थिए । राजाको प्रतिगमनकारी कदम र पञ्चायती व्यवस्थालाई हेर्ने सवालमा रहेको मतभेद, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न विवादले गर्दा सिर्जना भएका रुसी र चिनियाँ खेमामध्ये कसलाई समर्थन गर्ने भन्ने मतभेद र सशस्त्र सङ्घर्षको कार्यदिशा अवलम्वन गर्ने कि शान्तिपूर्ण सङ्घर्षको कार्यदिशा अवलम्बन गर्ने भन्ने विवादले नेपाली कम्युनिष्ट आन्दोलन निकै लामो समयसम्म आक्रान्त रह्यो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका मतभेदहरू तथा सैद्धान्तिक, राजनैतिक सवाल, पञ्चायती व्यवस्थाबाट रचिएका षड्यन्त्र र पद्धतिसङ्गत् ढङ्गले अन्तरपार्टी सङ्घर्ष सञ्चालन नगर्नु जस्ता कारणले विवाद र विभाजन चर्कंदै गयो । फुट तथा विभाजन र विद्रोहका कैयन् घटनाहरू घटे । केशरजंग रायमाझीले अँगालेको दक्षिणपन्थी अवसरवादका विरुद्ध कमरेड पुष्पलाल लगायतका नेताहरूले विद्रोह गर्नुभएको थियो भने २०२८ सालमा झापा विद्रोह हुँदै २०३२ सालमा कोअर्डिनेशन केन्द्रको स्थापनासमेत पार्टीभित्रको तीव्र वैचारिक सङ्घर्ष र विद्रोहकै जगमा भएको थियो ।

इतिहासमा केवल विवाद, विभाजन र विद्रोह मात्र होइन संवाद, सहकार्य र एकीकरणका कार्यहरू पनि हुँदै आएका छन् । ३० को दशकसँगै नेपाली कम्युनिष्ट आन्दोलनको एकता, एकीकरण र पुनर्गठन प्रक्रिया सुरुभयो । विभाजित नेपाली कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउने क्रममा नै थुप्रै ससाना कम्युनिष्ट समूहहरूलाई समेटेर नेकपा (माले) को गठन र विकास, नेकपा (चौम) को गठन, साहना–वलराम समुह र मनमोहन समुह मिलेर नेकपा (मार्क्सवादी) को गठनजस्ता कार्यहरू भएका थिए । नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकता भई नेकपा (एमाले) बनेको थियो । एमाले बनिसकेपछि पनि विभाजन र पुनः एकीकरण भएको थियो । त्यसैले नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास एकता, विभाजन, विद्रोह र पुनः एकताको इतिहासका रूपमा रहेको छ ।

२०३५/३६ सालमा विद्यार्थी आन्दोलनका रूपमा भएको शान्तिपूर्ण जनआन्दोलनले तत्कालिन सामन्ती शासकलाई आन्दोलनसामु झुक्न र जनमत संग्रह घोषणा गर्न वाध्य पारेको घटनाबाट शिक्षा लिएर नेकपा (माले) ले सुरुका दिनमा भन्ने गरेको सशस्त्र सङ्घर्ष क्रान्तिको एकमात्र सही बाटो हो भन्ने नीतिमा पुनर्विचार गरी शान्तिपूर्ण सङ्घर्षको विकास गर्ने नीति अँगाल्न पुग्यो । उसले पञ्चायती चुनावको क्रान्तिकारी उपयोग गर्ने नीति समेत लियो र त्यस नीतिको माध्यमबाट पार्टीलाई व्यापक जनताको माझमा पुऱ्यायो । उसले त्यसरी जनतामाझ जादा प्राप्त अनुभव समेतको आधारमा २०४६ सालमा आयोजित चौथो महाधिवेशनबाट पञ्चायतका विरुद्ध संयुक्त जनआन्दोलन गर्ने नीति पारित गऱ्यो र सोही नीतिका आधारमा संयुक्त वाममोर्चा निर्माण गर्ने र नेपाली कांग्रेससँग समेत सहकार्य गरी पञ्चायतका विरुद्ध संयुक्त जनआन्दोलन गर्ने कार्यमा समेत सामेल भयो । संयुक्त जन आन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गऱ्यो र मुलुकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो । यद्यपि कतिपय वामपन्थी समुहले त्यस बहुदलीय व्यवस्थालाई 'साम्राज्यवादी बहुदल' भनी वहिस्कार गर्ने नीति अवलम्वन गरे । त्यसो गर्नु सामन्तवादभन्दा पूँजीवाद प्रगतिशील हुन्छ भन्ने मार्क्सवादी मान्यता विपरीत उग्रवामपन्थी भड्काउ थियो । त्यसै नीतिबाट अगाडि बढेर १२ वर्षसम्म सशस्त्र युद्ध गरी फेरी शान्तिपूर्ण सङ्घर्षकै बाटोमा फर्कनु परेकोबाट नै त्यो पुष्टि हुन्छ ।

सोभियत सङ्घको विघटनपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा दुई खालका गलत प्रवृत्ति देखापरेका थिए । एउटा परिस्थिति प्रतिकुल छ भन्ने बहानामा मार्क्सवादलाई नै परित्याग गर्ने विसर्जनवादी प्रवृत्ति र अर्को सिद्धान्तलाई कहिलै नवदलिने जडसूत्रका रूपमा लिने र वदलिएको परिस्थिति अनुरूप सिर्जनात्मक ढङ्गले सोच्न तथा व्यवहार गर्न नसक्ने जडसूत्रवादी प्रवृत्ति । नेपालमा पनि उपर्युक्त दुवै प्रवृत्ति देखापरे । ती दुवै गलत प्रवृत्तिका विरुद्ध सङ्घर्ष गर्दै मार्क्सवादको रक्षा र सिर्जनात्मक प्रयोग गर्नु सच्चा क्रान्तिकारीहरूको दायित्व थियो । तत्कालीन नेकपा (एमाले) ले ती दुवै गलत प्रवृत्तिको विरोध गर्दै मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने विचार एवं कार्यक्रमका रूपमा जनताको बहुदलीय जनवाद अगाडि साऱ्यो । जनताको बहुदलीय जनवाद लिएर जनतामाझ जाँदा सकारात्मक प्रभाव पऱ्यो र २०५१ सालमा जनअभिमत प्राप्त गरी अल्पमतको भए पनि सरकार बनाएर राष्ट्र र जनताको पक्षमा धेरै राम्रा काम गर्ने अवसर मिल्यो । तर, विरोधीहरूले त्यस लोकप्रिय सरकारलाई नौ महिनाभन्दा बढी टिक्न दिएनन् । नेकपा (माओवादी) ले २०५२ फागुन १ बाट सुरु गरेको सशस्त्र सङ्घर्ष चर्काउँदै लगेपछि मुलुकमा चर्को द्वन्द्वको स्थिति

उत्पन्न भयो । द्वन्द्व चर्किएकै बेला २०५८ जेठ १९ मा राजा विरेन्द्रको वंशनास हुनेगरी भएको दरबार हत्या काण्डपश्चात् सत्तारुढ भएका ज्ञानेन्द्र शाहले चुनाव नभएको बहाना पारेर २०५९ असोज १८ मा लोकतन्त्रमाथि धावा बोली राज्यशक्ति आफ्नो हातमा लिएर शेरबहादुर देउवा नेतृत्वको जननिर्वाचित सरकारलाई अपदस्थ गरी हुकुमी पाराले लोकेन्द्र बहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरे । मुलुकका लोकतन्त्र पक्षधर सबै राजनीतिक दल, नागरिक समाज र आम जनसमुदाय त्यस प्रतिगामी कदमका विरुद्ध उभिए । आन्दोलनको दबाबमा परी २०६१ जेठ २१ मा शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा पुनःस्थापित गर्न राजा ज्ञानेन्द्र बाध्य भए । त्यस प्रतिगमन विरोधी आन्दोलनमा कम्युनिष्ट पार्टीहरूको अग्रणी भूमिका थियो । २०६१ माघ १९ मा प्रतिगमन फेरि दोहोरियो । राजा ज्ञानेन्द्रले फेरि लोकतन्त्रमाथि हमला गरे । उनले दलहरूको संयुक्त सरकार विघटन गरी आफ्नै नेतृत्वमा मन्त्रीपरिषद् गठन गरे । लोकतन्त्रवादी शक्तिहरू फेरि पनि प्रतिगमनका विरुद्ध उत्रिए । हाम्रो तत्कालीन पार्टी नेकपा (एमाले) ले प्रतिगमन विरुद्धको चालु आन्दोलनलाई गणतन्त्रको दिशामा अगाडि बढाउने निर्णय गरी आम जनतामा आह्वान गरेपछि आन्दोलनले नयाँ मोड लियो । आन्दोलन अगाडि बढ्दै जाँदा नेकपा (माओवादी) समेत बाह्र बुँदे समझदारीका साथ शान्तिपूर्ण सङ्घर्षमा सामेल हुन आयो । सिङ्गो मुलुक प्रतिगमनका विरुद्ध उत्रियो । प्रतिगमन विरोधी आन्दोलनले शान्तिपूर्ण जनक्रान्तिको रूप लियो र प्रतिगमनलाई परास्त गऱ्यो । जनक्रान्तिको बलमा पुनःस्थापित प्रतिनिधि सभाले सामन्ती राजतन्त्रका सबैजसो अधिकार कटौति गऱ्यो ।

नेपाल कम्युनिष्ट पार्टीले पार्टी स्थापना गर्दा राखिएका लक्ष्य उद्देश्य प्राप्त गर्नका लागि निरन्तर रूपमा अनेकौं प्रकारका सङ्घर्षहरू सञ्चालन गरको थियो । ती सङ्घर्षहरू कहिले शान्तिपूर्ण त कहिले सशस्त्र प्रकृतिका थिए । उक्त सङ्घर्ष र आन्दोलनको प्रहारले सामन्तवाद कम्जोर बन्दै गएको थियो र आन्दोलनसामु घुडा टेकेर कैयन सुधार कार्य गर्न वाध्य भएको थियो । तथापि त्यो सामन्ती सत्ता अझै उखेलिएको थिएन । २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिले सामन्तवादमाथि निर्णायक प्रहार गऱ्यो र नेपाली जनवादी क्रान्तिलाई सफलताको विन्दुमा पुऱ्यायो । शान्तिपूर्ण जनक्रान्तिद्वारा स्थापित अन्तरिम व्यवस्थापिकाले राजतन्त्रका सबै अधिकार खोसेको थियो र संविधान सभामार्फत गण्तन्त्रात्मक संविधान निर्माण गर्ने उद्घोष गरेको थियो । त्यस शान्तिपूर्ण जन क्रान्तिमा कम्युनिष्टहरूको नेतृत्वदायी भूमिका रहेको थियो । २०६४ सालमा निर्वाचित संविधान सभाको पहिलो बैठकले २०६५ जेठ १५ मा गणतन्त्र कार्यान्वयनको घोषणा गरेको थियो । २०७० सालमा निर्वाचित दोस्रो संविधान सभाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गरेको थियो । संविधानले राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनालाई संस्थागत गरेको थियो । २०७२ असोज ३ मा उक्त संविधान घोषणा गरी कार्यान्वयन गरिएको थियो । सोही दिनदेखि नेपाल नयाँ युगमा प्रवेश गऱ्यो ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने संविधान बनाउने दुवै संविधान सभामा कम्युनिष्ट पार्टीहरूकै बर्चस्व थियो । संविधान सभाबाट संविधान निर्माण गरी घोषणा एवं लागू गर्नमा पनि तिनीहरूको नै प्रमुख भूमिका रहेको थियो । यस प्रकार नेपालको कम्युनिष्ट आन्दोलन यहाँका सबै क्रान्तिकारी आन्दोलनहरूको अभिन्न अङ्गका रूपमा रहेको छ र यसको इतिहास उपर्युक्त आन्दोलनहरूमा निर्णायक भूमिका निभाउने शक्तिको गौरवपूर्ण इतिहासका रूपमा रहेको छ ।

नेपालमा मार्क्सवाद प्रयोग गर्ने सन्दर्भमा विभिन्न प्रकारका विचार र कार्यक्रमहरू प्रस्तुत गरिए । तीमध्ये कार्यक्रमको हिसावले नयाँ जनवादी कार्यक्रम र जनताको बहुदलीय जनवादी कार्यक्रम बढी महत्वपूर्ण रहे । नयाँ जनवादी कार्यक्रमले नेपालको श्रमजीवी वर्गलाई समाजमा व्याप्त वर्गीय शोषण, दमन र उत्पीडनको वोध गराएर उनीहरूलाई सङ्गठित एवं आन्दोलित गर्ने काम गऱ्यो र त्यसको माध्यमबाट कम्युनिष्ट पार्टीलाई आम श्रमजीवी जनतामा स्थापित गऱ्यो । त्यसले नेपाली राष्ट्रियताको आन्दोलन अगाडि बढाउन महत्वपूर्ण योगदान गर्नुका साथै जनवादी साहित्य, कला र संस्कृतिको विकासमा पनि मार्गदर्शन गऱ्यो । जनताको बहुदलीय जनवादले सोभियत सङ्घको विघटनपछि संसारका विभिन्न मुलुकमा कम्युनिष्ट आन्दोलन विघटन हुँदै गएको सङ्कटपूर्ण अवस्थामा नेपालको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक माध्यमबाट व्यापक जनतामाझ स्थापित गर्ने र लोकप्रिय बनाउने काम गऱ्यो । कम्युनिष्ट पार्टीलाई लाग्ने गरेको एकदलीय शासन र अधिनायकवादी शासनको पक्षपोषण गर्छ भन्ने आरोपको व्यवहारद्वारा खण्डन गऱ्यो । कम्युनिष्ट पार्टी बुर्जुवा पार्टीसँगको प्रतिस्पर्धामा प्रभावकारी ढङ्गले प्रस्तुत भएर अब्बल सावित हुनसक्ने उदाहरण पनि स्थापित गरिदियो । त्यसैगरी सङ्घर्षका पनि दुइओटा रूप नै अवलम्बन गरियो । शान्तिपूर्ण सङ्घर्ष र सशस्त्र सङ्घर्ष । सशस्त्र सङ्घर्षमध्ये माओवादी जनयुद्धको रूपमा चलेको सङ्घर्षले नेपाली समाजमा रहेका विभिन्न खाले विभेदका विरुद्ध सङ्घर्षमा उत्रिन विभिन्न वर्ग र समुदायका जनतालाई प्रेरित गऱ्यो । जनताको बहुदलीय जनवादले जोड

दिएको शान्तिपूर्ण सङ्घर्षले सामन्ती राजतन्त्रका विरुद्धको सङ्घर्षमा आम जनतालाई गोलबन्द गऱ्यो । नेपाली जनवादी क्रान्ति सफल बनाउन उपर्युक्त विचार, कार्यक्रम र सङ्घर्षको महत्वपूर्ण योगदान रहेको छ ।

संसारका अन्य भागमा कम्युनिष्ट आन्दोलन कम्जोर हुँदा पनि नेपालमा त्यस्तो भएन । यहाँ कम्युनिष्ट आन्दोलन विभाजित भए पनि वलियो र जनतामा राम्रो प्रभाव भएको आन्दोलनका रूपमा रह्यो । यसो हुनुमा नेकपाले आफ्नो स्थापना कालदेखि जनवादी कार्यक्रमको रूपमा अगाडि सारेको क्रान्तिकारी विचार र श्रमजीवी वर्गपक्षधर दृष्टिकोण, सामन्तवादका विरुद्ध सुरु कालमा गरिएका अनेकन सङ्घर्ष, राजा महेन्द्रले लादेको तानाशाही व्यवस्था विरोधी सङ्घर्ष, तीसको दशकमा भएका झापा सङ्घर्ष, बर्रे सङ्घर्ष लगायतका अनेकन सङ्घर्ष, जनताको बहुदलीय जनवादको मार्ग दर्शनमा आम जनताबिच स्थापित गरिएको जनपक्षीय राजनीति र माओवादी सशस्त्र सङ्घर्ष यी सबैको योगदान छ । संक्षिप्तमा भन्नुपर्दा नेपाली कम्युनिष्ट आन्दोलनमा रहेका केही विशेषताले गर्दा नेपालको कम्युनिष्ट आन्दोलन सशक्त, प्रभावकारी र लोकप्रिय हुनसकेको हो । ती विशेषता हुन् :

१. मुलुकको विशिष्ट परिस्थिति अनुरूप मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने विचार अँगाल्नु र त्यसलाई व्यवहारमा उतार्न निरन्तर लागिपर्नु ।

२. सर्वहारा श्रमजीवी वर्गका हक, हित र जनजीविकाको पक्षपोषण गर्दै समाजको आमूल परिवर्तन गर्न निरन्तर सङ्घर्ष गर्नु,

३. आम जनतामा नयाँ चेतना जगाउँदै जनताका हक अधिकारको निम्ति जनतासँगै जोडिएर निरन्तर सङ्घर्ष गर्नु,

४. राष्ट्रियताको पक्षमा दृढ अडान राखी सङ्घर्ष गर्नु,

५. लोकतान्त्रिक मूल्यमान्यता अगाल्नु र त्यसका निम्ति निरन्तर सङ्घर्ष गर्नु,

६. आफैभित्रका दक्षिणपन्थी र उग्रवामपन्थी विचार एवं प्रवृत्तिका विरुद्ध सङ्घर्ष गर्नु,

७. संयुक्त मोर्चा एवं सहकार्य र सहमतिको राजनीति समेत अँगाल्नु ।

नेपाली कम्युनिष्ट आन्दोलनको भविष्यतर्फ नियाल्दा यसका सामु चुनौति र सम्भावना दुवै रहेको देखिन्छ । सम्भावनाहरूलाई सही ढङ्गले पहिल्याउन सकेको खण्डमा र चुनौतिहरूको सामना गर्दै अगाडि वढेको खण्डमा यसले अझै राम्रो विकास गर्दै जानेछ र मुलुकको नेतृत्वकारी विचार एवम् शक्ति बन्नेछ भन्ने कुरामा कुनै सन्देह छैन ।

## ५. नवौं महाधिवेशनका निष्कर्ष र कार्यान्वयनको समीक्षा

२०७१ असार १९ मा सुरुभई साउन १ मा सम्पन्न भएको नेकपा (एमाले) को नवौँ महाधिवेशन नेकपाको इतिहासमा एउटा महत्वपूर्ण मोड थियो किनभने त्यस महाधिवेशनले नेपाली समाज र क्रान्तिको चरित्रका बारेमा नयाँ निष्कर्ष निकालेको थियो । नेकपाले आफ्नो स्थापना कालदेखि नै तत्कालीन नेपाली समाज अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ भन्ने विश्लेषण गर्दै आएको थियो । नवौँ महाधिवेशनले पार्टी स्थापना कालदेखि नै सामन्तवादका विरुद्ध निरन्तर रूपमा सञ्चालन गरिएका विभिन्न प्रकारका सङ्घर्षहरूको परिणामस्वरूप समाजको आर्थिक सामाजिक क्षेत्रमा भएका परिवर्तन तथा २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिबाट सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भएसँगै सामन्तवाद आधारभूत रूपमा ढलेको छ र नेपाली समाज पूँजीवादी युगमा प्रवेश गरेको छ भन्ने नयाँ निष्कर्ष निकालेको थियो । त्यसैगरी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासँगै नेपाली जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको छ र समाजवादी क्रान्तिको चरण सुरु भएको छ भन्ने निष्कर्ष पनि त्यस महाधिवेशनले निकालेको थियो ।

नवौं राष्ट्रिय महाधिवेशनले मुलुकमा पूँजीवादी जनवादी क्रान्ति मूलतः सम्पन्न भएको व्याख्या गर्दै नेपाली समाज पूँजीवादमा प्रवेश गरेको निष्कर्ष निकाली पार्टीले अब जनवादी क्रान्तिका उपलब्धि अर्थात् मुलुकमा आएको राजनैतिक परिवर्तन अनुरूप समाजको आर्थिक-सामाजिक एवं सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गरेर नेपाली विशेषताको समाजवादका आधार निर्माण गर्ने कार्यदिशा अँगाल्ने छ भन्ने निर्णय र निर्देश पनि गरेको थियो ।

नवौँ महाधिवेशनले निकालेका निष्कर्ष र त्यसले गरेका निर्णय एवम् निर्देश एकदमै सही थिए । तिनीहरूको कार्यान्वयन हुँदा मुलुक प्रगति पथमा अगाडि बढ्न सक्थ्यो । समाजमा विद्यमान तमाम समस्याहरूको समाधान गर्दै समाजवादका आधार निर्माण गर्न सकिन्थ्यो तर सोही महाधिवेशनबाट निर्वाचित मूल नेतृत्व महाधिवेशनले तय गरेको कार्यदिशा अनुरूप अगाडि बढ्न र महाधिवेशनका निर्णय एवम् निर्देशको कार्यान्वयन गर्न कहिल्यै पनि तयार भएन । हामीले

बारम्बार आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्न जोड गर्‍यौँ । कैयौँ पटक फरक मत पनि राख्यौँ । तर पार्टीको मूल नेतृत्व महाधिवेशनले तय गरेको कार्यदिशा अनुरूप अगाडि बढ्न तयार हुँदै भएन, स्वेच्छाचारी ढङ्गले चलिरह्यो । पार्टीका क्रान्तिकारी नीति, सिद्धान्त र विचार सबै परित्याग गरियो । पार्टीका स्थापित विधि, पद्धति र संस्थागत प्रणालीलाई लत्याएर सम्पूर्ण रूपमा व्यक्तिवादी ढङ्गले चल्ने काम भयो । नीति प्रधान हुनुपर्ने कम्युनिष्ट पार्टीलाई सम्पूर्ण रूपमा नेता प्रधान बनाइयो । पार्टी एकता गर्ने जस्तो विशेष महत्वको विषयमा समेत पार्टीभित्र कुनै छलफल र निर्णय गरिएन । पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलमा धकेल्दै लगियो । हामीले उक्त गलत विचार र व्यवहारका विरुद्ध निरन्तर अन्तरपार्टी संघर्ष चलायौँ तर पार्टीको प्रमुख नेता केपीशर्मा ओलीको विचार, व्यवहार र कार्यशैली बदलिएन । उनी गुटबन्दीपूर्ण कृयाकलापमा चुर्लुम्मै डुबिरहे ।

### ६. दक्षिणपन्थी अवसरवाद र विसर्जनवाद विरुद्ध सङ्घर्ष

अवसरवाद सिद्धान्त र आदर्शप्रति बेवास्ता गर्दै तात्कालिक परिस्थितिको उपयोग गरेर फाइदा लिने वा स्वार्थ सिद्ध गर्ने कार्य हो भने विसर्जनवाद परिस्थिति अनुकुल छैन भन्ने निहुमा मार्क्सवादका प्रावधानहरूलाई लत्याउने कार्य हो । राजनीतिमा अवसरवाद र विसर्जनवाद प्रायजसो सत्ता स्वार्थसँग जोडिएको हुन्छ ।

विश्व कम्युनिष्ट आन्दोलनमा शुरुदेखि नै दुईखाले गलत प्रवृत्ति रहिआएका छन् । ती हुन् : उग्र वामपन्थी भड्काउ र दक्षिणपन्थी अवसरवाद । उग्रवामपन्थी भड्काउ परिस्थितिभन्दा अगाडि दगुर्नखोज्ने, मात्रात्मक परिवर्तनलाई महत्व नदिने, गुणात्मक फड्कोमा मात्रै जोडदिने, बस्तुवादी ढङ्गले नसोच्ने, मनोगतवादी एवम् जडसूत्रवादी चिन्तन र अवस्तुवादी कार्यक्रम-कार्यनीति अंगालेर हिड्ने तथा अराजक कार्यशैली र सर्वसत्तावादी चरित्र भएको विचार एवम् व्यवहार प्रवृति हो । दक्षिणपन्थी अवसरवाद सुधारात्मक कार्यमा मात्र ध्यान दिने, गुणात्मक फड्कोको दिशामा अगाडि बढ्न नचाहने र प्रगतिका निम्ति अगाडि नबढी यथास्थितिमा रमाइरहने प्रवृति हो । कम्युनिष्ट आन्दोलनमा अहिले पनि विद्यमान यी प्रवृत्तिहरू नै अवसरवादका मुख्य प्रकार हुन् । यी गलत प्रवृत्तिका विरुद्ध मार्क्स, एंगेल्स, लेनिन, माओ सबैले सङ्घर्ष गरेका थिए ।

नेपालको कम्युनिष्ट आन्दोलनमा पनि शुरुदेखि नै उपर्युक्त गलत प्रवृति रहिआएका छन् र यी गलत प्रवृत्तिका विरुद्ध सङ्घर्ष पनि चलिआएको छ । नेपाली कम्युनिष्ट आन्दोलनमा उग्रवामपन्थी भड्काउ दक्षिणपन्थी अवसरवाद दुबैबाट क्षति भएको छ । त्यसमा पनि पार्टीको दोस्रो महाधिवेशनबाट पार्टी महामन्त्री बनेका केशरजङ्ग रायमाझीले अँगालेको दक्षिणपन्थी अवसरवाद र नवौँ महाधिवेशनबाट निर्वाचित पार्टी अध्यक्ष केपी ओलीले अँगालेको दक्षिणपन्थी अवसरवादले अझ बढी क्षति पुर्‍याएको छ । रायमाझीले दोस्रो महाधिवेशनबाट पारित गरिएको गणतान्त्रिक कार्यदिशा कार्यान्वयन नगरी सामन्तवादको सेवा गरेका थिए भने नवौँ महाधिवेशनबाट निर्वाचित अध्यक्ष केपी ओलीले पनि नवौँ महाधिवेशनबाट पारित समाजवादी कार्यदिशा कार्यान्वयन नगरी वित्रीय तथा दलाल-नोकरशाही पूँजीवादको सेवा गरेका थिए । केशरजङ्ग रायमाझीले २०१७ सालमा राजाको प्रतिगामी कदमलाई समर्थन गरेका थिए भने ओलीले प्रतिनिधि सभा विघटन गरेर आफै प्रतिगामी मार्ग अबलम्बन गरेका थिए ।

रायमाझीको दक्षिणपन्थी अवसरवादका विरुद्ध पुष्पलाल, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मोहनविक्रम सिंहलगायत नेताहरूले तीखो सङ्घर्ष सञ्चालन गर्नुभएको थियो भने हामीले नवौँ महाधिवेशनबाट पार्टीको मूल नेतृत्वमा पुगेका केपी ओलीको दक्षिणपन्थी अवसरवादका विरुद्ध सङ्घर्ष गर्‍यौँ । दक्षिणपन्थी अवसरवाद विरुद्ध सङ्घर्षको प्रथम पक्ष पार्टीका क्रान्तिकारी नीति, सिद्धान्त र विचारको रक्षा गर्नु थियो किनभने पार्टीका क्रान्तिकारी नीति, सिद्धान्त र विचार सबै परित्याग गरी पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलमा धकेल्दै लगिएको थियो । दोस्रो पक्ष पार्टीको नवौँ महाधिवेशनबाट पारित कार्यदिशा र निर्देश कार्यान्वयन गर्नु गराउनु थियो । तेस्रो पक्ष पार्टीका स्थापित विधि, पद्धति र संस्थागत प्रणालीको रक्षा गर्नु थियो ।

पार्टीको अध्यक्ष र संसदीय दलको नेताको हैसियतले प्रधानमन्त्री बनेका व्यक्तिले पार्टीमा निर्णय गराउनु त परै जावस कुरै नराखी असंवैधानिक ढङ्गले प्रतिनिधि सभाको विघटन गर्ने सिफारिस गरेर लोकतन्त्र समाप्त गर्ने प्रतिगामी कदम चालेकाले हामी त्यस प्रतिगामी कदमका विरुद्ध उभिन बाद्य भयौँ । किनकि असंवैधानिक ढङ्गले जन निर्वाचित प्रतिनिधि सभाको विघटन गर्ने विषय पार्टीको आन्तरिक विषय अर्थात अन्तरपार्टी सङ्घर्षको विषय मात्र थिएन । यो त जनताले आफ्ना प्रतिनिधिमार्फत निर्माण गरेको संविधानमाथि हमला गर्ने, जनताले सङ्घर्ष गरेर प्राप्त गरेका अधिकारहरू अपहरण गर्ने र जनवादी क्रान्तिका सम्पूर्ण उपलब्धिहरू नष्ट गर्ने प्रतिगामी कदम थियो । त्यसैले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटीको अत्यधिक (करिब ७० प्रतिशत) बहुमतले त्यसलाई

प्रतिगामी कदम भनी भर्त्सना गरेको थियो र त्यसका विरुद्ध राजनीतिक एवम् कानुनी सङ्घर्ष गर्ने निर्णय गरेको थियो । त्यसैले हामी त्यस प्रतिगामी कदमका विरुद्ध खुल्ला विद्रोहमा उत्रियौँ । मुलुकका सबै लोकतान्त्रिक शक्ति, नागरिक समाज र लोकतन्त्रप्रेमी जनता त्यस प्रतिगामी कदमका विरुद्ध आन्दोलित भए । कानुनी र सडक सङ्घर्षबाट उक्त प्रतिगमनलाई परास्त गरेर संविधान र लोकतन्त्रको रक्षा गरियो । अहिले फेरि दक्षिणपन्थी शक्तिहरूका प्रतिगमनकारी स्वरहरू सुनिँदै छन् । गणतन्त्रका विरुद्ध षड्यन्त्रका तानाबाना पनि अझै बुनिँदै छन् । हाम्रो पार्टीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र विरोधी हरेक षड्यन्त्रलाई चकनाचुर पार्दै जनवादी क्रान्तिका उपलब्धीहरूको रक्षा गर्ने र समाजवादका आधार निर्माण गर्ने अभियानको नेतृत्व गर्नुपर्दछ ।

### ७. निर्वाचनमा सफलता, सरकार निर्माण र पार्टी एकता

संविधान सभाबाट संविधान निर्माण गरेर घोषणा भएपछि २०७४ सालमा पहिलो आम निर्वाचन भएको थियो । त्यस निर्वाचनमा मुलुकका दुई ठूला कम्युनिष्ट पार्टी तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) चुनावपछि पार्टी एकता नै गर्ने सहमतिसहित तालमेल गरेर चुनाव लडेका थिए । दुई ठूला कम्युनिष्ट पार्टी मिलेर जनतामाझ गएको हुनाले जनताबाट राम्रो समर्थन प्राप्त भएको थियो र प्रतिनिधि सभाका करीव दुईतिहाइ स्थानमा विजय हासिल भएको थियो । निर्वाचनलगत्तै दुई पार्टी मिलेर सरकार बनाइयो र पार्टी एकता पनि गरियो तर पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै पदमा बसेका व्यक्तिबाट पार्टी र सरकार दुवै पार्टीका सिद्धान्त, विचार र नीति अनुसार चलाइएन ।

२०७४ सालको आम निर्वाचनमा कम्युनिष्ट पार्टीलाई जुन सफलता मिलेको थियो र जुन शक्तिशाली सरकार बनेको थियो त्यो मुलुकमा आर्थिक–सामाजिक–सांस्कृतिक रूपान्तरण गर्ने एउटा सशक्त माध्यम र उपयुक्त अवसर थियो । त्यसलाई पार्टीको नवौं महाधिवेशनले निर्देश गरेको र पार्टी एकता गर्दाको दस्तावेजमा पनि अँगालिएको समाजवादका आधार निर्माण गर्ने कार्यमा प्रयोग गर्न सकिन्थ्यो, गर्नु पर्दथ्यो । तर, पार्टी र सरकारको नेतृत्व हातमा लिएका व्यक्ति जनताबाट प्राप्त त्यस शक्तिलाई देश र जनताको हितमा काम गर्न उपयोग गर्ने होइन आफ्नो निहित स्वार्थ पूरा गर्नका निम्ति दुरूपयोग गर्न तल्लिन रहे । पार्टीमा सरकारले आर्थिक–सामाजिक–सांस्कृतिक रूपान्तरणका कार्यक्रम ल्याउनु पऱ्यो भनेर पटक–पटक कुरा उठाइयो तर त्यसलाई वास्तै गरिएन । पार्टी नीति, चुनावी घोषणापत्र र जनताको अपेक्षा अनुसार कुनै पनि काम भएनन् । सरकारका नीति तथा कार्यक्रमहरू पार्टीले अघि सारेका नीति तथा कार्यक्रम र निर्वाचन घोषणापत्रमा जनतासामु व्यक्त गरिएका प्रतिवद्धता विपरीत राष्ट्रिय पूँजीलाई हतोत्साहित गर्ने र विदेशी दलाल पूँजीलाई प्रोत्साहित गर्नेगरी ल्याइयो । दलाल पूँजीलाई प्रोत्साहित गर्नेगरी कृषिमा वैदेशिक लगानी विधेयक अगाडि सारियो । साथै पार्टीको कुनै पनि तहमा छलफल नगरी जनताका साँस्कृतिक मूल्यमान्यतामा प्रहार हुनेगरी गुठी विधेयक ल्याइयो । हामीले पार्टी नीति र जनअपेक्षा अनुसार सरकार सञ्चालन गर्न बारम्बार आग्रह गर्दा पनि पार्टीभित्रको आवाजलाई नसुनेर अलोकतान्त्रिक, गैरजिम्मेवार र सर्वसत्तावादी सोचबाट चल्ने काम भइरह्यो । यस्तो अवस्थामा सरकारलाई पार्टी नीतिअुरूप सञ्चालन गर्ने प्रयत्नस्वरूप पटक पटक कार्यदल बनाई समस्याको पहिचान गर्ने र समाधानको उपाय निकाल्दै सरकारलाई दिशानिर्देश गर्ने कार्य पनि भएको हो । तर पार्टीका संस्थागत निर्णय, कार्यदलका सुझाव, पार्टी विधान, देशको संविधानसमेतलाई चुनौती दिँदै राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याउने र नेकपा विभाजन गरेरै भएपनि आफ्नो स्वार्थसिद्ध गर्ने प्रवृत्तिले निरन्तरता पाइरह्यो ।

### ८. प्रतिगमन विरुद्ध सङ्घर्ष

पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै पदमा रहेका व्यक्ति पार्टीको नीति र निर्देशन अनुसार होइन स्वेच्छाचारी ढङ्गले र मुलुकको संविधान अनुसार पनि होइन असंवैधानिक ढङ्गले चलेको हुँदा गम्भीर समस्या उत्पन्न भयो । उनले पार्टीको संस्थागत नीति र निर्णयभन्दा बाहिर गएर प्रतिगामी तथा पुनरुत्थानवादी शक्तिसँग अघोषित सम्झौता र बाह्य शक्तिकेन्द्रसँग अपारदर्शी ढङ्गले साँठगाँठ गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र, देशको संविधान र अग्रगामी उपलब्धिलाई समाप्त गर्ने उद्देश्यका साथ २०७७ पौष ५ मा असंवैधानिक ढङ्गले प्रतिनिधिसभाको विघटन गर्नेजस्तो प्रतिगमनकारी कदम चाल्न पुगे । पार्टी स्थायी कमिटीको बहुमतले प्रतिनिधिसभाको विघटन नगर्न र पार्टीको बैठकमा बसी छलफल गरेर निकास निकाल्न गरेको आग्रहलाई समेत लत्याउँदै असंवैधानिक एवम् स्वेच्छाचारी ढङ्गले प्रतिनिधिसभाको विघटन गरेपछि स्थिति झनै गम्भीर बन्न पुग्यो ।

प्रतिनिधिसभाको विघटन गर्ने कार्य पार्टीको आन्तरिक विषय मात्र रहेन अर्थात अन्तरपार्टी सङ्घर्षको विषय मात्र रहेन । यो विषय संविधान र लोकतन्त्रको रक्षा एवम् राष्ट्रियताको जगेर्नाको विषय समेत बन्यो । त्यसैले पार्टीको बहुमत शक्ति मुलुकमाथि थोपरिएको उक्त प्रतिगमनकारी कदमका विरुद्ध खडा भयो र प्रतिनिधि सभाको पुनःस्थापनाको

आन्दोलनमा उत्रियो । हाम्रो पार्टीको बहुमत शक्ति मात्र होइन लोकतन्त्र पक्षधर सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, पेसाकर्मी, कानुन व्यवसायी, सञ्चारकर्मी, कलाकर्मीलगायत आम नेपाली जनता त्यस प्रतिगमन विरोधी आन्दोलनमा संलग्न भए । अर्कोतर्फ प्रतिनिधिसभा पुनःस्थापना गरियोस् भनेर सर्वोच्च अदालतमा रिट समेत पऱ्यो । लोकतन्त्रको रक्षार्थ उठेको प्रतिगमन विरोधी आन्दोलन पश्चगामी नीति अँगालेको र राजनीतिक रूपमा एक्लिदै गएको सरकारको दमनचक्रलाई चिर्दै अगाडि बढ्यो । प्रतिगमन विरोधी आन्दोलन चलिरहेकै अबस्थामा २०७७ फागुन ११ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधि सभाको विघटन गर्ने कार्यलाई असंवैधानिक ठहर गर्दै प्रतिनिधि सभा पुनःस्थापना गर्ने फैसला गऱ्यो ।

सर्वोच्च अदालतको प्रतिनिधि सभा पुनःस्थापना गर्ने फैसलाबाट रन्थनिएका प्रधानमन्त्री केपी ओली चुप लागेर बसेनन् । उनको दक्षिणपन्थी अवसरवादी चिन्तनद्वारा निर्देशित यात्रा जारी नै रह्यो । उनले पहिले त प्रतिनिधि सभाका बहुमत सदस्य विरुद्धमा हुँदाहुँदै राष्ट्रपतिलाई प्रयोग गरेर आफैलाई प्रधानमन्त्री नियुक्त गराए । दोस्रो अदालतलाई प्रभावित गरेर पार्टी एकता भङ्ग गर्ने निर्णय गराए । तेस्रो प्रतिनिधि सभाले उनलाई विश्वासको मत नदिएपछि संविधान र सर्वोच्च अदालतको २०७७ फागुन ११ गतेको फैसला विपरीत २०७८ जेठ ७ मा पुनः प्रतिनिधि सभा विघटन गर्न सिफारिस गरे । प्रतिनिधि सभाको विघटन गर्ने कार्यलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले असंवैधानिक हो भन्ने ठहर गरिसकेको अवस्थामा फेरि त्यही काम गरिनु गम्भीर विषय थियो । यो पुनःप्रतिगमन थियो । संविधान र गणतन्त्रको रक्षा गर्नका निम्ति निर्णायक सङ्घर्षमा उत्रिनु पर्ने विषय थियो । त्यसैले हामी उक्त प्रतिगामी कदमका विरुद्ध उभियौँ ।

नेकपा (एमाले) को फरक विचार समूह, नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा संवद्ध १४६ जना प्रतिनिधिसभा सदस्यहरूद्वारा त्यस प्रतिगामी कदमको विरोध गर्दै प्रतिनिधि सभा पुनःस्थापनाको माग राखेर २०७८ जेष्ठ ८ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो । सर्वोच्च अदालतले रिट निवेदनकर्ताहरू स्वयम् अदालतमा उपस्थित भएर सनाखत गर्नुपर्ने भनेकाले रिट निवेदनकर्ता सांसदहरू आफै अदालतमा उपस्थित भएर सनाखत गर्ने काम भयो । अघिल्लो पटक जस्तै यस पटक पनि लोकतन्त्र पक्षधर राजनीतिक दल, कानुन व्यवसायी, नागरिक समाज, बुद्धिजीवी, पेसाकर्मी, सञ्चारकर्मी, कलाकर्मीलगायत आम नेपाली जनताको ठूलो हिस्सा त्यस प्रतिगामी कदमका विरुद्ध उभियो । ठूलाठूला विरोध प्रदर्शन र सभाहरू भए । सर्वोच्च अदालतले प्रतिनिधि सभाको विघटन गर्ने कार्यलाई फेरि पनि असंवैधानिक नै हो भन्ने ठहरसहित २०७८ असार २८ गते रिटमा माग गरिए अनुसार नै प्रतिनिधि सभाको पुनःस्थापना गर्ने फैसला गऱ्यो र २०७८ श्रावण ३ गते अपरान्ह ५ बजेभित्र प्रतिनिधि सभाको बैठक बसी माननीय शेरबहादुर देउवालाई प्रधानमन्त्री चयन गर्न परमादेश समेत जारी गऱ्यो । प्रतिगमन पुनः परास्त भयो ।

### ९. देउवा नेतृत्वको गठबन्धन सरकार

सर्बोच्च अदालतको फैसला अनुसार २०७८ श्रावण ३ गते अपरान्ह प्रतिनिधि सभाको बैठक बसी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई संविधानको धारा ७६ को ५ बमोजिम प्रधानमन्त्री चयन गर्ने निर्णय गरियो । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टीको सहभागिता तथा राष्ट्रिय जनमोर्चाको समर्थनमा गठबन्धन सरकार निर्माण भयो । प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत माग्दा नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधिसभाका १४ जना सदस्यहरूले समेत विश्वासको मत दिए । संविधानको धारा ७६ को उपधारा ५ बमोजिम निर्माण भएको सरकारका प्रधानमन्त्रीलाई विश्वासको मत दिदा दलको ह्विप नलाग्ने व्याख्या सर्वोच्च अदालतले गरेको हुँदाहुँदै पनि नेकपा (एमाले) ले प्रधान मन्त्रीलाई विश्वासको मत दिने प्रतिनिधि सभाका १४ जना सदस्यहरूलाई कारवाही गर्ने निर्णय गऱ्यो ।

संविधान र गणतन्त्रलगायत जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्नका लागि गठबन्धन सरकारको निर्माण गर्नु राष्ट्रिय आवश्यकता थियो । त्यसैले हामी उक्त सरकार निर्माण गर्ने कार्यमा संलग्न भएका थियौँ । तर, हामी तवसम्म नेकपा (एमाले) मा आबद्ध भएको हुनाले सरकारमा सामेल हुने कुरा भएन । तथापि एमालेले हाम्रा विरुद्ध कारवाही प्रकृया अगाडि बढाएको हुनाले स्थिति झन बढी गम्भीर बन्दै गयो । एमालेले चलाएको कारवाही केवल हामीमाथिको कारवाही मात्र थिएन, संविधान र सर्वोच्च अदालतको फैसला विरुद्ध समेत थियो । त्यो नेपाली कम्युनिष्ट आन्दोलनलाई विसर्जनको दिशामा धकेल्ने दक्षिणपन्थी अवसरवादको द्योतक पनि थियो । त्यस खालको परिस्थितिमा हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न, नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा एवम् विकास गर्न र

मुलुकलाई संविधानले निर्देश गरे अनुसार समाजवादको दिशामा अगाडि बढाउनका निम्ति योगदान गर्न दक्षिणपन्थी अवसरवाद, विसर्जनवाद, व्यक्तिवाद र अहङ्कारवादका विरुद्ध विद्रोह गरी अगाडि बढ्यौं । हामीले आफ्नो कानुनी हैसियत पनि कायम गर्नुपर्ने हुनाले दल दर्ताको प्रकृयामा गयौं र २०७८ भाद्र २ मा नेकपा (एकीकृत समाजवादी) गठन गर्ने निर्णय गरी निर्वाचन आयोगमा निवेदन दियौं । २०७८ भाद्र ९ मा नेकपा (एकीकृत समाजवादी) ले निर्वाचन आयोगबाट पार्टी दर्ताको प्रमाणपत्र प्राप्त गर्‍यो । यसरी हाम्रो पार्टी निर्वाचन आयोगमा विधिवत् रूपले दर्ता भएपछि मात्र हामी पाँच दलीय गठबन्धनमा सामेल भयौं र २०७८ असोज २२ गते उक्त गठबन्धन सरकारमा पनि समावेश भयौं ।

उक्त गठबन्धन सरकारका केही निश्चित् दायित्वहरू थिए । त्यसबेला मुलुक कोभिड-१९ को प्रकोपले थिलोथिलो भएको थियो । त्यसैले त्यस गठबन्धन सरकारले कोभिड-१९ को महामारीबाट उत्पन्न मानवीय सङ्कटको समाधान गर्ने, सङ्कटग्रस्त उद्योगलगायतका क्षेत्रहरूको उत्थान गर्ने र श्रमजीवी, विपन्न, बेरोजगारका निम्ति राहतको व्यवस्था गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखेको थियो । संविधानको सर्वोच्चता, कानुनी राज्य र सुशासनको प्रत्याभूति दिने; विस्तृत शान्ति सम्झौताका बाँकी काम र विभिन्न पक्षसँग भएका सहमतिको कार्यान्वयन गर्ने; प्रदेश र स्थानीय तहका सरकारहरूको सवलीकरण गर्ने; उत्पादनमुखी अर्थतन्त्रमा जोड दिँदै महँगी नियन्त्रण गर्ने; बाढी, पहिरो तथा डुबानमा परेका जनताको उद्धार, राहत र पुनःस्थापनामा जोड दिने; भ्रष्टाचारको छानबिन र कारबाहीका लागि अग्रसरता लिने; राष्ट्रिय हितमा आधारित सन्तुलित परराष्ट्र नीति अबलम्बन गर्ने; संवाद, सहमति र सहकार्यको संस्कृति विकास गर्दै राष्ट्रिय एकता सुदृढ गर्ने आदि त्यस सरकारका प्राथमिकता थिए । त्यस सरकारको सबैभन्दा प्रमुख दायित्व संविधान कृयाशील बनाई सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचन गराउने थियो ।

सरकारबाट कोभिड-१९ महामारीको नियन्त्रण र उपचारमा प्रभावकारी पहल भएको थियो । वैदेशिक रोजगारीमा जाने प्रकृयालाई सहज र सरल बनाउने, हवाइ सेवामा सुधार गर्ने, बागमती नदीको सौन्दर्यकरण कार्य अगाडि बढाउनेलगायतका काम भएका थिए । त्यस सरकारको सबैभन्दा प्रमुख दायित्वका रूपमा रहेको सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचन गराउने काम सफलतापूर्वक सम्पन्न भएको थियो ।

## १०. पार्टी एकता भङ्ग गर्ने अदालती फैसला

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच २०७५ जेष्ठ ३ मा एकता गरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्माण गरिएको थियो र उक्त पार्टी दर्ता गर्न निर्वाचन आयोगमा निवेदन दिइएको थियो । निर्वाचन आयोगमा नेपाल कम्युनिष्ट पार्टी नाम गरेको अर्को पार्टी दर्ता भएको कारणले यो नाममा केही परिवर्तन गर्न सुझाव आएकोले कोष्टभित्र (नेकपा) राखेर २०७५ जेष्ठ २३ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्वाचन आयोगमा विधिवत दर्ता भएको थियो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्वाचन आयोगमा दर्ता भएको केही दिनपछि उक्त नाम आफ्नो पार्टीको नामसँग मिलेको हुनाले यो नाममा अर्को पार्टी दर्ता नगरियोस् भनी ऋषि कट्टेलद्वारा निर्वाचन आयोगमा उजुरी गरियो । निर्वाचन आयोगले उक्त उजुरीमाथि छानविन गरी २०७५ कार्तिक ९ मा उजुरी खारेज गर्ने र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई मान्यता दिने निर्णय गर्‍यो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नामबाट पार्टीले २०७७ माघमा भएको राष्ट्रिय सभाको निर्वाचनमा भाग समेत लियो ।

ऋषि कट्टेलले निर्वाचन आयोगको निर्णयका विरुद्ध २०७५ मंसिर २१ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नाम परिवर्तन गरियोस् भन्दै सर्बोच्च अदालतमा रिट निवेदन दिए । सर्वोच्च अदालतले वादीद्वारा माग नै नगरेको बिषयमा प्रवेश गरी २०७७ फागुन २३ गते नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच २०७५ जेठ ३ गते भएको पार्टी एकता खारेज गर्दै एकताबद्ध भएका दुवै पार्टीलाई पूर्ववत अवस्थामा अर्थात् २०७५ जेष्ठ २ गतेको अवस्थामा फर्काउने फैसला गर्‍यो । फैसलामा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) एकतापूर्वको आ आफ्नो पार्टीमा अर्थात २०७५ जेष्ठ २ गतेको अवस्थामा फर्कने वा पार्टी एकता कायम राख्ने भए दुवै पक्ष मिलेर १५ दिनभित्र अर्को नाम लिई निर्वाचन आयोग जाने भनी दुईओटा विकल्प दिइएको भएता पनि त्यो फैसला नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच २०७५ जेठ ३ गते भएको पार्टी एकता भङ्ग गर्ने फैसला थियो ।

## ११. नेतृत्वको स्वेच्छाचारिता र पार्टी विभाजनको घोषणा

नवौं महाधिवेशनबाट निर्वाचित अध्यक्ष केपी ओली पार्टीका सिद्धान्त, नीति, विधि र पद्धति अनुरूप कहिल्यै पनि चलेनन् । पार्टी महाधिवेशनका निर्णय र निर्देश अनुरूप पनि चलेनन् । उनले पार्टीको संस्थागत प्रणालीलाई कहिल्यै पनि महत्व दिएनन् । पार्टीलाई विधि र पद्धति अनुसार होइन गुटगत, स्वेच्छाचारी र व्यक्तिवादी ढङ्गले चलाए ।

पार्टीले अँगालेको लेनिनवादी सङ्गठनात्मक सिद्धान्त र सामूहिक नेतृत्व-व्यक्तिगत जिम्मेवारीको पद्धतिलाई लत्याएर सम्पूर्ण निर्णय आफुले एक्लै स्वेच्छाचारी ढङ्ले गर्ने काम गरे । आफूसँग असहमत रहेका व्यक्तिहरूलाई कुनै जिम्मेवारी नै दिएनन् । अध्यक्ष स्वयम्बाट गुटबन्दी गरियो । पार्टीका कतिपय कमिटीहरू निर्माण नै गरिएन भने निर्माण भएका कमिटीका बैठकहरू नियमित रूपमा चलाइएन । पार्टीको साङ्गठनिक गतिविधि अवरुद्ध भयो । पार्टी गतिहीन र सिथिल बन्नपुग्यो । पार्टीमा संस्थागत प्रणाली भत्किँदै गयो र गुटगत गतिविधि मौलाउँदै गयो । कम्युनिष्ट पार्टी नीति प्रधान हुनुपर्नेमा नेता प्रधान बनाइयो । अहंकारवाद हावी हुँदै गयो । व्यक्ति पूजाको संस्कृति मौलाउँदै गयो ।

नेकपा (माओवादी केन्द्र) सँग चुनाबी गठबन्धन र पार्टी एकता गर्ने जस्ता राष्ट्र र पार्टीको जीवनमा ठूलो महत्व राख्ने विषयमा समेत पार्टीभित्र कुनै छलफल नगरी एक्लै निर्णय गरियो । पार्टी एकता गर्दा सैद्धान्तिक, बैचारिक र साङ्गठनिक रूपमा कसरी अगाडि बढ्ने भनेर पार्टीभित्र छलफल गरिएन । २०७५ जेठ ३ मा तत्कालीन नेकपा ( एमाले) र नेकपा (माओवादी केन्द्र) बिच एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्माण भएपछि पनि पार्टीलाई नीति, विधि, पद्धति र मापदण्डका आधारमा चलाउने काम भएन । एकीकृत पार्टीका दुईमध्ये एक अध्यक्ष भएपछि पनि पार्टीले अँगालेका सिद्धान्त र विचार तथा तय गरिएका विधिमा चल्ने काम भएन । स्वेच्छाचारी एवम् व्यक्तिवादी ढङ्गले चल्ने र पार्टीलाई दक्षिणपन्थी अवसरवादको दिशामा धकेल्ने काम नै भइरह्यो । हामीले गलत विचार र व्यवहारको विरुद्ध निरन्तर रूपमा अन्तरपार्टी सङ्घर्षहरू चलाइरह्यौँ तर उनको विचार, व्यवहार र कार्यशैलीमा कत्ति पनि परिवर्तन भएन ।

मुलुकका दुई ठूला कम्युनिष्ट पार्टी मिलेर चुनाव लड्दा प्राप्त भएको  सफलतालाई आफ्नो लोकप्रियताले प्राप्त गरेको सफलताको रूपमा लिइयो । प्रधानमन्त्री भएपछि आफु नै सर्वेसर्वा भएर  सरकार सञ्चालन गरियो । पार्टी कमिटीका कुनै पनि कुरा सुनिएन । आफुलाई पार्टीभन्दा माथि राख्न थालियो । पार्टी र संसदीय दललाई सत्ता आरोहण गर्ने भऱ्याङ मात्र बनाइयो । पार्टीले अघि सारेका नीति तथा कार्यक्रम र निर्वाचन घोषणापत्रमार्फत जनतासामु व्यक्त गरिएका प्रतिवद्धता विपरीत राष्ट्रिय पूँजीलाई हतोत्साहित गर्ने र विदेशी दलाल पूँजीलाई प्रोत्साहित गर्नेगरी सरकारका नीति तथा कार्यक्रम ल्याइयो । हामीले पार्टी नीति र जनअपेक्षा अनुसार सरकार सञ्चालन गर्न बारम्बार आग्रह गर्दा सुनेको नसुनै गरी अलोकतान्त्रिक, गैरजिम्मेवार र सर्वसत्तावादी सोचबाट चल्ने काम भयो । पार्टी नेतृत्व र पार्टी पंक्तिको सुझावलाई अबहेलना गरियो । पार्टीभित्र आवश्यक छलफल तथा बहस गरेर समस्या समाधान गर्नपट्टि नलागी पार्टीका बैठक नै नराख्ने, बैठक राखे पनि आफ्नो अनुकुल निर्णय नहुने जस्तो देखेपछि बैठक स्थगित गर्ने वा बैठक स्थलमै नबस्नेजस्ता गैर राजनीतिक एवम् गैरजिम्मेवार कार्यहरू गरियो ।

पार्टीभित्र उत्पन्न समस्या समाधान गर्नका लागि सुझाव दिन एउटा कार्यदल गठन गरिएको थियो र त्यस कार्यदलले दिएको सुझावका आधारमा २०७७ भाद्र २६ मा पार्टी स्थायी कमिटीको बैठकबाट ओली नेतृत्वको सरकार पूर्णकार्यकाल रहने, सरकारको कामलाई प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्री परिषद् पुनर्गठन गर्ने, सरकारको दैनिक प्रशासनिक काममा पार्टीले हस्तक्षेप नगर्ने तर सरकारका नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा तथा महत्वपूर्ण राजनीतिक निर्णय एवम् नियुक्ति गर्दा पार्टीको निर्णय र निर्देशनमा गर्नुपर्ने निर्णय गरिएको थियो । साथै केपी ओली आगामी महाधिवेशनसम्म पार्टी अध्यक्षमा पनि रहने तर पार्टीको कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ हुने भन्नेसमेत निर्णय गरिएको थियो । केपी ओलीबाट उक्त निर्णयको पालना भएन । आफु अप्ठ्यारोमा पर्दा विभिन्न प्रकारका सहमति गर्ने तर तिनको पालना कहिल्यै नगर्नेजस्ता कृयाकलापहरू बारम्बार भइरहे, जसले गर्दा पार्टी नेतृत्वमा एक आपसमा विश्वासको सङ्कट पैदा भयो ।

व्यक्तिवादी स्वेच्छाचारीता यति धेरै हावी भयो कि २०७७ पौष ५ मा प्रधानमन्त्री निबास बालुवाटारमै चलिरहेको पार्टी स्थायी कमिटीको छैठौँ बैठकमा आएर छलफल गरी निकास निकाल्न पार्टीको तर्फबाट बारम्बार आग्रह गर्दा पनि पार्टी बैठकमा नआई आफ्नो निबासबाटै प्रतिनिधि सभा विघटन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्नेसम्मको काम भयो । पार्टीमा कुनै छलफलै नगरी असंवैधानिक ढङ्गले जननिर्वाचित प्रतिनिधि सभाको विघटन गर्ने सिफारिस गरेपछि स्थिति ज्यादै गम्भीर बन्यो । पार्टी स्थायी कमिटीको जारी बैठकले प्रतिनिधि सभा विघटनको भर्त्सना गर्ने र केपीशर्मा ओलीलाई अनुशासनको कार्वाही गर्न केन्द्रीय कमिटीमा प्रस्ताव लैजाने निर्णय गर्नुपऱ्यो । पार्टीबाट प्रधानमन्त्री बनेका व्यक्तिले पार्टीको आधिकारिक निर्णयलाई वास्तै नगरी “आवश्यकताको सिद्धान्त र प्रथम अध्यक्षका हैसियतले आफुमा निहित अधिकार प्रयोग गरी कमरेड केपी शर्मा ओलीले २०७७ साल पुस ६ गते केन्द्रीय कमिटी विस्तार गर्नु भएको छ” भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को तत्काल कायम ४३४ सदस्यीय केन्द्रीय कमिटीमा १ हजार ६६ जना थप गरी १५०१ सदस्यीय कमिटी बनाइयो (अन्तरपार्टी निर्देशन- ६) । व्यक्ति कमिटीको मातहत हुन्छ भन्ने सिद्धान्त

अँगालेका पार्टीमा यसरी अध्यक्षले कमिटी विस्तार गर्ने कुनै थिएन, हुँदैन र त्यसरी मनपरी गर्न पाइदैन । कमिटी विस्तार मात्र गरिएन २०७७ पुस ७-९ मा केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक भनेर प्रधानमन्त्रीको सरकरी निबास परिसरमा भिड जम्मा गरियो र अध्यक्षबाट गरिएको कमिटी विस्तारलाई अनुमोदन गर्ने र पार्टी विधानमा संशोधन गरी “अब पार्टी केन्द्रीय कमिटीको सदस्य सङ्ख्या १५०१ सदस्यीय भएको छ” भन्नेसम्मका निर्णय गरियो । त्यति मात्र होइन “पार्टीमा उत्पन्न विशेष परिस्थितिमा पार्टी कामको संयोजनका लागि देहायका कमरेडहरूलाई जिम्मेवारी प्रदान गरिएको छ” भन्दै आफ्नो गुटका व्यक्तिहरूलाई भूगोलका सात प्रदेश, उपत्यका विशेष प्रदेश तथा जनसङ्गठन र प्रवास इन्चार्ज तथा पार्टी प्रवक्ता तोक्ने काम समेत गरियो (अपानि-६) । उपर्युक्त निर्णयहरू कार्यान्वयन गर्न २०७७ पुस २२ मा अन्तरपार्टी निर्देशन- ६ जारी गर्नुका साथै कमिटी अध्यावधिक गर्न निर्वाचन आयोगमा उपर्युक्त निर्णयहरू पठाउने काम गरियो । त्यसैबिच एकातर्फ राजनीतिक दल सम्बन्धी ऐनमा संशोधन गर्न अध्यादेश ल्याउने र अर्कोतर्फ केपी ओलीकै निर्देशनमा ‘उदाउँदो सूर्य’ चुनाव चिन्हसहित नेपाल कम्युनिष्ट पार्टी (एमाले) नामको अलग पार्टी निर्वाचन आयोगमा दर्ता गर्नेजस्ता कार्य गरी पार्टी विभाजनको तयारी गरिएको थियो । यसरी पूर्णतः व्यक्तिवादी एवं स्वेच्छाचारी ढङ्गले पार्टीलाई विभाजनको दिशामा धकेल्ने काम गरियो । वास्तवमा त्यो नै पार्टी विभाजनको घोषणा थियो ।

उपर्युक्त गम्भीर परिस्थितिमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को तत्काल कायम ४३४ सदस्यीय केन्द्रीय कमिटीका २८३ जनाको उपस्थितिमा २०७७ पुस ७ मा नै भएको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकले प्रतिनिधि सभा विघटनको भर्त्सना गर्ने र केपीशर्मा ओलीलाई पार्टी अध्यक्षबाट हटाई रिक्त अध्यक्ष पदमा माधवकुमार नेपाललाई चयन गर्ने निर्णय गरेको थियो ।

सर्वोच्च अदालतले पार्टी एकता भङ्ग गर्ने निर्णय गर्दा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पार्टी एकता पूर्वको अवस्था अर्थात २०७५ जेष्ठ २ गतेको अवस्थामा फर्कने वा पार्टी एकता कायम राख्ने भए दुवै पक्ष मिलेर १५ दिनभित्र अर्को नाम लिई निर्वाचन आयोग जाने भनी दुई विकल्प दिएको थियो । एमालेतर्फको नेतृत्वले दुईमध्ये कुनै पनि विकल्पमा नगई पार्टीमा आफ्नो एकल बर्चस्व कायम गर्नका लागि पार्टी विभाजन नै गर्न चाह्यो । पार्टी एकता जोगाउनका निम्ति कुनै पनि पहल भएन । नेकपा जोगाउन मात्र होइन नेकपा (एमाले) को एकता जोगाउन पनि खोजिएन । १५०१ जनाको केन्द्रीय कमिटी अध्यावधिक गर्न निर्वाचन आयोग सहमत नभएपछि २०७७ फागुन २८ मा केन्द्रीय कमिटीको बैठक भनी आफ्नो गुटका मान्छे मात्रै बोलाएर बैठक बसी महाधिवेशनद्वारा निर्वाचित पदाधिकारीको पद खोस्ने र विधान विपरीत केन्द्रीय कमिटी भङ्ग गरेर महाधिवेशन आयोजक कमिटी गठन गर्ने जस्ता निर्णय गरियो । यस प्रकार फेरि अर्को स्वेच्छाचारी निर्णयमार्फत पार्टीलाई विभाजनको दिशामा अझै पर धकेल्ने काम भयो ।

## १२. पार्टी एकता जोगाउने अन्तिम प्रयास

हामी जहिले पनि नेपाली कम्युनिष्ट आन्दोलनको एकता र एकीकरणको पक्षमा रहेका छौँ । विगतमा विभिन्न कम्युनिष्ट समूहहरूलाई मिलाएर ठूलो पार्टी निर्माण गर्न योगदान गरेका र नेकपा (एमाले) कै निर्माणमा पनि धेरै मेहनत गरेका हामी पार्टीमा विभाजन होइन एकता चाहन्थ्यौँ । त्यसैले पार्टीमा छलफल नै नगरी गरेको नेकपा ( माओवादी केन्द्र) सँग पार्टी एकता गर्ने निर्णयको विरोध नगरी समर्थन गरेका थियौँ र कार्यान्वयन गरेका थियौँ भने सर्वोच्च अदालतले २०७७ फागुन २३ मा पार्टी एकता भङ्ग गर्ने निर्णय गरेपछि २०७७ फागुन २४ मा छलफल गरी हामी नेकपा (एमाले) मै रहने निर्णय गरेका थियौँ तर तत्कालीन एमाले नेतृत्वले त्यसको चार दिनपछि २०७७ फागुन २८ मा आफ्नो गुटका मान्छे मात्र बोलाएर बैठक गरी महाधिवेशनद्वारा निर्वाचित पदाधिकारीको पद खोस्ने र विधान विपरीत केन्द्रीय कमिटी भङ्ग गरेर महाधिवेशन आयोजक कमिटी गठन गर्नेजस्ता निर्णय गरेर पार्टीलाई विभाजनको दिशामा धकेल्ने काम गर्‍यो । हामीले त्यसपछि पनि पार्टी एकता जोगाउन विभिन्न प्रकारका पहल गरिरह्यौँ । नेकपा ( एमाले) २०७५ जेठ २ को अवस्थामा फर्किएको खण्डमा हामी त्यहीं नै रहने भन्ने हाम्रो स्पष्ट धारणा थियो ।

हामीले २०७७ चैत्र ४-५ मा राष्ट्रिय कार्यकर्ता भेलाबाट सम्मानजनक एकतामा जोड दिने, त्यस्तो हुन नसकेमा विद्रोह गरी पार्टी पुनर्गठन गरेर अगाडि बढ्ने निर्णय गरेका थियौँ । सोही अनुरूप हामीले एकताको पहल गरिरह्यौँ तर अर्को पक्षले निरन्तररूपमा विभाजनकारी क्रियाकलाप अगाडि बढाइरह्यो । एकता एक पक्षले चाहेर मात्र हुने कुरा होइन, दुवै पक्षले चाहँदा मात्र हुने हो । दोस्रो पटक प्रतिनिधि सभाको विघटनका विरुद्ध सर्वोच्च अदालतमा परेको रिट निवेदनमा सुनुवाइ भैरहेको समयमा एकताको निम्ति वार्ता गर्ने भनियो । दुवै पक्षका प्रतिनिधित्व हुनेगरी वार्ता टोली गठन गरियो । ओली पक्षको जोडका कारण शिर्ष तहमा सहमति नगरी २०७८ असार २७ गते राती वार्तामा

सहभागीहरूबाटै 'दश बुँदे सहमति' गरेको घोषणा गरियो । त्यसरी हतारमा 'दश बूँदे सहमति' भयो भनेर घोषणा गर्न जोड गर्नुको मूल ध्येय २८ गतेलाई पेशी तोकिएको अदालतमा विचाराधीन प्रतिनिधि सभाको विघटन सम्बन्धी मुद्दालाई प्रभावित गर्नु मात्रै थियो, पार्टी एकताको निम्ति सच्चा र इमान्दार प्रयत्न थिएन भन्ने कुरा उक्त 'दश बूँदे सहमति' कार्यान्वयन नगरिएको यथार्थबाट नै पुष्टि भएको छ । हामीले जुन मुद्दा उठाएका थियौँ ती मुद्दालाई चटक्कै विर्सेर प्राविधिक एवम् व्यवस्थापकीय विषयमा मात्रै सहमति गरी एकता गर्नु गलत हुन्थ्यो । त्यसैले हामी त्यस प्रकारको प्राविधिक प्रकृतिको सहमतिका आधारमा एकता हुन नसक्ने निष्कर्ष निकाल्न र त्यसका विरुद्ध उभिएर विद्रोह गर्न बाध्य भयौँ ।

### १३. हाम्रो विद्रोह र त्यसको औचित्य

माथि उल्लेख गरिसकिएको छ कि हामी एकताको पक्षमा थियौँ र नेकपा (एमाले) मै रहन चाहन्थ्यौँ तर अर्को पक्ष नेकपा (एमाले) लाई विभाजन गरिछाड्ने गरी प्रस्तुत भएकाले एकता जोगाउन सकिएन । हामीले पार्टी एकता जोगाउन निरन्तर प्रयत्न गरेता पनि अर्को पक्षले एकता जोगाउन चाहँदै नचाहेपछि हामीले नेकपा (एमाले) को पुनर्गठन एवम् रूपान्तरण गरी पार्टी र आन्दोलनलाई जोगाएर अगाडि बढाउनु आफ्नो कर्तव्य एवं जिम्मेवारी ठान्यौँ र एमालेबाट विद्रोह गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गर्‍यौँ । नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा गर्ने उद्देश्यका साथ गरिएको हाम्रो विद्रोह सिद्धान्तनिष्ट, जायज र अत्यावश्यक विद्रोह हो । विगतमा पनि कैयन पटक यस्तै विद्रोह गरेर पार्टी र आन्दोलनको रक्षा गरिएको थियो । केशरजङ रायमाझीले पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलमा धकेलेको बेला कमरेड पुष्पलाललगायतका नेताहरूले विद्रोह गरेर पार्टी पुनर्गठन गरी आन्दोलनको रक्षा गर्नु भएको थियो । मोहनबिक्रम सिंहलगायतका नेताहरूले पनि विद्रोह गरेर पार्टी पुनर्गठन अभियान चलाउनु भएको थियो । कम्युनिष्ट आन्दोलन विभाजित भएर कम्जोर बन्दै गएको बेलामा झापा सङ्घर्ष, मुक्तिमोर्चा विद्रोह, बर्रे सङ्घर्ष आदि विद्रोहहरू गरेर पनि पार्टी पुनर्गठन अभियान सञ्चालन गरी नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा र विकास गरिएको थियो । नेपाली कम्युनिष्ट आन्दोलनलाई फेरि दक्षिणपन्थी अबसरवाद र विसर्जनको दलदलमा धकेलिएकाले त्यसबाट पार्टी र आन्दोलनलाई बचाउनका निम्ति विद्रोह गर्नु अनिवार्य भएकोले यो विद्रोह गरिएको थियो ।

पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनले वर्तमान नेपाली समाजको चरित्र तथा क्रान्तिको चरित्र र कार्यदिशाको सम्बन्धमा सही निर्णय गरेको भएता पनि नेतृत्वमा उक्त कार्यदिशाका विरोधी व्यक्तिलाई छानेको हुनाले उनले महाधिवेशनबाट पारित कार्यदिशा कार्यान्वयन गर्न नै चाहेनन् । त्यसले गर्दा पार्टीभित्र गम्भीर मतभेद रहिरहेको थियो तर त्यस मतभेदलाई हामीले विद्रोहको विषय होइन आन्तरिक वहसको विषय मात्र बनाएका थियौँ । जब मूल नेतृत्वले स्वेच्छाचारी ढङ्गले प्रतिनिधि सभाको विघटन गरेर मुलुकलाई प्रतिगमनको दिशामा धकेल्यो तब मात्रै हामीले विद्रोहको झण्डा उठाएका थियौँ । प्रतिनिधि सभाको विघटन गर्ने कार्य जनताले सङ्घर्ष गरेर प्राप्त गरेका सम्पूर्ण अधिकार हरण गर्ने गलत कदम थियो । जनवादी क्रान्तिका सम्पूर्ण उपलब्धी नष्ट गर्ने र मुलुकलाई प्रतिगमनको दिशामा धकेल्ने प्रतिगामी कदम थियो । त्यसैले हामी त्यस प्रतिगामी कदमका विरुद्ध उभिएका थियौँ र विद्रोहमा उत्रिएका थियौँ ।

एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीले मार्क्सवादी-लेनिनवादी अर्थात् द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण अँगालेको हुनुपर्दछ । त्यो पार्टी समाजको आमूल परिवर्तनको पक्षमा सदैव क्रियाशील हुनुपर्दछ । त्यसले समाजका आम श्रमजीवी वर्गको पक्षमा निरन्तर काम गरिरहेको हुनुपर्दछ । त्यसले मुलुकको सार्वभौमसत्ता आम जनतामा निहीत छ भन्ने कुरा आत्मसात गरेर जनादेश अनुरूप चल्नु पर्दछ । कम्युनिष्ट पार्टीले आफूले अँगालेको सिद्धान्तलाई व्यवहारमा उतार्न हरदम लागिपर्नु पर्दछ । मार्क्सवाद-लेनिनवादलाई मुलुकको भूधरातलीय यथार्थ र समाज विकासको स्तरका आधारमा रचनात्मक ढङ्गले लागू गर्नुपर्दछ । एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीमा हुनुपर्ने यी मुख्य गुण केपी ओलीले चलाएको एमालेमा एउटा पनि छैन । एमालेले जनवादी केन्द्रीयताको मान्यता र जनताको बहुदलीय जनवादले अँगालेको विचारको विविधतालाई स्वीकार एवं अङ्गिकार गर्ने मान्यता, कम्युनिष्ट पार्टी विधि पद्धतिमा चल्नुपर्दछ र उसले राज्य सञ्चालन गर्दा पनि विधि पद्धति अनुसार चल्नु र चलाउनु पर्दछ भन्ने मान्यता तथा कम्युनिष्ट पार्टीमा जनसेवी चरित्र एवं जनपक्षीय आचरण र सभ्य संस्कार हुनुपर्दछ भन्ने मान्यता समेत परित्याग गरेको छ । एमाले नेतृत्व जनताको बहुदलीय जनवादी पनि होइन । एमाले व्यक्तिगत स्वार्थमा केन्द्रित दक्षिणपन्थी अवसरवादीहरूको एउटा झुण्डमा परिणत भएको छ ।

उपर्युक्त निष्कर्षका साथ हामीले एमालेभित्र रहेको क्रान्तिकारी पंक्तिलाई नयाँ ढङ्गले पुनर्गठित गरेर नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा एवम् विकास गर्दै नेपाली समाजको आमूल परिवर्तनका निम्ति योगदान गर्ने उद्देश्यले विद्रोह गरेका हौँ । बुँदागत रूपमा भन्नुपर्दा हाम्रो विद्रोहका कारण र उद्देश्य निम्न प्रकार थिए :

१. एमाले नेतृत्वले नेपाली जनताको लामो र कष्टसाध्य सङ्घर्षबाट प्राप्त लोकतन्त्र समाप्त गर्ने षड्यन्त्र गरेकाले त्यस षड्यन्त्रलाई विफल पारी लोकतन्त्रको रक्षा र विकास गर्ने,

२. एमाले नेतृत्वले नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत आफैंले बनाएको संविधानमाथि पटक-पटक हमला गरेकाले त्यस हमलालाई विफल पारी संविधानको रक्षा र पूर्ण कार्यान्वयन गर्ने,

३. एमाले नेतृत्वले पार्टीलाई दक्षिणपन्थी अवसरवादको भासमा डुबाउँदै लगेकाले नेपाली कम्युनिष्ट आन्दोलनलाई दक्षिणपन्थी भासमा डुब्नबाट जोगाउँदै क्रान्तिकारी धारको रक्षा र विकास गर्ने,

४. एमाले नेतृत्वले मार्क्सवाद-लेनिनवादका मूलभूत सिद्धान्तहरू (द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण, परिवर्तनकारी दृष्टिकोण, श्रमजीवी वर्गको पक्षपोषण गर्ने दृष्टिकोण, जन- सार्वभौमसत्ताको दृष्टिकोण र सिद्धान्त र व्यवहारबिच एकरूपताको दृष्टिकोण) परित्याग गरेकाले तीनीहरूको रक्षा र सिर्जनात्मक प्रगोग गर्ने,

५. एमाले नेतृत्वले पार्टीको तर्फबाट सरकार सञ्चालनको नेतृत्व गर्दा पार्टीले अगाडि सारेका आर्थिक, सामाजिक र सांस्कृतिक कार्यक्रमहरूको कार्यान्वयन गर्दै नेपाली समाजको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्ने कार्य नगरी दलाल पूँजीपतिहरूको सेवामा आफूलाई समर्पित गरेकाले आम जनताको हितमा राष्ट्रिय पूँजीको निर्माण गर्दै समाजवादको लक्ष्य प्राप्त गर्न सक्ने क्रान्तिकारी तथा जनमुखी पार्टी निर्माण गर्ने,

६. एमाले नेतृत्वले दुई ठूला कम्युनिष्ट पार्टीको गठबन्धनलाई प्राप्त जनमतका आधारमा सरकारमा बसेर देश, जनता र राष्ट्रको हितविरुद्ध गतिविधि गरेकाले त्यस गतिविधिलाई रोक्ने र देश, जनता र राष्ट्रको पक्षमा काम गर्ने,

७. एमाले नेतृत्वले प्रश्रय दिएका भ्रष्टाचार, कुशासन, कमिशनखोरी, नातावाद, कृपावादजस्ता गलत कार्यको विरोध गर्दै सदाचार, सुशासन, स्वच्छता, पारदर्शीता र निस्पक्षताका साथ जनहितमा कार्य गर्ने ।

उपर्युक्त कारण र उद्देश्यले गरिएको विद्रोह एक ऐतिहासिक आवश्यकता थियो र यो औचित्यपूर्ण एवम् जायज थियो । यसबाट नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा एवम् विकास गर्ने कार्यमा, कम्युनिष्ट पार्टी र आन्दोलनप्रति आम नेपाली जनतामा नयाँ आशा, विश्वास र ऊर्जा सिर्जना गर्ने कार्यमा र नेपाली समाजको आमूल परिवर्तन गर्ने कार्यमा योगदान हुनेछ ।

मुलुकको राजनीतिमा एकपछि अर्को सफलता प्राप्त गर्दै अगाडि बढेको कम्युनिष्ट आन्दोलनमा २०७४ सालको निर्वाचन परिणाम र कम्युनिष्ट पार्टीहरूको एकीकरण एउटा ऐतिहासिक पानी ढलो थियो । तर, २०७७ पुस ५ मा प्रतिनिधि सभाको विघटन र २०७७ फागुन २३ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजन भएपछि नेपाली राजनीतिको कोर्स अचानक बदलियो । लोकतान्त्रिक स्थिरताका साथ समृद्धिको दिशामा अगाडि बढ्ने नेपाली जनताको आकाङ्क्षामा तुषारापात भयो । राष्ट्रिय राजनीति अस्थिरतातर्फ मोडियो । कम्युनिष्ट आन्दोलनमा असाधारण चुनौती थपिए । त्यस खालको परिस्थितिमा हामीले विद्रोह गरेर संविधानको रक्षाका लागि ठूलो चुनौतीको सामना गरेका हौँ, मूल्य चुकाएका हौँ । नेपालको राजनीतिक इतिहासले त्यसको मूल्याङ्कन गर्ने नै छ । तर त्यो कदम संसदको रक्षा गर्ने एउटा राजनीतिक परिघटना मात्रै थिएन, बरु क्रान्तिको रक्षाका लागि क्रान्तिकारीहरूले गरेको जायज विद्रोह थियो । यो नेपाली जनताले कठोर सङ्घर्ष गरेर ल्याएको लोकतन्त्रको रक्षार्थ गरिएको जायज विद्रोह थियो । मुलुकमा राजनीतिक स्थायित्व कायम गर्नका निम्ति पनि यो विद्रोह आवश्यक र उचित थियो ।

हामीले विद्रोह मुलुकलाई प्रतिगमनको भूँमरीमा धकेल्ने दक्षिणपन्थी विसर्जनवादका विरुद्ध अर्थात् प्रतिगमनका विरुद्ध गरेका थियौं । प्रतिगमनलाई परास्त गरी जनवादी क्रान्तिका उपलब्धीको रूपमा रहेका संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने, प्रतिनिधि सभालाई बचाएर पूर्ण कार्यकाल काम गर्न दिने तथा संविधानलाई क्रियाशील बनाउने र नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा गर्ने हाम्रो विद्रोहका मुख्य लक्ष्य थिए । ती लक्ष्य प्राप्त गर्न हामी सफल भएका छौँ । प्रतिगमनलाई परास्त गरिएको छ । संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा भएको छ । प्रतिनिधि सभा पुनःस्थापित भएर पूर्ण कार्यकाल कृयाशील रहन सक्यो । संविधान क्रियाशील भयो  र सङ्घ, प्रदेश

र स्थानीय तहका निर्वाचन सम्पन्न भए । जनताले आफ्नो अधिकार प्रयोग गरी तीनै तहमा नयाँ नेतृत्व चयन गर्न पाए । हामीले विद्रोह नगरेको भए यी सब काम हुने थिएनन् । यस अर्थमा हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको कोणबाट हेर्दा पनि हामीले तत्कालीन नेकपा (एमाले) को नेतृत्व गुटमा देखापरेको दक्षिणपन्थी विसर्जनवादका विरुद्ध विद्रोह गरेका थियौं । त्यस दक्षिणपन्थी विसर्जनवादी गुटसँग हाम्रा थुप्रै भिन्नताहरू थिए र अहिले पनि छन् । मुख्य भिन्नताहरूलाई निम्न बुँदामा राख्न सकिन्छ :

१. हामी २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिमार्फत सामन्ती राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना भएपछि नेपाली जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको मान्दछौ भने एमालेले यो मान्दैन । उसले "क्रान्तिले पूरा गर्नुपर्ने अभिभारा-एक वर्गको हातबाट अर्को वर्गको हातमा राज्यसत्ता हस्तान्तरण गर्ने, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादक शक्ति अनुकूलको उत्पादन सम्बन्ध विकास गर्नेजस्ता कतिपय विषय अधुरै छन्" भन्छ (प्रथम विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, पृष्ठ १०१) ।

२. हामीले मार्क्सवाद-लेनिनवादलाई मात्र पार्टीको मार्गदर्शक सिद्धान्त मान्छौं भने एमालेले "पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो" भन्छ (प्रथम विधान महाधिवेशन र दशौं राष्ट्रिय महाधिवेशनबाट संशोधित विधान, पृष्ठ ५) ।

३. हामीले अब हुने नेपाली क्रान्तिलाई समाजवादी क्रान्ति भएकाले समाजवादी क्रान्तिको कार्यक्रम अँगालेर अगाडि बढ्ने भन्छौं भने एमालेले "आज हामीले अगाडि सार्ने कार्यक्रम समाजवादी कार्यक्रम होइन, समाजवादको आधार तयार गर्ने कार्यक्रम हो" भन्छ (प्रथम विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, पृष्ठ १०३-४) ।

४. हामीले समाजवादी कार्यदिशा अँगाल्ने भन्छौं भने एमालेले "जनताको बहुदलीय जनवाद लागू गर्दै राष्ट्रिय पूँजीको विकास गर्नु र समाजवादको आधार निर्माण गर्नु हामीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाको सार हो" भन्छ (प्रथम विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, पृष्ठ ११३) ।

५. हामी प्रतिगामी पुनरुत्थानवादी तत्वहरूका विरुद्ध प्रहार केन्द्रित गर्ने भन्छौं भने एमाले त्यस्ता तत्वसँग सहकार्य गर्न चाहन्छ ।

उपर्युक्त मूलभूत सवालहरूमा हाम्रो पार्टी र एमालेबिच भिन्नता रहेको हुनाले पनि हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ ।

### १४. एमसीसी कम्प्याक्टको समीक्षा

सन् २०११ बाट पहल गरी २०१७ सेप्टेम्बर १४ मा सम्झौतामा हस्ताक्षर गरिएको 'मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) कम्प्याक्ट' नामक अमेरिकी विकास परियोजनाको सुरु सम्झौतामा यसलाई संसदबाट अनुमोदन गर्नुपर्ने प्रावधान राखिएको थिएन । केपी ओली प्रधानमन्त्री र युवराज खतिवडा अर्थमन्त्री भएको बेला २९ सेप्टेम्बर २०१९ मा कार्यक्रम कार्यान्वयन सम्झौता गर्दा यसलाई संसदबाट अनुमोदन गराउने प्रावधान थपिएको थियो । ओली सरकारकै परराष्ट्र मन्त्री प्रदिप ज्ञवाली सन् २०१८ को डिसेम्बरमा अमेरिका गएको बेला नेपाल संयुक्त राज्य अमेरिकाको हिन्द प्रशान्त रणनीति (Indo-Pacific Strategy) को सदस्य बनेको भनी उक्त रणनीतिको प्रतिवेदनमा उल्लेख गरिएको र सन् २०१९ मे मा नेपाल आएका दक्षिण तथा मध्य एसिया मामिला हेर्ने अमेरिकी सहायक विदेश मन्त्री डेभिड जेरन्जले एमसीसी सम्झौता हिन्द-प्रशान्त रणनीति (आइपीएस) अन्तर्गत रहेको अभिव्यक्ति दिएपछि विवादमा तानिएको एमसीसी कम्प्याक्ट सम्झौताका सम्बन्धमा राष्ट्रव्यापी रूपमा लामो बहस र छलफल चलेको थियो । त्यसैबिच प्रधानमन्त्री केपीशर्मा ओलीले पार्टीमा कुनै सरसल्लाह नै नगरी सम्झौता संसदबाट अनुमोदन गराउनका लागि संसद सचिवालयमा दर्ता गराएपछि पार्टीभित्र चर्को विवाद उत्पन्न भएको थियो । त्यस विवादित विषयमा अध्ययन गरी पार्टीमा सुझाव प्रस्तुत गर्न कमरेडहरू झलनाथ खनाल, भीम रावल र प्रदिप ज्ञवाली रहेको एक कार्यदल गठन गरिएको थियो । त्यस कार्य दलले तत्काल उपलब्ध सामग्रीहरूको अध्ययन गरी एमसीसी कम्प्याक्ट जस्ताको तस्तै अनुमोदन गर्न नहुने सुझावसहितको प्रतिवेदन पार्टीमा बुझाएको थियो । तत्कालीन प्रधानमन्त्रीले उक्त प्रतिवेदन बुझे तर कार्यान्वयनमा चासो देखाएनन् । पार्टीमा चर्को विवाद भएको र ओली सरकार पनि ढलेकाले तत्काल एमसीसी कम्प्याक्ट संसदबाट अनुमोदन गर्ने कार्य रोकियो ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि एमसीसी कम्प्याक्टलाई संसदबाट अनुमोदन गराउन जोड दिएकाले विवाद फेरि सतहमा आयो । हाम्रो केन्द्रीय सचिवालयमा छलफल गरी एमसीसी कम्प्याक्टको अझै गहन अध्ययन गरौं र यसका

आपत्तिजनक बुँदा के के हुन् छुट्याउँ भन्ने निष्कर्षका साथ कमरेडहरू झलनाथ खनाल, प्रमेश हमाल, डा.विजय पौडेल र जगन्नाथ खतिवडालाई ठोस अध्ययनको जिम्मा दिइयो । कमरेडहरूले आफ्नो अध्ययन र अन्य कमरेडहरूले गर्नुभएका अध्ययनहरूको समेत आधारमा एमसीसी कम्प्याक्टका एघारवटा बुँदा आपत्तिजनक भएकाले यसलाई जस्ताको तस्तै अनुमोदन गर्न नहुने निष्कर्षसहितको प्रतिवेदन पार्टीमा बुझाउनुभयो । पार्टी स्थायी कमिटीको दसौं बैठकले एमसीसी कम्प्याक्ट जस्ताको तस्तै अनुमोदन गर्न नसकिने तर संसदमा बहस गर्न हामी तयार हुने भन्ने निर्णय गऱ्यो भने सचिवालयको सोह्रौं बैठकले प्रतिनिधि सभामा पेस गरिएको एमसीसी कम्प्याक्ट सम्बन्धी प्रस्ताव जस्ताको तस्तै अनुमोदन गराउन खोजे त्यसको विपक्षमा रहने निर्णय गऱ्यो । त्यसैबिच नेका र एमालेबिच अनेकौं चरणमा वार्ता भयो भने पाँच दलीय गठबन्धनमा पनि वार्ताहरू भए । नेका र एमालेबिचको वार्ता पाँच दलीय गठबन्धनलाई तोड्ने, सभामुखलाई पदबाट हटाउने र हाम्रो पार्टीका चौधजना सांसदलाई कार्वाही गर्ने, हाम्रो पार्टीको दर्ता खारेज गर्ने तथा प्रधानन्यायाधिश माथिको महाअभियोग फिर्ता लिने गरी एमसीसी कम्प्याक्ट जस्ताको त्यस्तै अनुमोदन गर्नेतर्फ अग्रसर भयो । त्यस प्रकारको परिस्थितिबिच पाँच दलीय गठबन्धनमा संलग्न दलहरू वैकल्पिक निकासको खोजीमा लागे । त्यसैक्रममा एमसीसी कम्प्याक्टको सम्झौतासँगै त्यसको व्याख्यात्मक घोषणा गरेर जान सकिने धारणा विकसित भयो । त्यस धारणामा हामी पनि आधारभूत रूपमा सहमत भयौं । २०७८ फागुन १५ मा बसेको हाम्रो पार्टी स्थायी कमिटीको एघारौं बैठकले हामीले उठाएका एघार बुँदाको सम्बोधन हुने र व्यख्यात्मक घोषणाअनुरूप नभएमा ३० दिनको सूचना दिएर सम्झौता खारेज गर्न सकिने समेतको व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट सम्झौता अनुमोदन गर्न सकिने निर्णय गऱ्यो । सोही निर्णय अनुरूप हामीले बाह्र बुँदे व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट सम्झौता अनुमोदन गर्न सहमति जनायौं । यदि हामीले त्यसो नगरेको भए नेका र एमाले मिलेर एमसीसी कम्प्याक्ट सम्झौता जस्ताको तस्तै अनुमोदन गर्ने थिए । हामीले एमसीसी कम्प्याक्ट सम्झौता जस्ताको तस्तै अनुमोदन गरेका होइनौं । वैकल्पिक बाटो रोजेर जस्ताको त्यस्तै पारित गर्नबाट रोकेका हौं । हामी हाम्रो अडानमा हिजो जसरी नै आज पनि अडिक छौं ।

एमसीसी कम्प्याक्ट सम्झौताको अनुमोदन गर्दा त्यसको कार्यान्वयन व्याख्यात्मक घोषणाअनुरूप नभएमा ३० दिनको सूचना दिएर सम्झौता खारेज गर्न सकिने छ भन्ने प्रावधान समेत राखिएको हुनाले अहिले उक्त सम्झौता कार्यान्वयन हुँदै गरेको परिप्रेक्ष्यमा व्याख्यात्मक घोषणासहित कार्यान्वयन भए नभएको अनुगमन गर्न आवश्यक देखिएको छ । त्यसका लागि संसदीय अनुगमन समिति बनाउनु पर्दछ भन्ने हाम्रो स्पष्ट अडान रहेको छ । संसदीय अनुगमन समिति गठनलगायत यससँग सम्बन्धित विषयमा पार्टीको तर्फबाट आवश्यक पहल गर्न र पार्टीको तर्फबाट पनि एमसीसी कम्प्याक्ट सम्झौता कार्यान्वयनको अनुगमन गर्नका लागि कमरेड राजेन्द्र पाण्डेको संयोजकत्वमा एमसीसी कम्प्याक्ट सम्झौता कार्यान्वयन अनुगमन समिति गठन गरिएको छ । त्यस समितिले अनुगमन गरी पार्टीमा बुझाउने प्रतिवेदनका आधारमा समीक्षा गरेर अगाडि बढिनेछ ।

### १५. तीन तहका निर्वाचन र पुनः गठबन्धन सरकार

प्रतिनिधि सभाको पुनःस्थापनापश्चात् जुन गठबन्धन सरकार बनेको थियो त्यसका सामु केही चुनौति र केही दायित्वहरू थिए । चुनौति के थियो भने सत्ताच्युत भएको एमाले पार्टीले गठबन्धन सरकारलाई कुनै पनि काम गर्न नदिन लिट्टी कसेर लागेको थियो र उसले संसद चल्न नदिनेलगायत अनेकन अवरोध खडा गरिरहेको थियो । सरकारले त्यस अवरोधलाई चिरेर अगाडि बढ्नुपर्ने थियो । सरकारको मुख्य दायित्व थियो : संविधानलाई क्रियासिल गराई स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाका निर्वाचन यथासमयमा गराउनु । सरकारले एमालेको अवरोधलाई चिर्दै २०७९ वैशाख ३० गते देशैभर एकैदिन स्थानीय तहको निर्वाचन तथा प्रतिनिधि सभा र सबै प्रदेश सभाहरूको निर्वाचन २०७९ मंसिर ४ गते एकै दिन सम्पन्न गराएर आफ्नो जिम्मेवारी पुरा गरेको थियो । यथासमयमा स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाका निर्वाचन सम्पन्न भएबाट संविधान कृयासिल बनाउनमा, आवधिक निर्वाचनको नियमितता स्थापित गर्नमा र लोकतन्त्रको सुदृढीकरणमा योगदान पुगेको छ । सबै स्थानीय तहमा पदाधिकारी एवम् सदस्यहरू निर्वाचित भएर कार्यभार सम्हालेका छन् भने प्रदेश र सङ्घीय सरकारहरू बनेर काम गरिरहेका छन् ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिको दोस्रो स्थानीय तह निर्वाचन २०७९ बैशाख ३० मा सम्पन्न भएको थियो । निर्वाचन सम्पन्न भएलगत्तै हामीले पार्टीको केन्द्रीय सचिवालय, स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटी र केन्द्रीय परिषद्का बैठकबाट त्यसको समीक्षा गरेका थियौं । समीक्षाबाट निष्कर्ष निकालिएको थियो कि हामी विद्रोह गरेर नयाँ ढङ्गले पार्टी निर्माण गर्न थालेको करिब आठ महिनामै उक्त स्थानीय तह निर्वाचनमा सामेल भएका थियौं । त्यसबेलासम्म हामीले सबै पालिका र वडाहरूमा पार्टीका कमिटी निर्माण गरिसकेका थिएनौं । निर्वाचनको लागि राम्रो

तयारी गर्न नै पाएका थिएनौँ । त्यस प्रकारको अवस्थामा हामी पाँच दलीय गठबन्धनमा रहेर उक्त स्थानीय तह निर्वाचनमा सरिक भएका थियौँ ।

स्थानीय तहको निर्वाचनमा हामीलाई गठबन्धनबाट छुट्याइएका स्थान र ती स्थानमा प्राप्त परिणाम सन्तोषजनक नभएता पनि हामीले संविधान र लोकतन्त्रको रक्षा गर्ने जुन उद्देश्य राखेर विद्रोह गरेका थियौँ र गठबन्धनमा रहेर निर्वाचनमा सहभागी भएका थियौँ त्यो अवस्था कायमै रहेकाले फेरि पनि गठबन्धनमा रहेर नै अगाडि बढ्नु पर्ने आवश्यकता छ भन्ने निष्कर्ष निकालेका थियौँ । गठबन्धनमा रहेका अन्य दलहरूको पनि गठबन्धन कायमै राखेर जाने धारणा रहेकाले २०७९ मङ्सिर ४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा पनि हामी पाँच दलीय गठबन्धनमा रहेर सरिक भएका थियौँ ।

गठबन्धनबाट हामीलाई प्रतिनिधि सभाका जम्मा २० क्षेत्र छुट्याइएको थियो भने एउटा क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने तय भएको थियो । २० मध्ये एउटा क्षेत्र (रूपन्देही २) को हाम्रो उम्मेदवारी खारेज भएकाले हामी उन्नाइस र मित्रवत् प्रतिस्पर्धा एकमा सीमित भएका थियौँ । प्रदेश सभामा हामीलाई जम्मा ४१ क्षेत्र छुट्याइएको थियो र २ क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने तय भएको थियो । प्रदेश सभामा हामीलाई छुट्याइएका क्षेत्र ज्यादै कम भएको र धेरै जिल्लामा प्रत्यक्षतर्फ हाम्रो उम्मेदवारी नै नहुने स्थिति भएकाले प्रदेश सभाका केही निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन्छौँ भन्ने जानकारी गठबन्धनलाई दिएर हामीले पनि थुप्रै क्षेत्रमा उम्मेदवारी दर्ता गराएका थियौँ । यसरी प्रदेश सभाका जम्मा ५१ क्षेत्रमा हाम्रो उम्मेदवारी अन्तिमसम्म कायम थियो । उम्मेदवारहरूको निर्णय निर्वाचन क्षेत्रबाट जिल्लामा, जिल्लाबाट प्रदेशमा र प्रदेशबाट केन्द्रमा सिफारिस भइआएका नाममध्येबाट केन्द्रीय सचिवालयले गरेको थियो ।

समानुपातिकतर्फ हामीले प्रतिनिधि सभामा ११० र प्रदेश सभामा २२० गरी जम्मा ३३० जनाको सूची पेस गरेका थियौँ तर निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन खर्च विवरण नबुझाएको कारण देखाई प्रतिनिधि सभाका ५ जना र प्रदेश सभाका ११ जनाको नाम सूचीबाट हटाइदिएको थियो भने एक जनाको नाम लैङ्गिक विवरण नमिलेको भनेर पनि हटाइएको थियो । लैङ्गिक विवरण नमिलेको भनेर हटाइएको नाम बन्द सूचीबाट नहटाई कायमै राख्न सर्वोच्च अदालतले आदेश दिएता पनि आयोगले उक्त नाम कायम नगरी अन्तिम सूचीमा प्रतिनिधि सभामा १०४ जना र प्रदेश सभामा २०९ जनाको नाम मात्र कायम गरेको थियो । बन्द सूचीमा राख्ने नाम छनोट गर्ने कार्य आधारभूत रूपमा प्रदेश कमिटीका पदाधिकारीहरूबाट भएको थियो । उहाँहरूले निर्वाचन क्षेत्रीय कमिटी र जिल्ला कमिटीबाट सिफारिस भइआएका नामबाट छनोट गरी तयार पार्नु भएको सूचीको प्राथमिकता क्रममा केही हेरफेर गरी केन्द्रीय सचिवालयले अन्तिम रूप दिएको थियो । बन्द सूचीमा नाम राख्दा जातीय, अल्पसंख्यक र पिछडिएको क्षेत्रजस्ता क्लष्टर मिलाउनु पर्ने हुँदा भौगोलिक सन्तुलन राम्ररी मिलाउन सकिएको थिएन । उपर्युक्त संख्यामा उम्मेदवारीका साथ हामी निर्वाचनमा गएका थियौँ । निर्वाचन परिचालनका निम्ति केन्द्रीय निर्वाचन परिचालन कमिटी र निर्वाचन परिचालन सम्बन्धी दैननदिनका कार्य सम्पादन गर्नका निम्ति निर्वाचन परिचालन केन्द्रीय सचिवालय गठन गरिएको थियो ।

निर्वाचनको परिणाममा हाम्रो अवस्था कम्जोर रह्यो । हामीले प्रत्यक्षतर्फ प्रतिनिधि सभाका १० क्षेत्र मा विजय प्राप्त गर्‍यौं भने प्रदेश सभाका जम्मा १५ क्षेत्रमा विजय प्राप्त गर्‍यौँ । यो परिणाम अपेक्षा गरिएभन्दा कम हो, त्यसमा पनि खासगरी प्रतिनिधि सभातर्फको समानुपातिक मत धेरै नै कम हो । प्रदेश सभामा आएको समानुपातिक मत पनि प्रतिनिधि सभामा आएन । यस प्रकारको परिणाम आउनुका अनेक कारण छन् । निर्वाचन सम्पन्न भएको केही दिनपछि बसेको केन्द्रीय कमिटीको पाँचौं बैठकबाट गरिएको समीक्षा अनुसार कम्जोर परिणाम आउनुका कारण निम्न प्रकार थिए : बनाइएको कार्ययोजना कार्यान्वयन नहुनु, सिङ्गो पार्टी पङ्क्ति सक्रिय रूपमा परिचालित नहुनु, गठबन्धनका दलबाट पूर्ण सहयोग नहुनु, उम्मेदवारी नपाउने नेता  तथा कार्यकर्ता असन्तुष्ट भएर बस्नु, कतिपय नेता तथा कार्यकर्तामा देखिएको अवसरवादी प्रवृत्ति, पैसाबेगर चल्दै नचल्ने प्रवृत्ति, जनताका मन छुने तात्कालिक मुद्दा उठाउन र महत्व बुझाउन नसक्नु, सरकारबाट अपेक्षित कार्य नहुनु, हाम्रा विरुद्ध चर्को प्रहार हुनु, जनतामा नकारात्मक प्रचारको प्रभाव पर्नु, नयाँ मतदाताको रुझान नयाँ भन्नेतर्फ हुनु, हाम्रो प्रचार अभियानमा सामाजिक सञ्जालको उपयोग कम हुनु, निर्वाचन ज्यादै खर्चिलो हुनु, तालमेल हुँदा समानुपातिकमा असर पर्नु, प्रत्यक्षमा केन्द्रित हुँदा समानुपातिकमा असर पर्नु, निर्वाचन आयोग समेत हाम्रा विरुद्ध हुनु ।

२०७९ मङ्सिर ४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा एकातर्फ नेका, माके र हाम्रो पार्टीसमेत रहेको वाम-लोकतान्त्रिक गठबन्धन थियो भने अर्कोतर्फ एमाले, राप्रपा र जसपा रहेको गठबन्धन थियो । यी

दुई गठबन्धनका बिच नै मुख्य टक्कर थियो । गठबन्धन नगरेर पार्टीहरू एक्ला एक्लै चुनाव लडेको भए परिणाम अर्कै हुन्थ्यो । परिणाममा प्रत्यक्षतर्फ मात्र होइन समानुपातिकतर्फ पनि पार्टीहरूको मत विगत निर्वाचनको तुलनामा कम आयो । निर्वाचनको परिणाम सम्बन्धी तथ्यगत विवरण अनुसूची- १ मा राखिएको छ ।

२०७९ मङ्सिर ४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा जनताको जुन अभिमत प्रकट भयो त्यसले सङ्घ र प्रदेश सबैतिर गठबन्धन सरकार बनाउनु पर्ने बाध्यात्मक अवस्था सिर्जना गऱ्यो । त्यस खालको अवस्थामा निर्वाचनलगत्तै २०७९ पुस १० मा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), रास्वपा, राप्रपा र जनमत पार्टी सम्मिलित गठबन्धनको सरकार बनेको थियो तर निर्माण भएको करिव दुई महिनामै उक्त गठबन्धन भत्कियो र हाम्रो पार्टी, नेकपा (माओवादी केन्द्र), जसपा, नेपाली कांग्रेस, जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टी सम्मिलित सात दलीय गठबन्धनको संयुक्त सरकार बन्यो । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा गठित संयुक्त सरकार सञ्चालनमा मार्गदर्शन गर्नका निम्ति न्युनतम साझा कार्यक्रम बनाइएको थियो । न्युनतम साझा कार्यक्रमले सरकारलाई निश्चित् दायित्व सुम्पेको थियो । ती दायित्व हुन् : संविधानको रक्षा र आवश्यकता अनुसार परिमार्जन एवं विकास गर्ने; सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने; देशको अर्थतन्त्र सुदृढ गर्न नीतिगत एवम् संरचनागत सुधार गर्ने; उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने; आपुर्ति व्यवस्थामा सुधार गर्ने; राष्ट्रिय उत्पादनमा वृद्धि गर्ने; रोजगारी सिर्जना गर्ने; आम जनतालाई गुणस्तरीय सेवा प्रदान गर्ने, भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिने; विस्तृत शान्ति सम्झौताका बाँकी काम सम्पादन गर्ने; विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने; समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक, लैङ्गिकलगायत सबै प्रकारका विभेदहरूको अन्त्य गर्न निरन्तर प्रयास गर्ने; जलवायु परिवर्तनका कारणले उत्पन्न जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्न पहल गर्ने; राष्ट्रिय हितको रक्षा र स्वतन्त्र एवम् सन्तुलित परराष्ट्र नीति अबलम्बन गर्ने ।

## १६. गठबन्धन सरकारका कामको संक्षिप्त समीक्षा

उक्त संयुक्त सरकारले माथि उल्लेखित न्युनतम साझा कार्यक्रमले सुम्पिएका दायित्व पूरा गर्ने प्रयास गरेको थियो र त्यस क्रममा जनताका समस्या समाधान गर्ने दिशामा केही सकारात्मक कदम चालेको थियो । मिटरब्याज पीडितहरूको पक्षमा ऐन बनाएर पीडकहरूमाथि कारबाही अघि बढाउनु; सुन तस्करी प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण आदि घटनामा कार्वाही अगाडि बढाउनु; भौतिक पूर्वाधारको क्षेत्रमा राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा गतिदिनु, शैक्षिक सत्र सुरुहुनु अगावै विद्यालयहरूमा पाठ्य पुस्तक पुऱ्याउनु; किसानलाई समयमा रासायनिक मल उपलब्ध गराउनु; धान, गहुँ, उखु जस्ता मुख्य कृषि उपजको न्युनतम समर्थन मूल्य बाली लगाउनु अगावै तोक्नु, दशै अगाडि पेट्रोलियम पदार्थ, मासु र दूध तथा दूग्धजन्य खाद्य पदार्थको मूल्य घटाउनु आदि सरकारले गरेका सकारात्मक कार्य हुन् । भ्रष्टाचारको विरुद्ध र सुशासनको पक्षमा अझ बढी केन्द्रित हुँदै सेवा प्रवाह र अर्थतन्त्रलाई फेरि सहज बनाउन सरकार जति प्रभावकारी ढङ्गले लाग्नुपर्ने थियो, त्यो भने हुन सकेन । त्यस सम्बन्धमा तत्कालीन गठबन्धनमा छलफल भएको थियो । समिकरण बदलिएपछि त्यसको सन्दर्भ पनि बदलियो ।

## १७. पार्टी पुनर्गठन अभियान र वर्तमान अवस्था

हामीले नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने उद्देश्यले दक्षिणपन्थी अवसरवाद एवम् विसर्जनवाद र व्यक्तिवादी अहङ्कारवाद एवम् स्वेच्छाचारी प्रवृत्तिका विरुद्ध विद्रोह गरेर आजभन्दा करिव साढे दुई वर्षपहिले २०७८ भाद्र २ गते नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गरी पार्टी पुनर्गठन अभियान सुरु गरेका थियौं । २०७८ भाद्र ९ मा निर्वाचन आयोगबाट पार्टी दर्ता भएको प्रमाण प्राप्त भएको केहीदिनपछि २०७८ असोज ५-७ मा बसेको नवगठित केन्द्रीय कमिटीको प्रथम बैठकबाट तीन महिने पार्टी पुनर्गठन अभियान सञ्चालन गर्ने योजना तर्जुमा गरी त्यसको कार्यान्वयनमा जुटेका थियौं ।

उक्त अभियानका दौरान हामीले एमालेमै रहेर प्रतिगमन विरुद्ध सङ्घर्ष गरिरहेको बेला गठन गरेका समानान्तर कमिटीहरूलाई नेकपा (एकीकृत समाजवादी) का कमिटीमा रूपान्तरण गर्ने; जनवर्गीय सङ्गठनका कमिटीहरूलाई पनि नेकपा (एकीकृत समाजवादी) का भातृ/भगिनी सङ्गठनका कमिटीमा रूपान्तरण गर्ने; साविक नेकपा (एमाले) बाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिहरूले नेकपा (एकीकृत समाजवादी) लाई आफ्नो पार्टीका रूपमा रोजी सनाखत गर्ने; एमाले सम्बद्ध प्रवासी नेपाली सङ्घलाई हाम्रो पार्टीमा आबद्ध गर्ने; प्रदेश तथा जिल्लामा पार्टी कार्यालय स्थापना गरी सञ्चालन गर्ने; देशव्यापी रूपमा पार्टी कमिटीहरू गठन, पुर्नगठन, बैठक, भेला,

वैचारिक प्रशिक्षण आदि कार्य सञ्चालन गर्ने; एमालेबाट फैलाइएका भ्रमहरूको खण्डन गर्ने र पार्टी पुनर्गठनको औचित्य एवं पार्टीले अँगालेका सिद्धान्त, विचार र कार्यदिशाबारे प्रष्ट पार्नका लागि प्रशिक्षण अभियान सञ्चालन गर्ने जस्ता कामहरू गरिएको थियो ।

हामी तीन महिने पार्टी पुनर्गठन अभियानमा रहेको बेला कोभिड-१९ को सङ्क्रमण व्यापक रूपमा फैलिएकाले हाम्रो अभियान रोकिएको थियो । कोभिड-१९ को सङ्क्रमण कम भएपछि २०७८ माघ २५ मा बसेको केन्द्रीय सचिवालयको १३औँ बैठकले सङ्गठन निर्माणको विशेष अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो र २०७८ फागुन २५-२६ मा बसेको केन्द्रीय कमिटीको तेस्रो बैठकले सङ्गठन निर्माण सम्बन्धी तात्कालिक कार्ययोजना पारित गरेको थियो । उपर्युक्त कार्ययोजना कार्यान्वयन गर्ने क्रममै रहेको बेला हामी २०७९ वैशाख ३० मा हुन गइरहेको स्थानीय तहको निर्वाचनमा सरिक हुनुपरेकाले उक्त कार्ययोजना पूर्ण रूपले कार्यान्वयन हुन पाएन ।

स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् २०७९/२/२१ मा आयोजित केन्द्रीय सचिवालयको बैठकबाट निर्णय गरी २०७९/२/३१ मा स्थायी कमिटीको, २०७९/३/१० मा पोलिटब्युरोको, २०७९/३/११ मा केन्द्रीय कमिटीको र २०७९/३/१३-१४ मा केन्द्रीय परिषद्को बैठक बसेर पार्टी पुनर्गठनदेखि त्यसबेलासम्मको समग्र पार्टी काम र स्थानीय तह निर्वाचनको समेत समीक्षा गरी त्यसबेलासम्म कमिटी गठन नभएका २६.३० प्रतिशत पालिका र ४४.७९ प्रतिशत वडाहरूमा तीन महिनाभित्र कमिटी गठन गरिसक्नेलगायतका विषय समावेस गरिएको तात्कालिक कार्ययोजना पारित गरिएको थियो । परिषद्को बैठकलगत्तै २०७९ असार १६ गते प्रदेशका इन्चार्ज र अध्यक्षहरूसहित सङ्गठन विभागको विस्तारित बैठक बसेर उपर्युक्त साङ्गठनिक कार्ययोजना कार्यान्वयन गर्ने कार्यतालिका समेत तय गरिएको थियो । साथै पार्टीको सम्पूर्ण शक्ति प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा केन्द्रित हुने निर्णय पनि गरिएको थियो । त्यस अवधिमा निर्वाचनतिर नै केन्द्रित हुनुपर्ने भएकाले उक्त कार्ययोजना अनुसारको साङ्गठनिक काम हुन सकेन ।

२०७९ मङ्सिर ४ मा प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन सम्पन्न भएपश्चात् २०७९ माघ २१-२२ मा बसेको केन्द्रीय कमिटीको पाँचौँ बैठकबाट सङ्गठन सुदृढीकरण विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको थियो । त्यस अभियानको उद्देश्य गठन भएका कमिटीहरूको बैठक बसी कमिटी अध्यावधिक गर्ने, कमिटी नबनेका पालिका र वडाहरूमा कमिटी गठन गर्ने, जनसङ्गठनका कमिटी गठन गर्ने, पार्टी सदस्यता र सङ्गठित पार्टी सदस्यता अध्यावधिक तथा नविकरण र वितरण गर्ने, प्रशिक्षण अभियान सञ्चालन गर्ने, आम भेला गरी पार्टीका धारणा राख्ने; अभिलेख व्यवस्थित गर्नेलगायतका कार्य गर्ने थियो । यो अभियान सञ्चालन गर्न केन्द्रबाट प्रत्येक प्रदेश तथा जिल्लामा अनुगमनकर्ता र प्रत्येक पालिकामा सहजकर्ता खटाइएको थियो । सुरुमा दुई महिना सञ्चालन गर्ने भनिएको उक्त अभियानका लागि पछि समय थप पनि गरिएको थियो ।

सङ्गठन सुदृढीकरण विशेष अभियानका दौरान सबै प्रदेश कमिटी अन्तर्गतका जिल्ला कमिटीहरूका बैठक बसेका थिए । अधिकांश जनसङ्गठनका बैठक भएका थिए । पार्टी र जनसङ्गठनका धेरै कमिटीहरू अध्यावधिक भएका थिए । अधिकांश पालिका कमिटीहरूका बैठक बसेका थिए । गठनहुन बाँकी केही पालिका र वडाहरूमा नयाँ कमिटी बनेका थिए । प्रदेश र जिल्ला स्तरीय प्रशिक्षणहरू भएका थिए । केही जिल्लामा पार्टी जिल्ला अधिवेशन भएका थिए । यी सबै अभियानका उपलब्धि हुन् । तर, जिल्लामा खटाइएका कतिपय अनुगमनकर्ता र पालिकामा खटाइएका सहजकर्ताहरू खटाइएको कार्यक्षेत्रमा नगएको र कार्यक्षेत्रमा पुगेकाहरूले पनि उद्देश्य अनुरूप कार्ययोजना बनाएर कार्यान्वयन नगरेको पनि पाइयो । यो अभियान जुन उद्देश्यले सञ्चालन गर्ने भनिएको थियो त्यस अनुसार लक्ष्य प्राप्त नभएता पनि सङ्गठनात्मक कामलाई केही हदसम्म व्यवस्थित गर्ने काम भने भएको थियो ।

विभिन्न चरणमा सञ्चालित पार्टी पुनर्गठन तथा सुदृढीकरण अभियानका दौरान नेपाल कम्युनिष्ट पार्टी (जनवादी), राष्ट्रिय जागरण परिषद्, नेपाल कम्युनिष्ट पार्टी (गौरवशाली), एकीकृत नेपाल कम्युनिष्ट पार्टी र बहिरगमित पूर्व जनमुक्ति सेना नामक कम्युनिष्ट समूहहरू समूहगत रूपमा नै हाम्रो पार्टीमा एकताबद्ध भएका थिए भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माले) लगायत विभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरू ठूलो सङ्ख्यामा हाम्रो पार्टीमा प्रवेश गरेका थिए ।

हाम्रो सङ्गठनात्मक संरचना केन्द्र, प्रदेश र स्थानीय तह गरी मुख्य तीन तहमा विभाजित छ । केन्द्रमा केन्द्रीय कमिटी, तीनओटा केन्द्रीय आयोगहरू, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च, केन्द्रीय परिषद्, केन्द्रीय विभागहरू, प्रदेश तहमा भूगोलका सातओटा प्रदेश कमिटी र स्थानीय तहमा सतहत्तर जिल्ला कमिटी, अधिकांश पालिका कमिटी र आधाभन्दा बढी वडामा वडा कमिटी गठन भएका छन् । गैरभूगोल क्षेत्रका विशेष प्रदेश

कमिटी, विशेष जिल्ला कमिटी, सम्पर्क कमिटी, विशेष इलाका र सम्पर्क मञ्च तथा प्रवासमा समेत हाम्रो पार्टी फैलिएको छ । उपर्युक्त पार्टी कमिटीहरूका अतिरिक्त जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनहरूमा पनि ठूलो सङ्ख्यामा पार्टीका सदस्य एवम् समर्थकहरू सङ्गठित भएका छन् । पार्टी तथा जनसङ्गठनका कमिटी र तिनमा सङ्गठित सदस्य सङ्ख्या अनुसूची-२ मा राखिएको छ ।

उपर्युक्त विवरणका आधारमा भन्न सकिन्छ कि हाम्रो पार्टी देशव्यापी रूपमा फैलिएको छ र क्रमशः मजवुत बन्दै गैरहेको छ । तथापि यो पर्याप्त छैन । सङ्गठन विस्तार योजनामा निर्धारित लक्ष्यहरू प्राप्त हुन सकेका छैनन् । पार्टी हामीले चाहे जसरी अगाडि बढ्न सकेको छैन । केही समस्याहरू पनि छन् । पार्टी पङ्क्तिमा आत्मविश्वासको कमी, आलस्यता, निराशा, निष्क्रियता, वारम्वार अवसर प्राप्तिको अपेक्षा, पलायनता जस्ता कमजोरी देखिएका छन् । यस प्रकारका कमजोरी देखिनुका विभिन्न कारणहरू छन् । सबभन्दा प्रमुख कारण पार्टीमै रहेका कतिपय व्यक्तिहरूबाट पार्टीको बदख्वाइँ गर्ने अनुशासनहीन र अराजक कार्य हो । त्यस्तो कार्य गर्ने केही व्यक्ति पार्टीबाट पलायन भएर गइसकेका छन् तर त्यसको असर पार्टीमा परेको छ । । कसैबाट अझै पनि त्यस प्रकारको दुष्कर्म भइरहेको छ भने त्यो तुरुन्त रोकिनु पर्दछ । त्यस्ता गलत प्रवृत्तिलाई छुट दिन सकिदैन । साथै पार्टीका सिद्धान्त, विचार र दृष्टिकोणको दृढतापूर्वक पक्षपोषण गर्ने आँटको कमी; पद र जिम्मेवारी लिने तर वहन नगर्ने प्रवृत्ति; आत्मविश्वासको कमी; पार्टी सानो छ भन्ने लघुताभाष; प्रत्यक्ष रूपमा कुनै लाभ प्राप्त नभएको असन्तुष्टि; विरोधीले फैलाएका भ्रम र सामाजिक सञ्जालमार्फत भएका कुप्रचारको प्रभाव; हाम्रो प्रचार कार्य कमजोर हुनु आदि अन्य कारण हुन् ।

यस महाधिवेशनबाट उपर्युक्त कमी कमजोरीहरूलाई हटाउदै निराशालाई चिर्ने, आशा र उत्साह जगाउने, प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र पार्टीलाई एउटा असल क्रान्तिकारी कम्युनिष्ट पार्टीको रूपमा अगाडि बढाउने ठोस नीति निर्धारण गरी उक्त नीति कार्यान्वयन गर्ने दृढ अठोटका साथ अघि बढ्नु पर्दछ ।

## १८. मेची-महाकाली अभियान

"समाजवादी जागरण अभियान : रोजगारी, समृद्धि र सुशासन" भन्ने मूल नाराका साथ २०८० असौज १४-२८ मा मेची-महाकाली अभियान चलाइएको थियो । पूर्व झापाको काकरभिट्टाबाट शुरुगरी सुदुरपश्चिमको कञ्चनपुर हुँदै कर्णालीको सुर्खेत पुगेर १२०० किलो मिटरको यात्र सम्पन्न गरिएको त्यस अभियानमा झापाको काकरभिट्टा, सुनसरीको इटहरी, सिराहाको सिराहा बजार, धनुषाको जदुकुहा, महोत्तरीको जलेश्वर, रौतहटको गरुडा, बाराको सिमरा, मकवानपुरको हेटौंडा, चितवनको भरतपुर, रूपन्देहीको भैरहवा र बुटवल, दाङको तुलसीपुर, बाँकेको कोहलपुर, कैलालीको टिकापुर र धनगढी, कञ्चनपुरको महेन्द्रनगर र सुर्खेतको सुर्खेत बजार गरी जम्मा सत्रओटा 'ठूला सभा' गरिएका थिए भने दमक, उर्लाबारी, बिराट चोक, इनरुवा, राजविराज, छिन्नमस्ता, अर्नाह, भगवानपुर, लालबन्दी, हर्नैया, कलैया, बीरगञ्ज, अमलेखजञ्ज, भण्डारा, कावासोती, बर्दघाट, धकधई, मणिग्राम, सैनामैना, पकडी, चन्द्रौटा, लमही, घोराही, सोनपुर, राजापुर, लम्की, अत्तरिया, पुनर्वास, झलारी र छिन्चुमा कोणसभाहरू गरिएका थिए । मोरङको बिराट चोक, सप्तरीको राजविराज, भगवानपुर र छिन्नमस्ता, सर्लाहीको लालबन्दी, चितवनको भण्डारा, कपिलवस्तुको पकडी, कैलालीको अत्तरियाका कोणसभाहरू जनउपस्थितिका हिसाबले अन्यत्रका मूलसभा जत्तिकै प्रभावकारी थिए ।

ठूला सभा र कोणसभाबाहेक २५ स्थानमा विभिन्न संस्था र समुदायसँग भेटघाट र अन्तर्क्रिया गरिएको थियो, जसमध्ये चितवनमा उद्योग सङ्घसँग, भैरहवामा उद्योग वाणिज्य महासङ्घसँग, कोहलपुरमा विभिन्न व्यावसायिक समूहसँग र गुलरियामा उद्योग वाणिज्य महासङ्घसँग बढी रचनात्मक छलफल भएका थिए । बास बसिएका सबै स्थानमा साना-ठूला कार्यकर्ता भेटघाट तथा तात्कालिक विषयमा समीक्षा गरिएको थियो । उक्त अभियानबाट पार्टीले अगाडि सारेका एजेण्डा जनताको बिचमा पुऱ्याउने, किसान र कृषि तथा उद्योग संरक्षण सम्बन्धी एजेण्डा स्थापित गर्ने, सुस्ताएर बसेका कार्यकर्तालाई सक्रिय बनाउने, स्थानीय कमिटीका बैठक गर्ने, पार्टीको जनाधार विस्तार गर्ने, पार्टीको सदस्यता नवीकरण र विस्तारका लागि वातावरण तयार गर्ने, पार्टीप्रति कार्यकर्ता र सम्पर्कमा आएका विभिन्न समुदाय र संस्थाको भरोसा बढाउने आदि उपलब्धी हासिल भएका छन् । अभियानको दौरान ठूलो सङ्ख्यामा विभिन्न तह र तप्काका मानिसहरू अन्य पार्टी परित्याग गरी हाम्रो पार्टीमा प्रवेश गरेका थिए । तयारीमा पर्याप्त ध्यान नपुग्नु, अभियानमा हिँड्ने टोलीको संख्या नियन्त्रण गर्न नसकिनु, समय व्यवस्थापन गर्न गाह्रो हुनु, वक्ताको सन्तुलन मिलाउन नसकिनु, वक्ताहरू विषय केन्द्रित नहुनु, प्रचार कार्य व्यवस्थित गर्न नसकिनु जस्ता कमी रहेका भए पनि अभियान आम रूपमा सफल भएको थियो ।

## १९. पार्टीका मुख्य सैद्धान्तिक अवधारणा

हरेक राजनीतिक दलका आफ्ना निश्चित् सैद्धान्तिक एवम् वैचारिक अवधारणा र स्पष्ट आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र वैदेशिक नीति हुन्छन् । कम्युनिष्ट पार्टीमा सैद्धान्तिक एवम् वैचारिक स्पष्टता र नीतिगत प्रतिबद्धताको झन बढी खाँचो पर्दछ । त्यसैले हामीले पार्टी पुनर्गठन अभियान सुरु गरेदेखि नै पार्टीका मूलभूत सैद्धान्तिक एवम् वैचारिक अवधारणा र नीतिगत प्रतिबद्धता एकदमै स्पष्ट रूपमा राख्दै आएका छौँ । हामीले पार्टी दर्ता गर्दाको घोषणा पत्रमा नै संक्षिप्तमा धेरै कुरा स्पष्टसँग राखेका छौँ । जस्तो कि वर्तमान नेपाली समाजको चरित्र, प्रधान अन्तर्विरोध, क्रान्तिको चरित्र, पार्टीको रणनीतिक लक्ष्य र पार्टीको मार्गदर्शक सिद्धान्तका बारेमा उक्त घोषणा पत्रमा भनिएको छ : "२०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिद्वारा सामन्ती राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नेपाली क्रान्तिले एउटा चरण पार गरेर अर्को चरणमा प्रवेश गरेको छ । नेपाली समाज आधारभूत रूपमा पूँजीवादी चरित्रको बन्न पुगेको छ । ... यतिबेला नेपाली समाजमा रहेका समाजवादी क्रान्तिका पक्षधर शक्ति र त्यसका विरोधी शक्तिहरूबिचको अन्तर्विरोध समाजको प्रधान अन्तर्विरोध बन्न पुगेको छ । ...पार्टीको रणनीतिक लक्ष्य लोकतान्त्रिक मूल्य मान्यतासहितको वैज्ञानिक समाजवाद हो । ...पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो ।" त्यसैगरी केन्द्रीय कमिटीको प्रथम बैठकबाट पारित राजनीतिक प्रस्तावमा अहिले पार्टीले अँगाल्ने कार्यदिशा र कार्यभारको बारेमा स्पष्ट पार्दै भनिएको छ : "हामी समाजवादी क्रान्तिको कार्यदिशा अवलम्बन गर्नेछौँ र समाजवादको यात्रामा अगाडि बढ्ने छौँ । ...समाजवादी क्रान्तिका विरोधी शक्तिहरूमाथि प्रहार केन्द्रित गर्दै समाजवादको दिशामा अगाडि बढ्नु यतिबेलाको हाम्रो मुख्य कार्यभार हो । हाम्रो अबको गन्तव्य वैज्ञानिक समाजवाद हो । त्यो समाजवाद लोकतान्त्रिक मूल्य मान्यतासहितको र समावेशी चरित्रको हुनेछ ।" यसका अतिरिक्त केन्द्रीय कमिटीका अन्य बैठक र केन्द्रीय परिषद्को बैठकबाट पारित राजनीतिक प्रतिवेदनहरू, निर्वाचन घोषणा पत्र आदि दस्तावेजहरूमा पनि आफ्ना स्पष्ट विचार र दृष्टिकोण राखेर आएका छौँ । यस दस्तावेजमा पनि केही महत्वपूर्ण विषयहरूको संक्षेपमा चर्चा गर्नु उपयुक्त नै हुनेछ ।

सर्वप्रथम यो सपष्ट गरौँ कि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) २२ अप्रिल १९४९ (१० वैशाख २००६) मा स्थापित नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रूप हो । यो पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गका जनताको हित प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी हो । नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापना कालदेखि राख्दै आएको नेपाली समाजमा रहेका सामन्ती तथा दलाल-नोकरशाही पूँजीवादी र साम्राज्यवादी शोषण, दमन र उत्पीडनको अन्त्य गरी जनवादी चरण हुँदै वैज्ञानिक समाजवादको स्थापना गर्ने र समाजमा रहेका वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिकलगायत सबै प्रकारका विभेदहरूको अन्त्य गरी सामाजिक न्याय र समानतासहितको स्वतन्त्रता तथा आम जनता सुखी एवम् समृद्ध भएको समाज स्थापना गर्ने उद्देश्यहरू नै यस पार्टीका आम लक्ष्य र उद्देश्यहरू हुन् । यो पार्टी यी सबै लक्ष्य र उद्देश्यहरू प्राप्तिको सङ्घर्षमा निरन्तर डटिरहन प्रतिबद्ध छ ।

हामीले सुरुदेखि नै स्पष्टसँग भन्दै आएका छौँ कि पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक विश्वदृष्टिकोण र श्रमजीवी वर्गको मुक्ति एवम् समाज परिवर्तनको मार्गदर्शक सिद्धान्त हो । मार्क्सवाद कुनै जडसूत्र नभएर एक गतिशील वैज्ञानिक सिद्धान्त भएकाले यसको प्रयोग समाजको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक ढङ्गले हुन्छ र गर्नुपर्दछ भन्ने हाम्रो दृढ मान्यता छ । मार्क्सवादको प्रयोगको कुनै एउटा मात्र आदर्श नमुना वा मोडेल छैन । यसको प्रयोग विभिन्न मुलुकमा विभिन्न ढङ्गले भएको छ । हामी नेपाली कम्युनिष्टहरू लोकतान्त्रिक मूल्य मान्यतासहितको राजनीतिक प्रणालीका साथ मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने पक्षमा रहिआएका छौँ । त्यसक्रममा जननेता कमरेड मदन भण्डारीको अगुवाइमा नेपाली क्रान्तिको कार्यक्रमका रूपमा प्रतिपादित जनताको बहुदलीय जनवादले नेपाली कम्युनिष्ट आन्दोलनको व्यापक विस्तार एवम् विकास र लोकतान्त्रिकरणमा महत्वपूर्ण योगदान गरेको थियो । जनवादी क्रान्तिको चरणमा त्यसले हामीलाई मार्गदर्शन गरेको थियो । अहिले नेपाली क्रान्ति जनवादी चरण पार गरेर समाजवादी चरणमा प्रवेश गरेको हुँदा अब हामीले समाजवादी क्रान्तिको कार्यक्रम अँगालेर अगाडि बढ्नुपर्दछ भन्ने निष्कर्ष केन्द्रीय कमिटीको प्रथम बैठकबाट नै निकालिएको थियो । जनताको बहुदलीय जनवादमा अगाडि सारिएका सामन्तवाद विरोधी राजनीतिक माग, नारा र मूल्य मान्यताहरू संविधानमा संस्थागत भएका छन् । यो उपलब्धिको पक्ष हो । तर, यसले अगाडि सारेका समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका मागहरू भने व्यवहारमा लागु भइसकेका छैनन् । ती मागहरूलाई अव पार्टीले अगाडि सार्ने समाजवादी कार्यक्रमका अभिन्न अङ्ग बनाएर अझै उन्नत रूपमा प्रस्तुत गरी कार्यान्वयन गर्नुपर्दछ ।

पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हो । जनवादी केन्द्रीयता भनेको जनवाद र केन्द्रीयता दुवैको संयोजन भएको व्यवस्था हो । कमरेड पुष्पलालका अनुसार "जनवाद र केन्द्रीयता पार्टी सङ्गठनका दुई पहलु हुन् । यी तराजुको दुई पल्ला हमेशा बराबर सन्तुलित रहनुपर्छ । यसमा बेथिति आएमा पार्टी जीवनमा नै बेथिति देखापर्दछ ।" ( नेपाल कम्युनिष्ट पार्टी र यसको कार्य पद्धति) । यस सिद्धान्तको मूल मर्म निर्णय प्रकृयामा जनवाद र निर्णय कार्यान्वयनमा केन्द्रीयता लागुहुन्छ भन्ने हो । निर्णय प्रकृयामा जनवाद भनेको पार्टीको नीति निर्माण गर्ने प्रकृयामा हरेक सदस्यले स्वतन्त्रतापूर्वक आफ्नो राय राख्न र मत जाहेर गर्न पाउंछन् भन्ने हो भने निर्णय कार्यान्वयनमा केन्द्रीयता भनेको जनवादी प्रकृया अवलम्बन गरेर निर्णयमा पुगिसकेपछि सबैले उक्त निर्णय कार्यान्वयन गर्नुपर्दछ भन्ने हो । निर्णयमा असहमति छ भने पनि कार्यान्वयनमा असहमति हुनु हुँदैन भन्ने हो । जनवादी तरिकाले वहस छलफल गरेर सकेसम्म सहमतिबाट र सहमति हुन नसकेमा लोकतन्त्रिक विधिबाट निर्णय गर्ने र निर्णय भइसकेपछि त्यसलाई अनुशासित ढङ्गले कार्यान्वयन गर्नुपर्दछ भन्ने हो । पार्टीका सबै कमिटी र जनसङ्गठनहरू यही सिद्धान्त र कार्यपद्धति अनुरूप सङ्गठित र परिचालित हुनेछन् । **यो पार्टी नेता प्रधान होइन नीति प्रधान हुनेछ । पार्टीमा सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वको कार्य पद्धति अवलम्बन गरिने छ ।** पार्टीको सार्वभौम अधिकार पार्टीका सङ्गठित सदस्यहरूमा रहनेछ र त्यसको प्रयोग पार्टी विधान अनुसार गरिनेछ । पार्टीका सवै कमिटीहरू समावेशी चरित्रका हुनेछन् र युवालाई उचित स्थान दिइने छ ।

जनवादी केन्द्रीयताको सिद्धान्तका सार पक्ष र रूप पक्ष छन् । मार्क्सवादी विश्वदृष्टिकोण, श्रमजीवी वर्ग पक्षधरता र समाजको आमूल परिवर्तन गर्ने दृष्टिकोण यस सिद्धान्तको सार पक्ष हो भने व्यक्ति कमिटीको मातहत हुन्छ, अल्पमत बहुमतको मातहत हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत हुन्छ, सबै तल्ला कमिटी केन्द्रीय कमिटीको मातहत हुन्छन्, केन्द्रीय कमिटी र केन्द्रीय निकाय महाधिवेशनको मातहत हुन्छन् र महाधिवेशन पार्टी सदस्यहरूको मातहत हुन्छ भन्ने सङ्गठनात्मक प्रणाली यसको रूप पक्ष हो । वास्तवमा सङ्गठनात्मक सिद्धान्तका यिनै सार र रूप पक्षको सही प्रयोगबाट नै सङ्गठनको व्यवस्थित निर्माण र सञ्चालन हुन्छ ।

यो पार्टी जन आधारित कार्यकर्ता पार्टी हो । यस पार्टीका सम्पूर्ण सदस्यहरू मुलुकको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक र क्रान्तिकारी सारतत्वकासाथ अघि बढाउँदै नेपाली क्रान्तिका निर्दिष्ट लक्ष्य र उद्देश्यहरू हासिल गर्न जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र जुझारु हुनेछन् र अग्रगामी राजनीतिक भूमिका निर्वाह गर्दै अघिबढ्न दृढ सङ्कल्पित रहने छन् । उनीहरू सामाजिक-आर्थिक तथा साँस्कृतिक रूपान्तरणका लागि उत्पादन सङ्घर्ष, वैज्ञानिक प्रयोग र वर्गसङ्घर्षमा सामेल हुँदै विचार, सङ्गठन, सङ्घर्ष र सिर्जनात्मकताका क्षेत्रमा अग्रणी भूमिका खेल्नेछन् । पार्टीका सदस्यहरू जनसरोकारका विषय र उत्पादनशील कार्यमा क्रियाशील हुँदै पार्टीको एकता र अग्रगतिका लागि समर्पित रहने छन् ।

यस पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हो । यस पार्टीले शान्तिपूर्ण प्रतिस्पर्धामार्फत श्रेष्ठता हासिल गर्ने मान्यता राख्दछ । यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार एवम् मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलतायुक्त खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, समावेशी सहभागिता, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था र स्वतन्त्र न्यायपालिकाजस्ता लोकतन्त्रका विश्वव्यापी मूल्य मान्यताप्रति प्रतिबद्ध छ ।

यस पार्टीका सम्पूर्ण क्रियाकलाप नेपाल र नेपाली जनताको सर्वोपरि हितमा केन्द्रित हुनेछन् । यो पार्टी राष्ट्रिय हितको संरक्षण एवम् संवर्द्धनमा दृढतापूर्वक क्रियाशील रहने छ । पार्टीले संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त र असंलग्नताको सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नेछ । यो पार्टी पारस्परिक समानता, सम्मान र हितका आधारमा अन्तर्राष्ट्रिय समुदाय तथा छिमेकीलगायत विश्वका सबै देशसँग सुमधुर सम्बन्ध कायम गर्ने मान्यता राख्दछ ।

### २०. समाजवादी क्रान्तिको कार्यक्रम र कार्यदिशा

क्रान्ति समाज बदल्ने महाअभियान हो । समाजको अवस्थाले क्रान्तिको चरित्र निर्धारण गर्दछ । वर्तमान नेपाली समाजको मूल चरित्र पूँजीवादी हो । पूँजीवादी समाज बदल्नका निम्ति गरिने क्रान्तिको चरित्र समाजवादी हुने भएकाले अहिले हाम्रो मुलुक समाजवादी क्रान्तिको चरणमा छ । यस चरणको लागि पार्टीको रणनीतिक लक्ष्य समाजवाद हो । त्यसैले अव पार्टीले अगाडि सार्ने क्रान्तिको कार्यक्रम समाजवादी हुन्छ । समाजवाद समतामूलक समाज निर्माण गर्ने सैद्धान्तिक अवधारणा हो । समाजवादी क्रान्ति पूजीवादी समाजमा रहेका सवैखाले विभेद र असमानताहरूको अन्त्य

गरी समतामूलक समाजका आधार निर्माण गर्ने महाअभियान हो । समाजवादी क्रान्तिको कार्यक्रम त्यस महाअभियानको खाका हो ।

क्रान्तिको कार्यक्रम भनेको क्रान्तिका लक्ष्य-उद्देश्यहरू र तिनलाई प्राप्त गरी अगाडि बढ्ने समग्र योजना एवम् नीतिहरूको समष्टि हो । कार्ल मार्क्सका अनुसार "सिद्धान्तहरूको एक कार्यक्रम बनाएर दुनियाँको साम्नेमा यस्ता मानदण्डहरू प्रस्तुत गरिन्छ, जसका आधारमा पार्टी गतिविधिहरूको स्तर मापन हुन्छ ।"[२] फ्रेडरिख एंगेल्सका अनुसार "कार्यक्रम सार्वजनिक रूपमा फहराइरहेको ब्यानर हो, जसका आधारमा बाह्य संसारले पार्टीको मूल्याङ्कन गर्दछ ।"[३] त्यसैले क्रान्तिको कार्यक्रम समाजको नयाँ उन्नत अवस्थाका लागि देखिएका सपना र गरिने कार्यहरूको खाका हो ।

कार्यक्रममा जुन समाजमा क्रान्ति गर्ने हो त्यस समाजको वस्तुनिष्ट विश्लेषण गरिएको हुन्छ र त्यस समाजलाई बदल्नको निम्ति क्रान्तिको आवश्यकता, क्रान्ति गर्दा अवलम्बन गरिने सिद्धान्त, क्रान्तिका नेतृत्वदायी, मुख्य र सहयोगी शक्तिहरू, क्रान्तिका शत्रु शक्ति एवम् प्रहारका निशानाहरू, क्रान्तिका रणनीति र कार्यनीति एवम् क्रान्तिको बाटो, क्रान्तिपछिको निर्माणसँग सम्बन्धित नीतिहरू र क्रान्तिको भावी दिशाको स्पष्ट खाका उल्लेख गरिएको हुन्छ ।

वर्तमान नेपाली समाज पूँजीका आधारमा विभिन्न वर्गहरूमा विभाजित पूँजीवादी समाज हो । यसमा अनेक प्रकारका विभेद र असमानताहरू विद्यमान छन् । अनेक प्रकारका शोषण, दमन र उत्पीडनकारी व्यवहार भइरहेका छन् । विभिन्न प्रकारका अन्धविश्वासजन्य र रुढीवादी व्यवहार भइरहेका छन् । पूँजीवादी समाजमा रहेका तमाम शोषण, दमन, उत्पीडन, विभेद र असमानताको अन्त्य गरी समतामूलक समाज निर्माण गर्नको लागि त्यसै उचाइको क्रान्ति आवश्यक छ । त्यो क्रान्ति समाजवादी चरित्रको हुन्छ । हाम्रोजस्तो मुलुकमा समाजवादी क्रान्तिको प्रधान शत्रु दलाल-नोकरशाही पूँजीपति वर्ग हो । यस क्रान्तिको नेतृत्वदायी एवम् मुख्य वाहक शक्ति सर्वहारा श्रमजीवी वर्ग हो भने श्रमजीवी किसान वर्ग सहायक वाहक शक्ति हो । शहरिया गरिब, निम्नपूँजीपति वर्ग र अन्य पेशा, व्यवसाय र तहका श्रमजीवी जनता यस क्रान्तिका भरोसा योग्य सहयोगी शक्ति हुन् । राष्ट्रिय पूँजीपति वर्ग, मध्यम पूँजीपति वर्ग, धनी किसान तथा देशभक्त, लोकतान्त्रिक व्यक्ति तथा समुह यस क्रान्तिका अस्थिर चरित्रका मित्र शक्ति हुन् । विश्व कम्युनिष्ट आन्दोलन, समाजवादी आन्दोलन, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलन, श्रमिक आन्दोलन, लोकप्रिय जनवादी आन्दोलन, पर्यावरण, शान्ति र मानव अधिकारवादी आन्दोलन आदि यस क्रान्तिका मित्र शक्ति हुन् । यस क्रान्तिको भावी दिशा साम्यवादी अर्थात वर्गविहिन, शोषणविहिन र शासनविहिन समाज स्थापना गर्नु हो । यो क्रान्ति जनवादी क्रान्तिका अपलव्धीहरूमा टेकेर शान्तिपूर्ण बाटोबाट अगाडि बढ्नेछ ।

कार्यदिशा क्रान्तिका कामलाई तात्कालिक अवस्थामा कसरी अगाडि बढाउने भन्ने विषय हो । यो मूल रूपमा कुन नीति अगालेर कस्तो प्रक्रियाबाट क्रान्तिसँग सम्बन्धित कार्यहरू अगाडि बढाउने भन्ने विषय हो । कार्यदिशा क्रान्तिको चरित्र र प्रक्रिया वा बाटोसँग सम्बन्धित सवाल हो । यसको निर्धारण समाजको तात्कालिक चरित्रका आधारमा हुन्छ । २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिद्वारा सामन्ती राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि नेपाली समाजको आधारभूत चरित्र बदलिएको छ । नेपाली क्रान्तिले जनवादी चरण पार गरी समाजवादी क्रान्तिको चरणमा प्रवेस गरेको छ । त्यसैले नेपाली क्रान्तिको अबको मूल कार्यदिशा समाजवादी हो ।

अहिलेको हाम्रो मूल नीति जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा र विकास गर्दै शान्तिपूर्ण प्रक्रियाबाट समाजवादको दिशामा अगाडि बढ्ने भन्ने हो । त्यसैले अहिले हामीले अँगाल्ने कार्यदिशा समाजवादी कार्यदिशा हो । अबको हाम्रो पार्टी काम सम्पूर्ण रूपमा समाजवाद उन्मुख हुन्छ, हुनु पर्दछ । हामी समाजवादी कार्यदिशा अवलम्बन गरेर समाजवादको यात्रामा अगाडि बढ्ने छौँ ।

### २१. रणनीति र कार्यनीति

रणनीति क्रान्तिको चरित्र, क्रान्तिका लक्ष्य-उद्देश्य, क्रान्तिका शत्रु र मित्र, क्रान्तिको भावी दिशा जस्ता विषयसँग सम्बन्धित मूल नीतिहरूको समष्टि हो । यो क्रान्तिका कार्यक्रमिक लक्ष्यहरू प्राप्त गर्न अवलम्वन गरिने नीति भएकाले अपेक्षाकृत स्थिर खालको हुन्छ र क्रान्तिको चरित्र र चरण नबदलिएसम्म बदलिंदैन । क्रान्तिको सिंगो चरणभर कायम रहन्छ । वर्तमान नेपाली समाज मूलतः पूँजीवादी चरित्रको भएको हुनाले यस्तो समाज बदल्नका निम्ति गरिने क्रान्तिको रणनीतिक लक्ष्य समाजवाद हो ।

---

[2] Marx & Engels– *Selected Works* (1970). Volume 3. p. 11.

[3] Marx & Engels– *Selected Works* (1970). Volume 3. p. 35-36.

कार्यनीति क्रान्तिका तत्काल गरिने कार्यहरूसम्बन्धी नीति हो । यो सङ्गठन र सङ्घर्षका तात्कालिक रूपहरू, तत्कालको प्रधान अन्तर्विरोध एवं प्रधान शत्रु तथा प्रहारका निशाना र मित्र शक्तिहरू सम्बन्धी नीतिको समष्टि हो । कार्यनीति रणनीतिको अंश हो । यसले रणनीतिको सेवा गर्दछ र रणनीतिक लक्ष्य प्राप्त गर्न मद्दत गर्दछ । कार्यनीति लचिलो हुन्छ र परिस्थितिमा परिवर्तन भयो भने बदलिन्छ । क्रान्तिको सिङ्गो चरण अन्तर्गत अनेकौं उपचरणहरू हुन सक्छन् र त्यस्ता उपचरणहरूमा प्रहारको निशाना फरक-फरक हुन सक्छ । त्यस्तो अवस्थामा तात्कालिक नीतिहरूमा परिवर्तन गर्नुपर्ने हुन्छ । त्यसरी परिस्थितिमा परिवर्तन हुँदा बदलिने तात्कालिक नीतिहरूको समष्टि नै कार्यनीति हो ।

अहिले हामी वर्तमान संविधान, गणतन्त्र र सङ्घीयता कार्यान्वयन गर्दै समाजवादी कार्यदिशा अँगालेर अगाडि बढिरहेका छौँ र समाजवादका आधार निर्माण गर्न प्रतिबद्ध छौँ । नेपाली समाजको वर्तमान अवस्थामा समाजवादका आधार निर्माण गर्ने भनेको यतिबेला नेपाल र नेपाली जनताले भोगिरहेका समस्याहरूको समाधान गर्दै अगाडि बढ्ने कुरा हो । आज नेपाल र नेपाली जनताले भोगिरहेका समस्याहरू हुन् : समाजमा विद्यमान वर्गीय, जातीय, भाषिक, धार्मिक एवम् सांस्कृतिक विभेद, कमजोर एवम् परनिर्भर अर्थतन्त्र, राष्ट्रमाथि बाह्य हस्तक्षेप, गरिबी, बेरोजगारी, शिक्षा र स्वास्थ्यको अपर्याप्तता, भ्रष्टाचार, ढिलासुस्ती, कमिसनतन्त्र, जताततै बिचौलियाको बिगबिगी, यी सबै समस्याहरूको समाधान गर्दै अगाडि बढ्नु नै वर्तमान सन्दर्भमा समाजवादका आधार निर्माण गर्नु हो । यो नै अहिलेको हाम्रो कार्यनीतिक कार्यदिशा हो ।

## २२. हाम्रा आगामी कार्यभार

हरेक क्रान्तिकारी आन्दोलनको तात्कालिक मूल कार्यदिशा अनुरूप तात्कालिक कार्यभारहरू रहेका हुन्छन् । वित्तीय तथा दलाल-नोकरशाही पूँजीवादी शोषण दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध सङ्घर्ष गर्दै स्वाधिन राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माणको अभियान सञ्चालन गर्नु र सामन्तवादको अवशेषका रूपमा रहेका आर्थिक शोषण, कुरीति, अन्धविश्वास र रुढीवादको समूल अन्त्यका निम्ति आर्थिक-सामाजिक-साँस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्नु आजका हाम्रा मुख्य कार्यभार हुन् । अहिलेका हाम्रा तात्कालिक कार्यभारहरू निम्न प्रकार हुनेछन् :

### २२.१. वैचारिक कार्यभार

आजको हाम्रो एउटा मुख्य कार्यभार नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा र विकास गर्नु हो । अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा एकातर्फ जडसूत्रवाद र उग्रवामपन्थी अतिवाद कायम छ भने अर्कोतर्फ दक्षिणपन्थी अवसरवाद हावी हुँदै गएको छ भने अनेक प्रकारका विकृति विसङ्गेगतिहरू पनि व्याप्त छन् । यी गलत विचार र विकृति विसङ्गतिलाई परास्त नगरी कम्युनिष्ट आन्दोलनको रक्षा र विकास हुन सक्तैन । गलत विचार र विकृति विसङ्गतिलाई परास्त गर्ने वैचारिक सङ्घर्षबाट नै हो । वैचारिक सङ्घर्ष भनेको अध्ययन, अनुसन्धान, छलफल, बहस, अन्तरकृया आदि कार्य सञ्चालन गर्नु हो । यी कार्यहरू गर्नका निम्ति दुई प्रकारका अभियान चलाउनु पर्दछ :

**क. नियमित पार्टी स्कूल सञ्चालन :** क्रान्तिकारी पार्टी निर्माणको एउटा मुख्य आधार विचार हो । क्रान्तिकारी विचारविनाको पार्टी क्रान्तिकारी हुनै सक्तैन । पार्टी विचारशून्य भयो भने त्यसको चरित्र नै समाप्त हुन्छ । त्यसैले हामीले जहिले पनि विचारधारात्मक काममा जोड दिने गरेका छौँ । पार्टीले अँगालेको सिद्धान्त, विचार, नीति र दृष्टिकोण स्पष्ट पार्ने तथा पार्टीको सङ्गठनात्मक सिद्धान्त र पद्धतिबारे प्रष्ट पार्ने र पार्टीका नेता तथा कार्यकर्ताको आचरण र व्यवहारबारे स्पष्ट पार्ने वैचारिक कार्यमार्फत हो । त्यसैले यतिबेलाको हाम्रो वैचारिक कार्यभार व्यापक रूपमा सैद्धान्तिक, वैचारिक अध्ययन तथा प्रशिक्षण सञ्चालन गर्नु हो किनभने प्रशिक्षण नै पार्टी पङ्क्तिमा विचार प्रवाह गर्ने माध्यम हो ।

पार्टीका दस्तावेजहरूको विभिन्न ढङ्गले अध्ययन, छलफल र अन्तरक्रिया गर्नुका साथै निश्चित पाठ्यक्रम र विभिन्न प्रकारका अध्ययन सामग्री तयार गरी नियमित रूपमा पार्टी स्कूल सञ्चालन गर्ने कार्यलाई अबको पार्टी कामको एउटा महत्वपूर्ण हिस्सा बनाइने छ । प्रत्येक कमिटीले पार्टी स्कूल तथा प्रशिक्षण अभियान चलाउने प्रणाली स्थापित गरिने छ । पार्टी स्कूल/प्रशिक्षणमा सैद्धान्तिक बैचारिक विषयका अतिरिक्त उद्यमशीलता विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना, भ्रष्ट्राचार निवारण, सुशासन तथा जनसरोकारका विषयहरू समेत समावेश गरिनेछ । पार्टीका सबै नेता तथा कार्यकर्ताहरू पार्टी स्कूलका प्रशिक्षण कक्षामा अनिवार्य रूपमा सहभागी हुनुपर्ने व्यवस्था गरिनेछ ।

**ख. विशेष अध्ययन तथा अनुसन्धान** : अहिले एकातर्फ कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताको वैचारिक स्तर कम्जोर बन्दै गएको छ भने अर्कोतर्फ मार्क्सवादको अध्ययनमा ठूलो ह्रास आएको छ । पार्टी नेता तथा कार्यकर्ताको वैचारिक स्तरलाई तात्कालिक विश्व राजनीति र अर्थनीतिका समस्या तथा समाज विकासका जटिलताहरू बुझ्न र ऐतिहासिक भौतिकवादी ढङ्गले विश्लेषण गर्नसक्ने गरी माथि उठाउन पार्टी स्कूलबाट दिइने सामान्य प्रशिक्षणले मात्र पुग्दैन । त्यसका निम्ति विषय केंद्रित विशेष अध्ययन र अनुसन्धानात्मक अध्ययनको समेत खाँचो पर्दछ । अबको नेतृत्वले आधुनिक विज्ञान र प्रविधिको पनि ज्ञान राख्नुपर्दछ । यस प्रकारको विशेष अध्ययन र अनुसन्धानलाई पनि नियमित रूपमा सञ्चालन गरिनेछ ।

### २२.२. राजनीतिक कार्यभार

नेपाली जनताको लामो कष्टसाध्य सङ्घर्षद्वारा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र लगायत जनवादी क्रान्तिका उपलब्धीहरूको रक्षा गर्नु र आजसम्मका उपलब्धीहरूको जगमा टेकेर समाजवादको दिशामा अगाडि बढ्नु यतिबेलाको हाम्रो मुख्य राजनीतिक कार्यभार हो ।

अहिलेको हाम्रो अर्को एउटा महत्वपूर्ण राजनीतिक कार्यभार मुलुकमा राजनीतिक स्थिरता कायम गर्नु र सहमति एवम् सहकार्यको आधारमा सरकार सञ्चालन गरी आम जनतालाई सेवा प्रदान गर्दै विकास निर्माणका अभियान सञ्चालन गर्न पहल गर्नु हो ।

संविधानको कार्यान्वयन, सङ्घीताको सवलीकरण र राजनीतिक क्षेत्रमा देखिएका विभिन्न समस्याहरूको समाधानका निम्ति उपयुक्त निकासको खोजी गर्नु राजनीतिक कार्यभारका अन्य पक्ष हुन् ।

### २२.३. साङ्गठनात्मक कार्यभार

हामीले नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने उद्देश्यले विद्रोह गरेका थियौं । यही नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने कार्य नै अहिलेको हाम्रो मुख्य सङ्गठनात्मक कार्यभार हो । आज मुलुकलाई समाजको अग्रगतिका निम्ति अभियान सञ्चालन गर्ने पार्टी चाहिएको छ । व्यक्तिका इच्छा आकाङ्क्षामा चल्ने होइन विचारका आधारमा चल्ने अर्थात व्यक्तिवादी होइन विचारवादी पार्टी चाहिएको छ । भ्रष्टाचार, कुशासन, कमिशनतन्त्र, नातावाद, कृपावाद र उपभोक्तावादजस्ता विकृति र विसङ्गतिहरूका विरुद्ध सङ्घर्ष गर्ने पार्टी चाहिएको छ । समाजमा विद्यमान विभिन्न प्रकारका विभेद, कुरीति र कुसंस्कारहरूका विरुद्ध सङ्घर्ष गर्ने पार्टी चाहिएको छ । समाजलाई पूँजीवादबाट समाजवादको दिशामा अगाडि बढाउने पार्टी चाहिएको छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) यिनै आवश्यकता पुरागर्ने पार्टी हुनुपर्दछ, हुनेछ ।

अहिले कम्युनिष्ट पार्टीहरूमा सिद्धान्तहीनता र विधि-पद्धतिहीनता पलाएको छ । सामूहिक नेतृत्व प्रणाली भत्किएको छ । व्यक्तिवाद र आत्मकेन्द्रित चिन्तनले घर गरेको छ । गुटबन्दी र स्वच्छन्दता महामारीको रूपमा फैलिएको छ । शक्तिको दुरूपयोग गर्ने प्रवृत्ति हुर्किएको छ । आर्थिक र नैतिक आचरणमा गम्भीर स्खलन देखापरेको छ । सिद्धान्त र व्यवहारबिच ठूलो खाडल छ । यी सबै गलत प्रवृत्तिका विरुद्ध सङ्घर्ष गर्दै सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्नु आजको चुनौतिपूर्ण आवश्यकता हो । यस आवश्यकताको पूर्ति हाम्रो पार्टीले गर्नुपर्दछ । त्यसैले पुनर्गठन र रूपान्तरण सङ्गठनात्मक, विचारधारात्मक, व्यवस्थापन, कार्यशैली, जीवनशैली, आचरण सबैमा गर्नु आवश्यक छ । यो नै आजको हाम्रो सङ्गठनात्मक कार्यभारको चुरो कुरा हो । यो नेपाली कम्युनिष्ट आन्दोलनमा भित्रिएका अनेकन विकृति र विसङ्गतिका विरुद्ध मात्रै होइन आफैभित्रका नकारात्मक पक्षका विरुद्ध समेत लामो समय कठोर सङ्घर्ष चलाएर पूरा गर्नुपर्ने कार्य हो । त्यसका निम्ति निम्न कार्य गरिनेछ :

**क. क्रान्तिकारी दृष्टिकोणयुक्त सङ्गठन निर्माण :** एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दृष्टिकोण भएको हुनुपर्दछ । मार्क्सवाद-लेनिनवादलाई मुलुकको वस्तुगत परिस्थिति र समाज विकासको स्तर अनुरूप रचनात्मक ढङ्गले लागु गर्ने हुनुपर्दछ । मुलुकको सार्वभौमसत्ता आम जनतामा निहित छ भन्ने कुरा आत्मसात गरी जनादेश अनुरूप चल्ने हुनुपर्दछ । आफुले अँगालेका सिद्धान्त अनुसार व्यवहार गर्ने हुनुपर्दछ । राज्य सञ्चालन गर्दा पनि विधि पद्धति अनुसार चल्ने र चलाउने हुनुपर्दछ । एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीमा हुनुपर्ने यी मुख्य गुण आज नेपालका धेरै कम्युनिष्ट पार्टीमा छैनन् । हामीले नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने भनिरहँदा उपर्युक्त सबै गुण भएको पार्टी

बनाउने कुरा नै गरेका हौं । यो नै आजको हाम्रो सबैभन्दा महत्वपूर्ण सङ्गठनात्मक कार्यभार हो । यो कार्यभार बहन गर्ने कार्यको थालनी हामीले गरेका छौं । त्यसलाई पुरा गर्नको निम्ति व्यवस्थित र सशक्त ढङ्गले लाग्नुपर्ने आवश्यकता छ, लागिनेछ ।

ख. **श्रमजीवी वर्गआधारित सङ्गठन निर्माण :** कम्युनिष्ट आन्दोलन श्रमजीवी वर्ग पक्षधर आन्दोलन हो । यस आन्दोलनको जन्म नै समाजमा रहेका सबै विभेद र उत्पीडनहरूको अन्त्य गरी पूर्ण मानवीय स्वतन्त्रता र समानतायुक्त समाज स्थापना गर्ने उद्देश्यले भएको हो । त्यसैले यस आन्दोलनको अगुवाइ गर्ने कम्युनिष्ट पार्टी बुर्जुवा पार्टीहरूभन्दा फरक पहिचानको हुनुपर्दछ । त्यो श्रमजीवी वर्गीय दृष्टिकोण र श्रमजीवी वर्गीय धरातल भएको हुनुपर्दछ । बुर्जुवा वर्ग चरित्र भएका पार्टीहरूले राज्य, राजनीति र राजनीतिक सङ्गठनहरू सबै वर्गोपरि हुन्छन् भन्ने मान्यता राख्दछन् भने श्रमजीवी वर्ग चरित्रका पार्टीहरूले ती सबै वर्गपक्षधर हुन्छन् भन्ने मान्यता राख्दछन् । बर्जुवा राजनीतिक पार्टीहरू नेता प्रधान हुन्छन् भने श्रमजीवी वर्ग चरित्रका पार्टीहरू नीति प्रधान हुन्छन् । बर्जुवा पार्टीहरू मास सङ्गठनको रूपमा बनेका हुन्छन् भने श्रमजीवी वर्ग चरित्रका पार्टीहरू जन आधारित कार्यकर्ता सङ्गठनका रूपमा रहेका हुन्छन् । एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी श्रमजीवी वर्गमा आधारित र श्रमजीवी वर्गको पक्षमा निरन्तर काम गरिरहने हुनुपर्दछ तर आज कम्युनिष्ट पार्टीहरूको वर्गीय दृष्टिकोणमा बिचलन आएको छ र श्रमिक वर्गीय धरातल खस्किएको छ । पार्टीको क्रान्तिकारी चरित्र कायम राख्न यसको श्रमजीवी वर्गाधार कायम राख्नु पर्दछ । पार्टी कमिटीहरू जातीय र सामुदायिक हिसावले मात्र होइन वर्गीय हिसावले पनि समावेशी बनाउनु पर्दछ । त्यसैले श्रमजीवी वर्गमा आधारित सङ्गठन निर्माण गर्नु एउटा महत्वपूर्ण कार्यभार हो ।

ग. **क्रियाशील सङ्गठन निर्माण :** एउटा कम्युनिष्ट पार्टी हरदम क्रियाशील, सुव्यवस्थित, अनुशासित र चुस्त दुरुस्त हुनु पर्दछ । अहिले विद्यमान पार्टी कमिटी र जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनका कमिटीहरू एकदमै भद्दा छन् र क्रियाशील छैनन् । तिनीहरू सुव्यवस्थित र अनुशासित पनि छैनन । सबै पार्टी कमिटी र जनसङ्गठनका कमिटीहरूलाई क्रियाशील, सुव्यवस्थित, अनुशासित र चुस्त-दुरुस्त बनाउने अभियान चलाइनेछ ।

घ. **युवा समावेशी सङ्गठन निर्माण :** हाम्रा कमिटीहरू अरु हिसावले समावशी हुने गरेका भए पनि तिनीहरूमा युवाहरूको संख्या कम हुने गरेको छ । युवाहरूको समग्रमा राजनीतिप्रति वितृष्णा र विकर्षण छ भने हाम्रो पार्टीमा पनि आकर्षण कमै छ । केही युवाहरूलाई स्टण्टवाजी गर्ने, सडक र सामाजिक सञ्चालमा हल्लाखल्ला गर्ने नयाँ भनिएका दलहरूले आफ्नो पक्षमा तानेका छन् । हाम्रो पार्टीले युवाहरूलाई सही राजनीतिक दिशा दिनुपर्दछ । उनीहरूको राजनीतिक चेतना स्तर उठाउने र पार्टीमा युवा भर्तिलाई व्यापक बनाउन, पार्टीका हरेक कमिटीमा उल्लेख्य संख्यामा युवाहरूको सहभागिता सुनिश्चित गर्न र युवा नेतृत्व विकास गर्न योजनावद्ध रूपमा लाग्नुपर्दछ । यो यतिबेलाको अर्को एउटा महत्वपुर्ण कार्यभार हो ।

ङ. **प्रविधिमैत्री सङ्गठन निर्माण :** आजको युग विज्ञान प्रविधिको युग हो । त्यसकारण आजको पार्टी पनि प्रविधिमैत्रि पार्टी हुनु अपरिहार्य छ । पार्टीलाई समयानुकुल सूचना प्रविधि, विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्चालनसँग जोड्नु पर्दछ । पार्टीका अभिलेख, लेखा प्रणाली, पत्राचारलगायत हाम्रा सबै काममा आधुनिक प्रविधिको उपयोग गर्नुपर्दछ । यो पनि एउटा महत्वपुर्ण कार्यभार हो ।

च. **संस्थागत प्रणालीको पुनःस्थापना :** एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी विधानमा व्यवस्थित गरिएका विधि-पद्धतिको अक्षरशः पालन गर्दै संस्थागत ढङ्गले चल्ने हुनुपर्दछ । अहिले कम्युनिष्ट पार्टीहरूमा यो प्रणाली भत्किएको छ । भत्किएको संस्थागत प्रणालीलाई पुनःस्थापित गरिनेछ । सबै काम विधि-पद्धति अन्तर्गत रहेर संस्थागत ढङ्गले गरिनेछ ।

छ. **मापदण्ड र मूल्याङ्कन :** पार्टीमा जिम्मेवारी दिने स्पष्ट मापदण्ड र कामको मूल्याङ्कन गर्ने स्पष्ट वैज्ञानिक पद्धति निर्माण हुन नसकेकाले जिम्मेवारी प्रदान र कार्य मूल्याङ्कनमा अप्ठ्यारो पर्ने गरेको छ । पार्टी कामलाई अझै प्रभावकारी र अझै व्यवस्थित बनाउनका लागि जिम्मेवारी प्रदान गर्ने स्पष्ट मापदण्ड र कार्यमूल्याङ्कन गर्ने वैज्ञानिक पद्धति निर्माण गरी उक्त मापदण्ड र पद्धतिबाट मूल्याङ्न गरेर जिम्मेवारी प्रदान वा हेरफेर गर्ने कार्यप्रणाली स्थापित गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि एउटा व्यक्तिगत मूल्याङ्कन फारम तयार गरी प्रत्येक नेता तथा कार्यकर्ताले उक्त फारममा आफ्नो व्यक्तिगत कार्य

सम्पादन विवरण भरेर आफू सङ्गठित कमिटीमा नियमित रूपमा बुझाउने परिपाटी बसाल्नु पर्दछ । यो पनि एउटा महत्वपूर्ण कार्यभार हो ।

पार्टी जिम्मेवारी वा राजकीय जिम्मेवारी प्रदान गर्दा स्पष्ट मापदण्डका आधारमा गर्ने परिपाटी स्थापित गरिनेछ । प्रत्येक तहका निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार बन्ने स्पष्ट मापदण्ड तयार गरी सोही आधारमा उम्मेदवार बनाइनेछ । राजनीतिक तथा अन्य नियुक्तिहरू पनि निश्चित मापदण्ड र प्रणाली अपनाई योग्यतामा आधारित, व्यवस्थित र पारदर्शी बनाईने छ । व्यवस्थित मापदण्ड बनाई जननिर्वाचित पदाधिकारी र राजनीतिक तथा अन्य नियुक्ति प्राप्त गर्ने व्यक्तिहरूको कार्य प्रगति र प्रभावकारिता मूल्याङ्कन गरिनेछ । त्यस मूल्याङ्कनलाई निश्चित तहसम्म सार्वजनिक गरिने छ ।

### २२.४. प्रचारधारात्मक कार्यभार

राजनीतिक एवं साङ्गठनिक कार्य सञ्चालनका सन्दर्भमा प्रचार कार्यको ज्यादै ठुलो महत्व हुन्छ । यस महत्वपूर्ण कामलाई हामीले व्यवस्थित र प्रभावकारी रूपमा अगाडि बढाउन सकेका छैनौँ । आगामी दिनमा पचार कार्यलाई निम्नानुसार अगाडि बढाइनेछ :

क. केन्द्रीय तहमा निर्माण गरिएको पार्टीको वेभसाइट र न्युज पोर्टललाई अझै व्यवस्थित एवं व्यापक र प्रभावकारी बनाउने ।

ख. कलम न्युज डटकमलाई व्यापक र प्रभावकारी बनाउने । त्यसको लागि कलमका जिल्ला प्रतिनिधिहरूले ताजा समाचार पठाउने र पार्टी नेताहरूले लेख रचना दिएर सहयोग गर्ने ।

ग. पार्टीको मुखपत्र 'समाजवाद' नियमित रूपमा प्रकाशित गर्ने ।

घ. प्रदेश तथा स्थानीय कमिटीहरूले आफ्नो तहमा प्रचार विभाग गठन गरी प्रचारको ठोस योजना बनाएर प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ।

ङ. पार्टीका स्थानीय कमिटी र समाजवादी प्रेस सङ्गठनका कमिटीको सहभागितामा प्रचार प्रशिक्षण अभियान सञ्चालन गर्ने ।

च. सामाजिक सञ्जाल सञ्चालनको योजना बनाई कार्यान्वयन गर्ने ।

### २२.५. व्यवस्थापकीय कार्यभार

व्यवस्थापकीय काम पनि पार्टीको एउटा प्रमुख काम हो । खासगरी कार्यालय व्यवस्थापन, आर्थिक व्यवस्थापन, लेखा व्यवस्थापन र अभिलेख व्यवस्थापन राम्रो हुनुपर्दछ । व्यवस्थापनका आधुनिक वैज्ञानिक विधि अपनाएर व्यवस्थापन कार्य गर्नुपने छ । त्यसका निम्ति निम्न काम गरिनेछ :

**क. कार्यालय व्यवस्थापन :** कार्यालय सम्पूर्ण पार्टी कामको केन्द्र हो । त्यो जनताले पार्टीसँग सम्पर्क गर्ने सम्पर्कस्थल पनि हो । त्यसैले कार्यालय व्यवस्थापनको ठूलो महत्व छ । पार्टी कामलाई व्यवस्थित गर्नका निम्ति जहाँ पार्टी कमिटी छ त्यहाँ पार्टी कार्यालय हुनै पर्दछ । केन्द्र, प्रदेश र जिल्लामा नियमित रूपमा खोल्ने व्यवस्थित कार्यालय हुनुपर्दछ । भवन लिएर कार्यालय सञ्चालन गर्न सकिने अवस्था नभएको स्थानीय तहमा कमिटि प्रमुख वा कुनै सदस्यको घरमा भए पनि पार्टी कार्यालय सञ्चालन गर्नुपर्दछ ।

**ख. आर्थिक व्यवस्थापन :** आर्थिक व्यवस्थापन पार्टी कामको अर्को एउटा महत्वपूर्ण पक्ष हो । आर्थिक व्यवस्थापन हुन सकेन भने कुनै पनि काम हुन सक्तैन । त्यसैले हरेक पार्टी कमिटिले आफ्नै आर्थिक कोष निर्माण गर्नुपर्दछ । आर्थिक परिचालन र व्यवस्थापनको स्पष्ट योजना बनाएर चल्ने प्रणाली स्थापित गर्नुपर्दछ । वार्षिक योजनासहितको बजेट तयार गरी कमिटीको बैठकबाट पारित गर्नुपर्दछ । विशेष कार्यक्रम तथा अभियानको पनि बजेट निर्माण गरी खर्च गर्ने र कमिटीबाट अनुमोदन गर्नुपर्दछ ।

पार्टी कोष निर्माण गर्नका निम्ति पार्टी सदस्यहरूबाट लिइने सदस्यता शुल्क तथा लेवीका अतिरिक्त विभिन्न प्रकारका स्रोत र सहयोगदाताहरूको खोजी गर्नुपर्दछ । केन्द्रमा सङ्घीय सांसदहरूबाट उनीहरूले पाउने पारिश्रमिकको निश्चित प्रतिशत रकम लेवीको रूपमा पार्टीले लिने गरिएको छ । यसरी नै प्रदेश कमिटीले प्रदेश सभाका सदस्यसँग र जिल्ला कमिटिले स्थानीय तहमा गएका पार्टी सदस्यहरूसँग लेवी

लिनुपर्दछ । विभिन्न राजनीतिक नियुक्तिमा गएका व्यक्तिहरूसँग पनि लेवी लिनुपर्दछ । सांस्कृतिक कार्यक्रमलगायत विभिन्न प्रकारका रचनात्मक कार्यहरू गरेर पनि आर्थिक सङ्कलन गर्न सकिन्छ, गर्नुपर्दछ ।

**ग. लेखा व्यवस्थापन :** लेखा व्यवस्थापन पार्टी कामको अर्को एउटा महत्वपूर्ण पक्ष हो । आर्थिक पारदर्शिताको निम्ति वैज्ञानिक लेखा प्रणालीको अवलम्बन गरेर लेखा व्यवस्थापन अर्नु अपरिहार्य हुन्छ । आर्थिक विनियम बनाएर त्यसै अनुरूप लेखा राख्ने र नियमित रूपमा लेखा परीक्षण गर्ने, गराउने काम गर्नैपर्दछ ।

**घ. अभिलेख व्यवस्थापन** : अभिलेख व्यवस्थापन पार्टी निर्माण र परिचालनको अर्को एक महत्त्वपूर्ण काम हो । हाम्रो अभिलेख प्रणाली जति व्यवस्थित हुनुपर्ने हो थ्यति हुन सकेको छैन । पार्टी निर्माण र परिचालन गर्ने तर अभिलेख व्यवस्थित नगर्ने हो भने गरिएका कामको लेखाजोखा नै हुँदैन । प्रदेश तथा स्थानीय कमिटीहरूबाट केन्द्रमा आउनुपर्ने कार्य प्रगति प्रतिवेदनहरू नियमित रूपमा नआएकाले केन्द्रीय अभिलेख नै राम्ररी व्यवस्थित हुन सकेको छैन । हरेक कमिटीले आफ्नो तहको अभिलेख व्यवस्थित गर्ने र माथिल्लो कमिटीमा नियमित रूपमा रिपोर्टहरू पठाउने काम गर्नुपर्दछ ।

## २२.६. कार्यशैलीमा सुधार

कम्युनिष्ट पार्टीको निर्माण र सञ्चालनमा कार्यशैलीको ज्यादै ठुलो महत्त्व छ । कार्यशैलीको सवाल पार्टीको निर्माण र सञ्चालन कसरी गर्ने भन्ने सवाल हो । यस सन्दर्भमा सबैभन्दा मुख्य प्रश्न पार्टीको निर्माण र सञ्चालन व्यक्तिगत ढङ्गले गर्ने कि संस्थागत ढङ्गले गर्ने भन्ने हो । कम्युनिष्ट पार्टी निर्माणको एउटा मान्यता 'कम्युनिष्ट पार्टी नेता प्रधान होइन नीति प्रधान हुन्छ' भन्ने हो भने अर्को मान्यता 'कम्युनिष्ट पार्टीमा व्यक्ति प्रधान होइन संस्था प्रधान हुन्छ' भन्ने हो । आम मान्यता यो छ कि कम्युनिष्ट पार्टी कमिटी प्रणालीमा चल्ने पार्टी हो, संस्थागत ढङ्गले चल्ने पार्टी हो । पार्टी विधि, पद्धतिका आधारमा संस्थागत ढङ्गले चलेन भनेर विद्रोह गरेका हामी व्यक्तिवादी ढङ्गले चल्न सक्छौं ? यसमा कतै कमी कम्जोरी भएको छ भने पनि आगामी दिनमा त्यस्तो हुन दिइने छैन ।

कार्यशैलीको अर्को पक्ष पार्टीका नेता तथा कार्यकर्ताको आचरण, व्यवहार र जीवनशैलीको पक्ष हो । कम्युनिष्ट पार्टी श्रमजीवी वर्ग अर्थात् मजदुर-किसान वर्गको हितमा काम गर्ने पार्टी हो । यो पार्टी श्रमजीवी वर्ग चरित्रको हुनुपर्दछ र यस पार्टीका नेता तथा कार्यकर्ताको आचरण, व्यवहार र जीवनशैली जनपक्षीय हुनु पर्दछ । हामीले हाम्रो कार्य शैलीमा सुधार गर्नै पर्दछ । यो पनि हाम्रो एउटा महत्वपूर्ण कार्यभार हो । त्यसका लागि निम्न कार्य गर्नुपर्दछ :

क. पार्टीको विधि र पद्धतिलाई कडाइका साथ लागूगर्ने ।

ख. पार्टीलाई सम्पूर्ण रूपमा संस्थागत ढङ्गले सञ्चालन गर्ने ।

ग. व्यक्तिवादी कार्यशैली अवलम्बन नगर्ने ।

घ. श्रमजीवी वर्गीय आचरण प्रष्ट देखिने गरी व्यवहार गर्ने ।

ङ. सादा जीवन र उच्च विचारको जीवनशैली अवलम्बन गर्ने ।

च. पार्टीले अँगालेको सिद्धान्त अनुरूपको व्यवहार गर्ने ।

## २२.७. वर्ग चेतना र वर्ग सङ्घर्ष उठान

कम्युनिष्ट आन्दोलन श्रमजीवी वर्गीय आन्दोलन हो । वर्गीय समाजमा वर्ग सङ्घर्ष नै समाजलाई गति दिने माध्यम हो । समाजमा वर्ग रहेसम्म वर्ग सङ्घर्ष चलिरहन्छ तर यसका रूपहरू परिस्थिति सापेक्ष हुन्छन् । नेपाली समाजमा वर्गीय शोषण उत्पीडन कायमै छ । त्यसका विरुद्ध वर्ग चेतना जागृत गर्नुपर्ने र विभिन्न प्रकारका वर्ग सङ्घर्ष उठान गर्नुपर्ने आवश्यकता छ । वर्ग चेतना र वर्ग सङ्घर्ष सशक्त नबनाई कम्युनिष्ट आन्दोलन बलियो हुन सक्तैन । यस कुरामा पार्टीले सबभन्दा बढी ध्यान पुऱ्याउनु पर्दछ । समाजमा रहेका विभिन्न खाले अन्तर्विरोधहरूको पहिचान गर्ने र ती अन्तर्विरोधहरूको समाधान गर्न पहल गर्ने काम पनि कम्युनिष्ट पार्टीको हो । त्यसलाई समेत ध्यानमा राखेर हाम्रो पार्टीले काम गर्नु पर्दछ, गर्नेछ ।

मार्क्सवादी राजनीतिक दर्शन आम जनतालाई राजनीतिक अधिकार मात्र होइन आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि हुनुपर्दछ र केवल स्वतन्त्रता मात्र होइन समानता पनि चाहिन्छ भन्ने हो । हामी नेपालीहरूले निकै लामो र कष्टसाध्य सङ्घर्ष गरेर राजनीतिक अधिकार त प्राप्त गरेका छौँ तर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार भने अझै पूर्ण रूपमा प्राप्त भइसकेका छैनन् । स्वतन्त्रता त हामीले प्राप्त गरेका छौँ तर समानता प्राप्त गरेका छैनौँ । कम्युनिष्ट पार्टीका यी लक्ष्य प्राप्त गर्नका लागि पनि हामीले मेहनतपूर्वक काम गर्नुपर्ने आवश्यकता छ ।

अहिले हाम्रो मुलुकमा एकातर्फ राष्ट्रिय आय र संम्पतिको अत्यधिक ठूलो हिस्सा मुट्ठिभर दलाल पुँजीपतिको हातमा केन्द्रित हुँदै गएको छ भने अर्कोतर्फ गरिवीको रेखामुनी रहेका जनताको पङ्क्ति विस्तार हुँदै गएको छ । आम जनतामा दलाल पुँजीवादी शोषण, दमन र उत्पीडन बढ्दै गएको छ । किसान समुदायमाथि समेत वित्तीय शोषण र श्रमको शोषण बढेको छ । मिटर व्याजीहरूबाटे किसानहरू बेघरबार बनाइएका छन् । समाजमा वर्गीय शोषण उत्पीडनका अतिरिक्त लैङ्गिक, जातीय, भाषिक र सांस्कृतिक विभेदहरू समेत बढिरहेका छन् । मुलुकमा बाह्य हस्तक्षेप, खासगरी साम्राज्यवादी तथा प्रभुत्ववादी शक्तिहरूको हस्तक्षेप पनि बढेर गएको छ । यस्तो अवस्थामा हामीले जनतालाई सचेत पारेर वर्ग चेतनाका साथ तपसिलका विषयमा विभिन्न प्रकारका सङ्घर्ष उठाउनु पर्दछ :

क. दलाल पुँजीवादी शोषण, दमन र उत्पीडन तथा वित्तीय शोषण ।

ख. मिटर ब्याज, ठगी, तस्करी, कालाबजारी ।

ग. सहकारीको रकम हिनमिना, अपचलन र विभिन्न प्रकारका भ्रष्टचार ।

घ. महिलाहरूमाथि भइरहेका विभेदकारी व्यवहार तथा मानसिक र भौतिक हिंसा ।

ङ. दलितमाथि भइरहेका विभेद, भेदभाव, छुवाछुतजन्य व्यवहार र अत्याचार ।

च. जाति, भाषा, संस्कृति र आस्थाका आधारमा गरिने विभेद ।

छ. गरिब तथा सुकुम्बासी किसानहरूमाथि भइरहेका अन्याय, अत्याचार ।

ज. शिक्षा र स्वास्थ्य क्षेत्रका विकृती र विसङ्गति ।

झ. राष्ट्रियता माथिभइरहेका हस्तक्षेप, अतिक्रमण र नियन्त्रण ।

## २२.८. उत्पादन वृद्धि अभियान

राजनीतिक क्षेत्रमा आएको परिवर्तन अनुरूप आर्थिक सामाजिक क्षेत्रमा परिवर्तन नहुँदा व्यवस्था बदलिए पनि श्रमजीवी जनताको अबस्था बदलिएन भन्ने आम बुझाइ छ । हाम्रो पार्टी मुलुकमा व्याप्त वित्तीय तथा दलाल-नोकरशाही पूँजीवादी शोषण दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध सङ्घर्ष गर्दै स्वाधिन राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माणको अभियान सञ्चालन गर्नु र सामन्तवादको अवशेषका रूपमा रहेका आर्थिक शोषण, कुरीति, कुसंस्कार, अन्धविश्वास र रुढीवादको समूल अन्त्यका निम्ति आर्थिक-सामाजिक-साँस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । यो हाम्रो पार्टीको मूल आर्थिक नीति हो । यो नीति कार्यान्वयन गर्न निरन्तर पहल गर्नु पनि हाम्रो एउटा मुख्य कार्यभार हो । यो कार्यभार पूरा गर्न व्यापक रूपमा उत्पादन वृद्धि गर्नुपर्ने हुन्छ । हाम्रो पार्टी पङ्क्तिलाई उत्पादन कार्यसँग जोड्नुपर्ने हुन्छ । निश्चित सङ्ख्याका पूर्णकालिन नेता तथा कार्यकर्ताहरूबाहेक सबै पार्टी सदस्यलाई उत्पादन कार्यमा अनिवार्य रूपले जोड्ने नीति अवलम्वन गरिनेछ । पार्टीले **‘उत्पादन वृद्धि घरघरमा समृद्धि’** भन्ने नाराका साथ उत्पादन वृद्धि अभियान सञ्चालन गर्नेछ ।

## २२.९. रोजगारी सिर्जना अभियान

मुलुकको युवा जनशक्तिको ठूलो सङ्ख्या देशभित्र रोजगारीको उपयुक्त अवसर नपाएर विदेश पलायन भैरहेको छ । त्यस युवा जनशक्तिलाई देशभित्रै रहेर विकास अभियानमा सरिक हुने वातावरण सिर्जना गर्नु आवश्यक छ । धेरैभन्दा धेरै रोजगारीका अवसर सिर्जना गरेर मात्र त्यो आवश्यकता पूरागर्न सकिन्छ । रोजगारीका अवसर सिर्जना गर्न मुलुकमा ठूलठूला परियोजनाहरू सञ्चालन गर्नु आवश्यक छ । कृषिको आधुनिकीकरण,

व्यवसायीकरण र बजारीकरण तथा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग धन्दाको स्थापना गर्नु आवश्यक छ। व्यापक रूपमा उत्पादनमूलक सहकारी अभियान चलाउनु र स्वरोजगार सिर्जनाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । प्रबासमा रहेका नेपालीहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई राष्ट्रिय विकासको अभियानमा परिचालन गर्ने वातावरण निर्माण गर्नुपर्दछ । त्यसका निम्ति हाम्रो पार्टीले **'उद्यमशीलताको विकास युवा पलायनको निकास'** र **'कृषिमा रोजगारी अन्नका भकारी'** आदि नाराका साथ उत्पादन वृद्धि र रोजगारी सिर्जना अभियान सञ्चालन गर्नुपर्दछ।

### २२.१०. विभेद विरुद्ध अभियान

हाम्रो समाजमा अहिले पनि वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक, क्षेत्रियलगायत विभिन्न प्रकारका विभेद कायमै छन्। समाजमा विद्यमान उपर्युक्त विभेद, असमानता, अन्धविश्वास र रुढिवादी संस्कार एवम् संस्कृतिजस्ता विकृति र विसङ्गतिको अन्त्यका लागि गर्नुपर्ने सामाजिक-सांस्कृतिक रूपान्तरणका काम अगाडि बढेका छैनन्। समाजमा रहेका सबैखाले विभेद र असमानताहरूको अन्त्य गर्ने अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता छ। हाम्रो पार्टी त्यस अभियानको अगुवा बन्नु पर्दछ।

अहिले पनि महिला हिंसा र दलितहरूसँग गरिने छुवाछुतजन्य व्यवहार असह्य छ। यस प्रकारका अमानवीय व्यवहारको अन्त्यका निम्ति सशक्त अभियान चलाउनु आवश्यक छ। जातीय विभेद, छुवाछुतजन्य व्यवहार, महिला हिंसाजस्ता कुकृत्यका विरुद्ध पार्टीले सशक्त रूपमा अभियान चलाउनेछ । समाजमा व्याप्त अन्धविश्वास, कुरीति र कुसंस्कारलाई हटाउन सामाजिक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ। सन्देशमूलक नाटक, गीत, कविताजस्ता साहित्यको माध्यमबाट पनि अन्धविश्वास, कुरीति र विकृति विसङ्गतिका विरुद्ध अभियान चलाइने छ।

### २२.११. भ्रष्टाचार विरुद्ध अभियान

मुलुकमा व्याप्त भ्रष्टाचार, कमिसनतन्त्र, अराजकता, ढिलासुस्ती, दलाली, नातावाद, कृपावाद, राजनीतिक पदहरूको खरिद बिक्री आदि कारणले आम रूपमा राजनीतिप्रति वितृष्णा र विकर्षण पैदा भएको छ। यो वितृष्णा र विकर्षणलाई हटाएर राजनीतिलाई शुद्ध पार्नका निम्ति भ्रष्टाचार, कुशासन, दलाली, कमिशनतन्त्र, नातावाद, कृपावाद आदि गलत कार्यका विरुद्ध राजनीतिक जागरण अभियान सञ्चालन गर्नु आवश्यक छ। अहिले मुलुकको न्याय क्षेत्र समेत अस्तव्यस्त छ। न्याय क्षेत्रमा सुधारको कार्य प्रभावकारी ढङ्गले अगाडि बढ्न सकेको छैन। देशको सचेत युवा पङ्क्तिलाई संलग्न गराएर राजनीतिक सचेतना र शुद्धिकरण अभियान सञ्चालन गरिने छ। त्यस अभियानले देशको दुषित राजनीतिक वातावरणलाई शुद्ध पार्नका निम्ति र हाम्रा आफ्नै गलत आचार व्यवहारलाई शुद्ध पार्नका निम्ति समेत योगदान गर्नेछ। हामी भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, अपारदर्शीता र सङ्कीर्णताको सख्त विरोधी छौं र नियमितता, सुशासन, शान्ति सुव्यवस्था, पारदर्शीता, चुस्तदुरुस्तता र दूरदृष्टि आदिप्रति पूर्ण प्रतिबद्ध छौं। यो प्रतिबद्धतालाई व्यवहारमा उतार्न हामी पूर्ण इमानदारिताका साथ लागिपर्ने छौं।

### २२.१२. संसदीय सङ्घर्ष

हामी अहिले सङ्घीय संसदका दुबै सभा र प्रदेश सभाहरूमा समेत उपस्थित छौं अर्थात् हामी संसदीय मोर्चामा पनि छौं। यो मोर्चा पार्टी कामको एउटा महत्वपूर्ण क्षेत्र हो। यस मोर्चालाई हामीले राम्रोसँग उपयोग गर्नु पर्दछ। यस मोर्चाबाट हामीले राष्ट्रियता, लोकतन्त्र र जन सरोकारका विषयहरूलाई सशक्त ढङ्गले अगाडि बढाउनु पर्दछ । हामी अहिले सरकारमा पनि छौं । हामीले सरकारमा रहँदा त्यहाँबाट राट्रियता, लोकतन्त्र र जनजीविकाको पक्षमा प्रभावकारी ढङ्गले काम गर्ने र सरकारभन्दा बाहिर रहँदा तिनै विषयमा संसद र सडक दुबै ठाउँबाट सशक्त रूपमा आवाज उठाउने गरी अगाडि बढ्नुपर्दछ। हामी विभिन्न स्थानीय तहमा पनि छौं। अहिलेका स्थानीय तह स्थानीय सरकार हुन्। हामीले जहाँ स्थानीय सरकारको नेतृत्व प्राप्त गरेका छौं त्यहाँ समाजवादका आधार निर्माण गर्ने गरी जनताको पक्षमा काम गरेर नमुना प्रस्तुत गर्नुपर्दछ भने हामी निर्वाचित नभएका स्थानीय तहका हाम्रा पार्टी कमिटीहरूले सम्बन्धित स्थानीय तहको छायाँ सरकारका रूपमा काम गर्नु पर्दछ।

## २२.१३. वाम एकता र मोर्चा

वर्तमान नेपाली समाजमा आमूल परिवर्तन गरेर समाजवाद निर्माण गर्नका निम्ति एउटा बलियो कम्युनिष्ट शक्तिको आश्यकता छ । अहिले विभाजित अवस्थामा रहेको नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध नगरी त्यो बलियो कम्युनिष्ट शक्ति निर्माण हुन सक्तैन । यही मर्मलाई आत्मसात् गरेर हामीले पार्टी पुनर्गठन अभियान सुरुगर्दा नै नेपालको वाम आन्दोलनलाई एकताबद्ध बनाउनु पर्ने अवधारणा अगाडि सारेका थियौँ र केन्द्रीय कमिटीको प्रथम बैठक (२०७८ असोज ५-७) बाट पारित राजनीतिक प्रस्तावमा "वामपन्थी शक्तिहरूबिच सहकार्यको भावना विकास गर्नु र मोर्चा बनाएर काम गर्दै गई पार्टी एकताका आधारहरू निर्माण गर्नु पनि आजको एउटा महत्वपूर्ण राजनीतिक कार्यभार हो" भनेर उल्लेख गरेका थियौँ । यो कार्यभार वहन गर्नुपर्ने दायित्व आज पनि हाम्रो काँधमा छ ।

हामीले सुरुदेखि नै क्रान्तिकारी कम्युनिष्टहरू, खासगरी समाजवादी कार्यदिशा अँगालेका कम्युनिष्ट घटकहरूबिच एकता हुनुपर्ने कुरामा जोड दिंदै आएका छौँ । केही साना घटकहरूलाई पार्टीमा एकताबद्ध गरेका पनि छौँ । साथै नेकपा (माओवादी केन्द्र) र जसपालगायतका पार्टीहरूसँग एकता वार्ता पनि चलाएका थियौँ । यस दौरान व्यवहारबाट के स्पष्ट भयो भने अहिले तत्काल कम्युनिष्ट पार्टीहरूबिचको एकता वा वाम एकता सम्भव छैन । पार्टी एकता हुनका निम्ति पार्टीको नाम, मार्गदर्शक सिद्धान्त, सङ्गठनात्मक सिद्धान्त, कार्यक्रम र कार्यदिशाजस्ता मूलभूत विषयमा एकरूपता हुनु पर्दछ । यी मुख्य विषयमा एकरूपता र सहमति नभइकन पार्टी एकता हुन सक्तैन । कार्यगत एकता, मोर्चाबन्दी र सहकार्य भने तात्कालिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक मुद्दाहरूमा दृष्टिकोण मिल्नेहरूबिच गर्न सकिन्छ । त्यसैले अहिले पार्टी एकता होइन समाजवादी कार्यदिशा अँगालेका वामपन्थी पार्टीहरूको एउटा मोर्चा बनाएर सहकार्य गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्षमा हामी पुगेका हौँ ।

अहिले नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र), जसपा र क.विप्लव नेतृत्वको नेकपाको सहभागितामा समाजवादी मोर्चा, नेपाल बनेको छ । यो संयुक्त मोर्चा हो । संयुक्त मोर्चा क्रान्तिकारी आन्दोलन सञ्चालन गर्ने एउटा महत्वपूर्ण संरचना हो । संयुक्त मोर्चा विभिन्न प्रकारका हुन्छन् । अहिले बनाइएको समाजवादी मोर्चा समाजवादी कार्यदिशा अँगालेका वामपन्थी पार्टीहरूबिचको राजनीतिक संयुक्त मोर्चा हो । यस मोर्चाको मुख्य लक्ष्य र उद्देश्य 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै समाजवादको नेपाली बाटो तय गर्ने र समाजको अग्रगामी रूपान्तरणको कार्य अगाडि बढाउने' हो । यस उद्देश्य अनुरूप मोर्चालाई राम्रोसँग परिचालन गर्न सकियो भने समाजवादी क्रान्तिलाई अगाडि बढाउन केही न केही योगदान पुग्ने छ । यस समाजवादी मोर्चालाई सुदृढ र कृयाशील बनाई वामपन्थी शक्तिहरूबिच सहकार्यको विकास गर्नु र कम्युनिष्ट आन्दोलनको एकीकरणका आधारहरू निर्माण गर्नु अर्को एक महत्वपूर्ण कार्यभार हो । यो कार्यभार पूरा गर्न हाम्रो पार्टीले पहल गर्नु पर्दछ ।

अहिले हामी संसदभित्र रहेका विभिन्न राजनीतिक दलहरू सम्मिलित समिकरणमा पनि छौँ । यो समिकरण संयुक्त मोर्चा होइन, तात्कालिक राजनीतिक सहकार्य मात्र हो । यो समिकरण वर्तमान संसदको संरचना अनुसार सरकार निर्माण र सञ्चालनका निम्ति बनाइएको हो । यो दीर्घकालीन होइन तात्कालिक राजनीतिक सहकार्य मात्र हो । त्यसैले तात्कालिक राजनीतिक परिस्थिति बदलियो भने यस्तो तात्कालिक राजनीतिक समिकरण वा सहकार्य पनि बदलिन सक्छ ।

## २२.१४. आन्दोलनको समग्र समीक्षा

नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको ७५ वर्ष पुगेको छ । यस अवधिमा कम्युनिष्ट पार्टीको नेतृत्वमा अनकौं प्रकारका आन्दोलन भएका छन् । अनेकौं प्रकारका विचारहरू प्रस्तुत भएका छन् । आन्दोदनभित्र अनेकौं विद्रोह, विभाजन, एकता र पुनर्गठनको शृङ्खला नै छ । त्यो सवका वावजुद नेपाली कम्युनिष्ट आन्दोलन अनेकौं आरोह अवरोह तथा घुम्ती र मोड पार गर्दै जनवादी क्रान्ति सम्पन्न गरेर समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको छ । क्रान्तिको एउटा चरण पुरा भएको हुनाले उक्त सिङ्गो चरणको समग्र रूपमा समीक्षा गरेर शिक्षा लिनु आवश्यक छ । यो आन्दोलनको समग्र समीक्षा गर्ने कार्य पनि हाम्रो एउटा महत्वपूर्ण कार्यभार हो । यस कार्यभारलाई हामीले जिम्मेवारीपूर्वक वहन गर्नुपर्नेछ, गर्नेछौं । हाम्रो विद्रोहपछिका कामको समग्र समीक्षा पनि पछि कुनै उपयुक्त समयमा गर्नेछौं ।

**प्रिय कमरेडहरू,**

हामी पार्टी निर्माणको एउटा विशिष्ट अवस्थामा छौँ । हामीले विद्रोह गरेर पार्टी पुनर्गठन गरेको दुई वर्ष नौ महिना भएको छ । यस अवधिमा हामीले देशव्यापि रूपमा पार्टी र जन सङ्गठनका कमिटि निर्माण गरेका छौँ । स्थानीय तहको साथै प्रदेश सभा र प्रतिनिधि सभाका निर्वाचनमा सक्रिय सहभागी भएका छौँ । सङ्गठन सुदृढीकरण अभियानहरू सञ्चालन गरेका छौँ । यस क्रममा अनेकौं महत्वपूर्ण अनुभव र शिक्षा हासिल गरेका छौँ । समाजवादी क्रान्तिको कार्यदिशा अँगालेर अगाडि बढ्ने क्रममा अहिले हामी सिद्धान्त र विचार निर्माणको एक महत्वपूर्ण मञ्च मानिने पार्टीको राष्ट्रिय महाधिवेशन सञ्चालन गर्ने विन्दुमा आइपुगेका छौँ । आउनुहोस्, खुला र खुलस्त भएर बहस छलफल गरौँ र नेपाली विशेषताको समाजवादी क्रान्ति र निर्माणका लागि सिद्धान्त, विचार र दृष्टिकोणका सवालहरूमा एकरूपता कायम गरी पार्टीलाई सैद्धान्तिक तथा वैचारिक जगमा एकतावद्ध गरौँ । पार्टीको दशौँ राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न गरौँ । क्रान्तिकारी अभिवादन सहित !

माधवकुमार नेपाल
अध्यक्ष

२०८१/१/१०